
चैत - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २८, अङ्क २३ | **२०७६, चैत १-१५** | पूर्णाङ्क ६६५


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री विकाश कुमार रजक
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | १२ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | ८ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | २ |
| जम्मा | ५७ |

| | |
|---|---|
| इजलास नं. १० | १ |
| इजलास नं. १२ | १ |
| इजलास नं. १३ | २ |
| जम्मा | ४ |

**कूल जम्मा ५७ + ४ = ६१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, चैत – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१** |
| १. | परमादेश | सरस्वतीदेवी वि. जिल्ला महोत्तरी हलखोरी गा.वि.स. कार्यालयसमेत | १ |
| **इजलास नं. १** | | | **१ – ३** |
| २. | उत्प्रेषण / परमादेश | गीता पाण्डेयसमेत वि. जिल्ला शिक्षा कार्यालय, परासी, नवलपरासीसमेत | १ |
| ३. | उत्प्रेषण | प्रज्वलध्वज थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २ |
| **इजलास नं. २** | | | **३ – १३** |
| ४. | उत्प्रेषण / परमादेश | भैरवप्रसाद रिजाल वि. स्थानीय विकास मन्त्रालय, पुल्चोकसमेत | ३ |
| ५. | जग्गा रैकर परिणत दर्ता नामसारी | कुमारप्रसाद तिमल्सिना वि. रामबहादुर श्रेष्ठसमेत | ४ |
| ६. | उत्प्रेषण / परमादेश | भैरवप्रसाद रिजाल वि. नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुरसमेत | ४ |
| ७. | जग्गा खिचोला मेटाई चलन चलाई पाउँ | पदमबहादुर नेपाली वि. अम्बरबहादुर थापामगर | ५ |
| ८. | जबरजस्ती करणी | स्याङ्गदोर्जे तामाङ वि. नेपाल सरकार | ६ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुखराम चौधरीसमेत | ७ |
| १०. | कर्तव्य ज्यान | वीरबहादुर तामाङ वि. नेपाल सरकार | ८ |
| ११. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | बसन्तलाल यादव वि. नेपाल सरकार | १० |
| १२. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | शान्तिकुमारी गुप्ता वि. नेपाल सरकार | १० |
| १३. | नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | कोकिला ओली वि. नेपाल सरकार | ११ |

| | | | |
|---|---|---|---|
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पीमा डाँगी | १२ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेशसिंह बोहोरासमेत | १२ |
| **इजलास नं. ३** | | | **१३ – १६** |
| १६. | उत्प्रेषण | उमेशकुमार चौधरी वि. पुनरावेदन अदालत, बुटवलसमेत | १३ |
| १७. | उत्प्रेषण | श्रवणकुमार राउतसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | १४ |
| १८. | निषेधाज्ञा / परमादेश | रमेशप्रसाद मैनाली वि. नारायण देव डाँगी | १४ |
| १९. | परमादेश | रमिलादेवी यादव वि. जिल्ला प्रहरी कार्यालय, रौतहट गौरसमेत | १५ |
| २०. | निषेधाज्ञा | अविन्द्र श्रेष्ठ वि. अमर केशर सिंह | १६ |
| **इजलास नं. ४** | | | **१६ – २३** |
| २१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गोलीमाया हायु मगर | १६ |
| २२. | उत्प्रेषण / परमादेश | बाबुकाजी प्रजापतीसमेत वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | १७ |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रत्नबहादुर रोकायासमेत | १८ |
| २४. | भ्रष्टाचार | रामकरण महतो वि. नेपाल सरकार | १९ |
| २५. | दूषित लिखत, निर्णय बदर गरी अंशबन्डा बमोजिमको जग्गा हाम्रो नाउँमा दर्ता कायम गरिपाऊँ | भूमिप्रसाद निरौला वि. गुनो राजवंशीसमेत | २१ |
| २६. | उत्प्रेषण / परमादेश | लक्ष्मण रिजाल वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | २२ |
| **इजलास नं. ५** | | | **२३ – ३२** |
| २७. | भ्रष्टाचार | नेपाल सरकार वि. लालबाबु रायसमेत | २३ |
| २८. | वैदेशिक रोजगार | नेपाल सरकार वि. संजिवकुमार साहसमेत | २५ |
| २९. | परमादेश | प्राचार्य सुजन माक वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत | २६ |
| ३०. | टण्टा खिचोला चलन | जोगी राय यादव वि. देवकी राय यादव | २७ |

| | | | |
|---|---|---|---|
| ३१. | जबरजस्ती करणी / हाडनाता करणी | नेपाल सरकार वि. मोतीराम लामिछाने | २८ |
| ३२. | उत्प्रेषण | मानबहादुर जि.सी. वि. दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीसमेत | २९ |
| ३३. | जोत नामसारी गरिपाउँ | जानुका देउजा वि. गौरीप्रसाद कुँवर | ३० |
| ३४. | अंश | हजरतअलि बागवान धोबी वि. मस्तान धोबीसमेत | ३१ |
| **इजलास नं. ६** | | | **३२ – ३७** |
| ३५. | उत्प्रेषण / परमादेश | रामनरेश पासी वि. जोगडा माध्यमिक विद्यालय, जोगडा रूपन्देहीसमेत | ३२ |
| ३६. | उत्प्रेषण / परमादेश | गोपाल रसायली वि. सहरी विकास मन्त्रालय, सिहदरबारसमेत | ३३ |
| ३७. | उत्प्रेषण / परमादेश | मदन लामा वि. भूमिसुधार कार्यालय, काठमाडौंसमेत | ३४ |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हुमबहादुर भुजेलसमेत | ३५ |

| | | | |
|---|---|---|---|
| ३९. | बन्दी प्रत्यक्षीकरण | पवित्रा कार्की के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ३६ |
| **इजलास नं. ७** | | | **३७ – ४५** |
| ४०. | जबरजस्ती करणी | बिक्की भन्ने बालकृष्ण रानामगर वि. नेपाल सरकार | ३७ |
| ४१. | कर्तव्य ज्यान | तेजबहादुर रोकायासमेत वि. नेपाल सरकार | ३८ |
| ४२. | लागु औषध (खैरो हिरोइन) | नेपाल सरकार वि. योगेन्द्र हमालसमेत | ३९ |
| ४३. | घर, पर्खाल, गेट हटाई, जग्गा खाली गराई, जग्गाको कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ | निता भगत वि. दिनेशकुमार साहसमेत | ४० |
| ४४. | उत्प्रेषण / परमादेश | सुशिल श्रेष्ठ वि. नेपाल बैंक लिमिटेड, कर्जा असुली विभाग प्र.का. काठमाडौंसमेत | ४१ |
| ४५. | सवारी अंगभंग | निरज सिखाकार वि. नेपाल सरकार | ४२ |
| ४६. | घर बहाल भराई घर खाली गराई पाऊँ | रामकाजी कायस्थ वि. लक्ष्मी कायस्थसमेत | ४३ |

| | | | |
|---|---|---|---|
| ४७. | उत्प्रेषण / परमादेश | सीताराम चौधरी वि. दाङ देउखुरी जिल्ला अदालत, घोराही दाङ | ४५ |
| **इजलास नं. ८** | | | ४५ – ४७ |
| ४८. | उत्प्रेषण | ध्रुवप्रसाद मैनाली वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | ४५ |
| ४९. | फैसला बदर | देवकी देवीसमेत वि. मुगालाल साह हलुवाईसमेत | ४६ |
| ५०. | कर्तव्य ज्यान | देधनसिंह लिम्बु वि. नेपाल सरकार | ४७ |
| **इजलास नं. ९** | | | ४८ |
| ५१. | क्षतिपूर्ति | सुपर लेमिकोट्स प्रा.लि. वि. शिव शंकर बिस्कुट ई.प्रा.लि. | ४८ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | ४८ – ४९ |
| ५२. | भ्रष्टाचार | नेपाल सरकार वि. विन्देश्वरप्रसाद गुप्ता | ४८ |
| **इजलास नं. १२** | | | ४९ – ५० |
| ५३. | बन्दी प्रत्क्षीकरण | विनोदकुमार वली वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ४९ |
| **इजलास नं. १३** | | | ५१ – ५२ |
| ५४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मनमाया दाहाल चौधरीसमेत | ५१ |
| ५५. | लागु औषध डाइजेपाम समेत | नेपाल सरकार वि. अमोल कोइराला | ५२ |

## संयुक्त इजलास

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** २०६९-CI-०२१२, परमादेश, *सरस्वतीदेवी वि. जिल्ला महोत्तरी हलखोरी गा.वि.स. कार्यालयसमेत*

विपक्षीको लिखित जवाफबाट निवेदिका सरस्वती देवीले सिफारिसको लागि माग गरेको जग्गाको विषयमा हकभोगसम्बन्धी विवाद भएको कारण सिफारिस दिन इन्कार गरेको भनी उल्लेख गरेको देखिन्छ । स्वयं निवेदिकाकै कथनसमेतबाट दाबीको जग्गाउपर निवेदिका र विपक्षी विन्देश्वर मिश्र भएको जग्गा खिचोला मुद्दा परी पुनरावेदन अदालत जनकपुरको अन्तिम फैसलाबमोजिम मिति २०६८।०६।२६ मा चलन पुर्जी पाई भोगचलन गरेको भन्ने उल्लेख भएको देखिने।

प्रस्तुत रिट निवेदनमा एकातर्फ दाबीको जग्गाउपर हकभोगसम्बन्धी विवाद रहेको भन्ने विपक्षीको लिखित जवाफ बेहोरालाई स्वयम् निवेदिकाले दाबीको जग्गाको सम्बन्धमा अदालतमा खिचोला मुद्दा चलेको भनी उल्लेख गरेबाट समर्थित एवं पुष्टि भएको देखिन्छ भने अर्कोतर्फ नेपालको संविधान लागू भई हाल देश संघीयतामा गएको र संविधानले विगतको भन्दा फरक स्वरूपको स्थानीय तहको गठन गरी स्थानीय शासन सञ्चालन हुँदै आएको परिप्रेक्ष्यमा हाल अस्तित्वमा रहेको स्थानीय तह वा पदाधिकारीका नाउँमा आदेश जारी गरिपाउँ भनी निवेदिकाले पूरक निवेदन दिने तत्परता देखाई विपक्षी कायम गराउन सकेको अवस्थासमेत पाइएन । यस्तो स्थितिमा हाल अस्तित्वमा नै नरहेको विपक्षी पदाधिकारी वा कार्यालयका नाममा निवेदन मागबमोजिमको आदेश जारी गर्नु औचित्यपूर्ण नहुने।

अतः निवेदिका सरस्वती देवीले दायर गरेका उल्लिखित जग्गा खिचोला मुद्दामा भएको फैसलाबाट नै निवेदिकाले कानूनबमोजिमको उपचार प्राप्त गर्न सक्ने नै हुँदा निवेदन खारेज गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।११।३० गते भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल आश्विन १० गते रोज ४ शुभम्।

## इजलास नं. १

### १

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०६९-WO-१२३४, उत्प्रेषण / परमादेश, एस.पि.वि. डिक्सन बोर्डिङ इङ्गलिस स्कुल प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त ऐ.का प्रतिनिधि गीता पाण्डेयसमेत वि. जिल्ला शिक्षा कार्यालय, परासी, नवलपरासीसमेत

निवेदकले शिक्षा विभाग विद्यालय व्यवस्थापन शाखा (माध्यमिक) सानो ठिमी भक्तपुरको मिति २०६८।९।२९ को पत्रको बुँदा नं. ७ बदर गर्न माग गरेको देखिन्छ। मिसिल संलग्न उक्त पत्रको कुरा बुँदा नं. ७ हेर्दा "संस्थागत विद्यालयहरूको हकमा नयाँ विद्यालय खोल्ने सम्बन्धमा विद्यालय नक्साङ्कनको आधारमा मात्रै शिक्षा नियमावली, २०५९ को नियम ५ बमोजिम अनुमति दिने प्रावधान रहेबमोजिम अर्को व्यवस्था नभएसम्मको लागि तत्काललाई अनुमति दिने कार्य रोक्का गर्न हुन ।" भनी निर्देशन दिएको देखिन्छ । शिक्षा विभाग नयाँ विद्यालय खोल्ने एवं विद्यालय सञ्चालन गर्ने विषयमा निर्देशन दिन सक्ने आधिकारिक निकाय भएको तथ्यमा विवाद नदेखिने।

त्यस्तै जिल्ला शिक्षा कार्यालय नवलपरासीले मिति २०६९।११।३० मा अनुमति नलिई सञ्चालन गरिएका विद्यालय बन्द गर्न र त्यहाँ पढ्दै आएका

विद्यार्थीलाई नजिकको विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्न भनी पत्राचार गरेको छ । शिक्षा ऐन, २०२८ को दफा ३ ले विद्यालय खोल्न अनुमति लिनुपर्ने व्यवस्था गरेको देखिँदा अनुमति नलिई विद्यालय खोल्न, विद्यार्थी भर्ना गरी कक्षा सञ्चालन गर्ने कार्य कानूनविपरीत भएको मान्नु पर्ने हुन्छ । निवेदकहरू प्राथमिक तहको विद्यालय सञ्चालन गर्नको लागि कानूनबमोजिम तोकिएको निकायबाट अनुमति लिई नसकेको कुरा स्वयं रिट निवेदनमा नै स्वीकार गरेको देखिन्छ । प्राथमिक तहको विद्यालय सञ्चालन गर्न अनुमतिको लागि जिल्ला शिक्षा कार्यालय नवलपरासीमा निवेदन दिए पनि अनुमति प्राप्त गर्न सकेको नदेखिने ।

निवेदकहरूले प्राथमिक तहको विद्यालय सञ्चालनको अनुमति प्राप्त गर्नको लागि हाल प्रक्रियारत रहेकोले शिक्षा विभागको मिति २०६९।९।२९ को पत्रको बुँदा नं. ७ र जिल्ला शिक्षा कार्यालयको मिति २०६९।११।३० को पत्र बदर गर्न र विद्यालय सञ्चालन गर्न माग गरेको देखिन्छ । तर सो पत्रहरूमा के कस्तो कानूनी त्रुटि रहेको छ भन्ने कुरा औंल्याउन सकेको देखिँदैन । जहाँसम्म प्राथमिक विद्यालय सञ्चालनको माग रहेको छ, कानूनले कुनै कार्य गर्न स्पष्ट रूपमा कुनै सर्त तोकेको छ भने त्यस्तो सर्त पूरा नै नगरी त्यस्तो कार्य गर्दा त्यसले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । निवेदकहरू कानूनबमोजिम प्राथमिक विद्यालयको अनुमति प्राप्त गर्न नसकेको हाल अनुमतिको लागि प्रक्रियारत रहेको कुरा निजहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायहरूले समेत बहसको क्रममा स्वीकार गरेको हुँदा प्राथमिक विद्यालय सञ्चालन गर्न पाउने निज निवेदकहरूको हक नै सिर्जना नभएको अवस्थामा कानूनबमोजिम अनुमति प्राप्त नगरेको विद्यालय सञ्चालन गर्न आदेश जारी हुन सक्ने अवस्था रहेको नदेखिने ।

तसर्थ, विवेचित आधार कारणबाट निवेदकहरू प्राथमिक विद्यालय खोल्न अनुमति प्राप्त नगरी विद्यालय सञ्चालन गरेको र अनुमतिको लागि हाल प्रक्रियारत रहेकोले प्रचलित कानूनको अधीनमा रही निवेदकको माग सम्बोधन हुन सक्ने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम् ।

**२**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०७३-WO-०५१८, उत्प्रेषण, प्रज्वलध्वज थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकहरू काठमाडौं विश्वविद्यालयले मिति २०७३।६।१५ मा सञ्चालन गरेको MBBS / BDS प्रवेश परीक्षा दिई मिति २०७३।६।१७ मा प्रकाशित प्रवेश परीक्षाको नतिजामा मेरिट लिस्टमा परेको तथ्यमा विवाद भएन । सो मेरिट लिस्टमा परेकामध्ये क्रमसंख्या १ देखि १२०० सम्मका विद्यार्थीहरूलाई ६ नोभेम्बर २०१६ सम्म भर्नाको लागि आवेदन दिन भनी सूचनासमेत प्रकाशन भएको देखिन्छ । सो सूचनाबमोजिम कलेजहरूमा भर्ना भए पनि केही सिट खाली रहेकोले मिति २०७३।६।१७ को मेरिट लिस्टमा परेका सबैलाई भर्नाको लागि आह्वान गर्दै मिति २०७३।८।१० मा सूचना निकालेको देखिन्छ । निवेदकहरूमध्ये प्रज्वलध्वज थापा मिति २०७३।६।१७ को मेरिट लिस्टको क्रम संख्या ४६७ मा रहेका छन् भने अर्का निवेदक सीताराम गुप्ता क्रमसंख्या १३३७ मा रहेका छन् । मेरिट लिस्टमा रहेका यी दुवैजना निवेदकहरूसमेतका लागि दुईपटक भर्नाको आवेदन दिनको लागि सूचना प्रकाशन हुँदा पनि निजहरूको भर्ना हुन सकेको देखिँदैन । निज निवेदकहरूले भर्नाको आवेदन दिएको र विश्वविद्यालय भर्ना नगरेको अवस्था हो भन्ने कुराको दाबी रिट

निवेदनमा लिन सकेका छैन। विश्वविद्यालयले भर्नाको आवेदन दिनको लागि सूचना निकालेको खण्डमा सम्बन्धित ठाउँमा गई आवेदन दिनुपर्ने कर्तव्य सो विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीको हुन जान्छ। आफ्नो हक अधिकार हनन भयो भनी दाबी गरी यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत प्रवेश गर्ने खोज्ने व्यक्तिले सो अधिकारको उपभोग गर्न आफूले निर्वाह गर्नुपर्ने दायित्व पनि निर्वाह गर्नु पर्ने हुन्छ। विश्वविद्यालयले दुई पटक भर्नाको लागि आवेदन दिने सम्बन्धमा सूचना निकालेपश्चात् सम्बन्धित निकायमा गई आवेदन दिनुपर्ने कर्तव्य निवेदकहरूले निर्वाह गर्न सकेको नदेखिने।

MBBS / BDS जस्ता चिकित्सा विज्ञानको अध्यापन गराउन शैक्षिक संस्थानको स्रोत साधनको खर्च पनि धेरै नै हुने भएकोले शैक्षिक संस्थानको क्षमताअनुसार तोकिएको सिट संख्या खाली रहन गएमा स्रोत साधन खेर जाने तथा अन्य विद्यार्थीहरूले अध्ययनको मौका नपाउने हुँदा खाली भएको सिट संख्यामा भर्ना गर्नको लागि काठमाडौं विश्वविद्यालयले मिति २०७३।८।२० मा पुनः प्रवेश परीक्षाको लागि सूचना प्रकाशन गरेको देखिन्छ। सो सूचनाले निवेदकहरूलाई भर्ना गर्न रोकेको होइन कि निजहरूको आफ्नै आकर्मण्यताको कारणले निजहरूको भर्ना हुन नसकेको तथ्य स्पष्ट भएको देखियो। यसका साथै उक्त मिति २०७३।८।२० को सूचनाबमोजिम प्रवेश परीक्षा सम्पन्न भई मेरिट लिस्टमा परेका विद्यार्थीहरूको भर्नासमेत भई अध्ययन अध्यापनसमेत प्रारम्भ भइसकेको हुँदा कानूनबमोजिम सूचना प्रकाशन गरी विद्यार्थीहरू भर्ना भई अध्ययन अध्यापन भइरहेको अवस्थामा सो सूचना बदर गर्दा भर्ना भएका विद्यार्थीहरूको हकमा आघात पुग्ने देखिने।

तसर्थ विवेचित आधार कारणबाट काठमाडौं विश्वविद्यालयले दुई पटकसम्म भर्नाको लागि आवेदन दिन सूचना प्रकाशन गर्दा पनि निवेदकहरू भर्ना गराउन नगएको र अब दोस्रो पटक प्रवेश परीक्षा लिई खाली रहेको सिटमा विद्यार्थीहरू भर्ना गरी अध्ययन अध्यापन प्रारम्भ भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम्।

## इजलास नं. २

### १

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०६६-WO-१२०९, उत्प्रेषण / परमादेश, *भैरवप्रसाद रिजाल वि. स्थानीय विकास मन्त्रालय, पुल्चोकसमेत*

निवेदकले लिएको ठेक्काको प्रकृति तोकिएको स्थानबाट कर संकलन गर्नेसम्मको भएकोमा विवाद देखिएन। तत्कालीन प्राकृतिक विपत्तिका रूपमा आएको कोशी बाढीले प्रत्यक्ष वा परोक्ष रूपमा दैनिकी एवं कारोबारमा तात्त्विक फरक पार्ने कुरा स्वाभाविक नै रहने कुरा भएपनि सो आधारमा निवेदकलाई असर पारेको प्रमाणित हुनेगरी निवेदकले कुनै आधार प्रमाण देखाउन सकेको नपाइने।

संघीयतामा मुलुक प्रवेश गरिसकेको सन्दर्भसमेतबाट विश्लेषण गरी हेर्दा तत्काल प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा ऐ. नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले गरेको विकेन्द्रीकरण तथा निक्षेपणको सिद्धान्त अनुशरण गरी स्वायत्तता प्रदान गरेबमोजिम स्थानीय निकायको राजस्व परामर्श समितिबाट निवेदकको मागउपर कोशी बाढीका कारण कवाडी मालसामानको सम्बन्धमा असर नपरेको र

मौकामा यी निवेदकले रसिदका ठेली तथा Audit Report समेत पेस नगरेसमेतको निर्णयाधार लिई निवेदकलाई छुट मिनाहा नदिने गरी गरेको मिति २०६६।१२।२२ निर्णय कानूनसम्मत नै देखिँदा अन्यथा भन्न नमिल्ने।

अतएव, निवेदक तथा विपक्षी प्रत्यर्थीबिच भएको कबुलियतनामा तथा सम्झौताका सर्तहरूबाट कवाडीको मालसमान संकलन केन्द्र तथा उत्पादन स्थलबाट कर संकलन गर्ने सम्मको सम्झौता देखिएको, तोकिएको उत्पादन स्थल तथा संकलन केन्द्रबाट मात्र कर उठाउने भनी स्पष्ट किटान गरेको, स्थानीय निकायमा रहेको सम्बन्धित राजस्व परामर्श समितिबाट कर छुट दिन इन्कार गरेको तथा करार (सम्झौता) का विषयहरूउपर छुट मिनाहा पाउँ भन्ने सुविधा मात्रको माग गरी अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत दायर गरेको मुद्दामा निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अशोककुमार क्षेत्री

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल कात्तिक २५ गते रोज १ शुभम्।

## २

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०६८-CI-१३९९, जग्गा रैकर परिणत दर्ता नामसारी, *कुमारप्रसाद तिमल्सिना वि. रामबहादुर श्रेष्ठसमेत*

मालपोत ऐन, २०३४ को दफा ७ ले मालपोत कार्यालयलाई प्रदान गरेको अधिकार तेरो मेरो प्रश्न उपस्थित भई प्रमाण बुझी निर्णय गर्नु पर्ने विषयमा नभई आफ्नै अड्डामा भएको लगत भिडाउँदा निर्विवाद रूपमा निरूपण हुने देखिएमा मात्र जग्गा दर्ता गर्ने वा नगर्ने सम्बन्धमा ठहर निर्णय गर्ने हो। तेरो मेरो प्रश्न उपस्थित भई प्रमाण बुझी निर्णय गर्नुपर्ने अवस्थामा मालपोत कार्यालयलाई यसरी निर्णय गर्ने अधिकार कानूनले प्रदान गरेको नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्थासमेतको आधारमा हक बेहकमा प्रश्न उठेको अवस्थामा सबुद प्रमाण बुझी निर्णय दिने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतलाई रहेको हुँदा हक बेहकमा निर्णय गराई ल्याउन हाजिर रहेका सबै पक्षहरूलाई सम्बन्धित अदालतमा पठाइदिनु पर्नेमा दाबीको जग्गामा तेरो मेरोको प्रश्न उठी त्रिपक्षीय दाबी परेको अवस्थामा सो जग्गा रैकर परिणत गरी दर्ताका लागि निवेदन दिने निवेदकहरूमध्ये कुमारप्रसाद तिमल्सिनाको नाममा रैकर परिणत दर्ता नामसारी हुने गरी भएको मालपोत कार्यालयको निर्णय बदर गरी हक बेहकतर्फ निर्णयको लागि काठमाडौं जिल्ला अदालतमा जानु भनी सुनाई दिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६८।८।२८ को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल फागुन ११ गते रोज ६ शुभम्।

## ३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०६६-WO-१२०९, उत्प्रेषण / परमादेश, *भैरवप्रसाद रिजाल वि. नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुरसमेत*

निवेदकले लिएको ठेक्काको प्रकृति तोकिएको स्थानबाट कर संकलन गर्नेसम्मको भएकोमा विवाद देखिएन। तत्कालीन प्राकृतिक विपत्तिका रूपमा आएको कोशी बाढीले प्रत्यक्ष वा परोक्ष रूपमा दैनिकी एवं कारोबारमा तात्त्विक फरक पार्ने कुरा स्वाभाविक नै रहने कुरा भएपनि सो आधारमा निवेदकलाई असर पारेको प्रमाणित हुने गरी निवेदकले कुनै आधार प्रमाण देखाउन सकेको नपाइने।

संघीयतामा मुलुक प्रवेश गरिसकेको सन्दर्भसमेतबाट विश्लेषण गरी हेर्दा तत्काल प्रचलित

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा ऐ. नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले गरेको विकेन्द्रीकरण तथा निक्षेपणको सिद्धान्त अनुशरण गरी स्वायत्तता प्रदान गरेबमोजिम स्थानीय निकायको राजस्व परामर्श समितिबाट निवेदकको मागउपर कोशी बाढीका कारण कवाडी मालसमानको सम्बन्धमा असर नपरेको र मौकामा निवेदकले रसिदका ठेली तथा Audit Report समेत पेस नगरेसमेतको निर्णयाधार लिई निवेदकलाई छुट मिनाहा नदिने गरी गरेको मिति २०६६।१२।२२ निर्णय कानूनसम्मत नै देखिँदा अन्यथा भन्न नमिल्ने।

अतएव, निवेदक तथा विपक्षी प्रत्यर्थीबिच भएको कबुलियतनामा तथा सम्झौताका सर्तहरूबाट कवाडीको मालसमान संकलन केन्द्र तथा उत्पादन स्थलबाट कर संकलन गर्नेसम्मको सम्झौता देखिएको, तोकिएको उत्पादन स्थल तथा संकलन केन्द्रबाट मात्र कर उठाउने भनी स्पष्ट किटान गरेको, स्थानीय निकायमा रहेको सम्बन्धित राजस्व परामर्श समितिबाट कर छुट दिन इन्कार गरेको तथा करार (सम्झौता) का विषयहरूउपर छुट मिनाहा पाउँ भन्ने सुविधा मात्रको माग गरी अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत दायर गरेको मुद्दामा निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अशोककुमार क्षेत्री
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल कात्तिक २५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०७१-CI-१४९९, जग्गा खिचोला मेटाई चलन चलाई पाउँ, *पदमबहादुर नेपाली वि. अम्बरबहादुर थापामगर*

पुनरावेदक प्रतिवादीले वादीसँग घरसारमा कागज गरेको भने तापनि सो लिखत रजिस्ट्रेसन पारित गरेको पाइँदैन। त्यसरी रजिस्ट्रेसन पारित गर्न सकिने अवस्था पनि छैन। उक्त कागज गर्ने टिके सुनारसँग यी प्रतिवादीकी पत्नी भूमिसरा नेपालीले घरसारमा कागज गर्दैमा यी वादीको हक जाने पनि देखिँदैन। रजिस्ट्रेसन पारित नभई कानूनी हैसियतप्राप्त नभएका घरसारमा भएका लिखतहरू रजिस्ट्रेसन पारित नभएसम्म कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था रहँदैन। कानूनी हैसियत प्राप्त नगरेका लिखतहरूको आधारमा प्रतिवादीले खरिद गरेको हो भनी भन्न मिल्ने अवस्था नदेखिने।

विपक्षीले जोत खन गरेकोले जग्गा खिचोला मेटाई पाउँ भनी फिराद परेको विषयलाई अदालत आफैँ वादी बनी नउठेको प्रश्न उठाई नेपाल सरकारको नाममा कायम गर्न मिल्ने देखिँदैन। वादी दाबीको जग्गा जफत गरी नेपाल सरकारको नाउँमा कायम गरिपाउँ भन्नलाई मुलुकी ऐन, अदालती बन्दोवस्तको १० नं. को अनुमति लिई कुनै तेस्रो व्यक्ति पनि अदालत प्रवेश गरेको अवस्था छैन। सुकुम्बासी समस्या समाधान आयोगको सर्तविपरीत वादीले कुनै कार्य गरेमा सोही निकायमा उजुर गरी सो सम्बन्धमा नेपाल सरकारले निर्णय गरेबमोजिम जग्गा जफत गर्न सक्ने व्यवस्था हो। कुनै व्यक्तिको हक स्वामित्वमा रहेको जग्गालाई दाबी विना नै नेपाल सरकारको नाममा कायम गर्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित विवेचित आधार कारण र प्रमाणहरूबाट जग्गा खिचोलाको प्रश्न समावेश भएको प्रस्तुत मुद्दामा सुरू अदालत आफैँले जग्गा जफतको प्रश्न उठाई जफत हुने र सार्वजनिक हितका लागि प्रयोग गर्न सक्ने गरी चलन चलाउन पाउनेसमेत ठहर गरेको फैसला जग्गाको स्वामित्व र भोगसम्बन्धी सिद्धान्तको प्रतिकूल देखिन आएकोले नवलपरासी जिल्ला अदालतको मिति २०७१।१।२२ को फैसला उल्टी भई वादीको नाममा दर्ता रहेको कि.नं १९३ को ज.वि. ०-३-० जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्छ

र सो जग्गा वादीले चलनसमेत चलाई पाउने ठहर्‍याई पुनरावेदन अदालत बुटवल, रूपन्देहीबाट मिति २०७१।१०।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : बासुदेव गिरी

इति संवत् २०७४ साल पौष २३ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-१२०९, जबरजस्ती करणी, *स्याङ्गदोर्जे तामाङ वि. नेपाल सरकार*

जाहेरी दरखास्त दिने पीडिताका बाबु रमेशकुमार फागोले जाहेरी दरखास्त दिँदा जबरजस्ती करणी गर्न खोजी करणी नगरी जबरजस्ती करणीको उद्योग गरेको भनी उल्लेख गरेको देखिन्छ। मौकामा कागज गर्ने पीडितले आफ्नो पिताको रोहवरमा कागज गर्दा यी प्रतिवादीले पीडितलाई घरभित्र लगी खाटमा सुताई कट्टु खोली आफ्नो सु गर्ने ठाउँमा प्रतिवादीले आफ्नो सु गर्ने तुरी दल्न लागेको र आफू कराउन लाग्दा प्रतिवादीले आफूले छाडा गरेको कुरा कसैलाई नभन्नु भनी आफैँले कट्टु लगाई दिई खेल्न जाउ भनी पठाएको भन्ने र प्रतिवादीले पनि जबरजस्ती करणी उद्योग गर्न लाग्दा पीडितको अलि अलि दुख्यो भनेकोले कसैलाई नभन्नु भनी रू. ५।– दिई फकाई पठाएको भन्नेसम्म उल्लेख गरेको देखिने।

जबरजस्ती करणी महलको ५ नं. मा जबरजस्ती करणी नभएको तर जबरजस्ती करणीको प्रयाससम्म गरेकोलाई जबरजस्ती करणीको उद्योग मानी जबरजस्ती करणीको सजायको आधा सजाय हुने व्यवस्था छ। प्रस्तुत मुद्दाको पीडिताले आफूलाई छाडा गरेको भनी कागज र बकपत्रसमेत गरेको, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणीको कुनै लक्षण नदेखिएको, साथै प्रतिवादीले पनि जबरजस्ती करणीको प्रयास गरेको तर जबरजस्ती करणी भने नगरेको भन्नेसमेतको मौकामा कागज गरेबाट जबरजस्ती करणीको अवस्था शंकारहित तवरले मिसिलबाट प्रमाणित हुन नसके तापनि उपर्युक्त प्रमाणहरूबाट जबरजस्ती करणीको उद्योग गरेको प्रमाणित हुन आउने।

जबरजस्ती करणीको उद्योग गरेको प्रमाणित हुन आएकोले पुनरावेदन अदालतको मिति २०६७।७।१६ मा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (१) नं. बमोजिम १० वर्ष कैदको सजायमा १४ वर्षभन्दा माथि १६ वर्षभन्दा मुनिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) नं. बमोजिम उक्त सजायको आधा ५ वर्ष कैद हुने र ऐ. ऐनको १० नं. बमोजिम रू. ५०,०००।– (पचास हजार) रूपैयाँ पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने ठहरी भएको फैसला उल्टी हुने।

अतः प्रतिवादी स्याङ्गदोर्जे तामाङले पीडितालाई जबरजस्ती करणीको महलको ५ नं. बमोजिम र प्रतिवादीको उमेर १६ वर्ष भन्दा कमको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) ले आधा सजाय हुने हुँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) बमोजिम १२ वर्ष कैद हुनेमा जबरजस्ती करणीको ५ नं. ले उद्योग गरेको ठहरेकोले सोको आधा सजाय अर्थात् कैद वर्ष ६ हुने तथा निज प्रतिवादी १६ वर्ष नपुगेको बालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ क(३) ले सो कैद वर्ष ६ को आधा कैद वर्ष ३ हुने ठहर्‍याई र जबरजस्ती करणीको महलको ५ नं. अनुसारको उद्योग गरेकोले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तितर्फको दाबी पुग्न सक्दैन भनी गरेको झापा जिल्ला अदालतको मिति २०६६/०२/१२ को फैसला मिलेकै देखिने।

साथै प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा पीडिताको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेमा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले

पीडिताको नाम गोप्य राखेको देखिन आएन । सोतर्फ अनुसन्धानको क्रममा अदालतबाट म्याद थप गर्दाको अवस्थामा जिल्ला न्यायाधीशबाट निर्देशन जारी गर्नु पर्नेमा सो गरेको पनि देखिएन । यसै सम्बन्धमा विशेष प्रकृतिको मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्याविधि निर्देशिका, २०६४ जारी भएको साथै महिला कानून र विकास मञ्च तथा आफ्नोतर्फबाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयसमेत भएको (ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८०, पृष्ठ १२०८) मुद्दामा विशेष प्रकृतिको मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्याविधि निर्देशिका, २०६४ को पालना गर्नु गराउनु भनी मिति २०६४।९।१० मा आदेशसमेत जारी भइसकेको अवस्था देखिँदा प्रस्तुत मुद्दामा पीडिताको नाम गोप्य राखेको नदेखिएकोले सो गोप्य नराखेतर्फ सम्बन्धित अनुसन्धान अधिकृतलगायत सम्बन्धित सबैको ध्यानाकर्षण गर्न महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने ।

इजलास अधिकृत : मनकुमारी जि.एम. वि.क.

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७३ साल मङ्सिर ७ गते रोज ३ शुभम् ।

## ६

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-०७७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुखराम चौधरीसमेत*

कालीराम चौधरी र गुलाबी चौधरी मिति २०६५/६/२३ गते विजया दशमीको दिन भज्जी रानाको घरमा टीका लगाई घरतर्फ फर्किरहेको अवस्थामा रणबहादुर चौधरीले मेरो श्रीमतीलाई गुलाबी चौधरीले बोक्सी लगायो भनी झुट्ठा आरोप लगाई रणबहादुर चौधरी, लछुराना, कालीराम रानासमेतले कुटपिट गरी दुवै लोग्ने स्वास्नी भागी आफ्नो घरमा आई बसेका अवस्थामा रणबहादुर चौधरी हरिचन्द्र राना, संचाराम राना, कमल राना, खुसीराम चौधरी, साहेब राना, सुखराम राना, लछु राना, कालीराम राना, शंकर राना र अन्य नाम थाहा नभएका ८/१० जना घरभित्र पसी कुटपिट गर्दै पुनः रणबहादुर चौधरीको घरमा ल्याई कुटपिट गरेपछि उपचारका लागि लैजाँदै गर्दा कालीराम चौधरीको बाटोमा नै मृत्यु भएको भन्ने जाहेरी दरखास्त देखिने । मृतक कालीराम चौधरीको दुवै आँखा सुन्निएको, परेला निलो कालो भएको, नाकबाट रगत निस्केको, निधारमा ३×२ से.मि. दाग भएको, निधारको केही माथि दाहिनेपट्टि ३×३ से.मि. को खोस्रिएको डाम पिठ्युको बायाँपट्टि १६×३ से.मी. छाला खुइलिएको पिँठ्युको पछाडिको भागमा निलडामहरू भएको लास प्रकृति मुचुल्का देखिन्छ । कालीराम चौधरीसमेतलाई कुटपिट गरिएको भनिएको ठाउँ, सो ठाउँमा माटो खोस्रिएको, मानिस घिसारेको जस्तो चिह्न भएको र दोदा नदीको किनारतर्फ बालुवामा मानिस घिसारेको जस्तो चिह्न भएको घटनास्थल प्रकृति मुचुल्का देखिने ।

प्रतिवादीहरू रणबहादुर चौधरी र कमल रानाले मृतकको जिउमा हात हाली मार्नलाई समाती पक्री संयोग पारिदिने नियतले पक्री समाती राखेको मिसिल प्रमाणबाट देखिँदैन । मनसाय तत्वको अभावमा यी प्रतिवादीहरूले मृतकलाई मार्न समाती पक्री मार्नसम्मको संयोग पारिदिएको हो भनी भन्न मिल्ने पनि देखिँदैन । गुलावी चौधरी अदालतमा उपस्थित भई बकपत्र गर्दा मैले आफ्नो श्रीमान्लाई बेहोस अवस्थामा देख्दा रिसको कारण गाउँका सबैले हाने होलान् भनी बकपत्र गरेको भन्ने उल्लेख गरेको पाइन्छ । मृतककै छोरी सम्झना चौधरीले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा लछु र कालुले कुटेको भने तापनि यी प्रतिवादीहरूले समेत मृतकलाई मार्ने मनसायले कुटेको भनी लेखाउन सकेको अवस्था छैन । घटनामा धेरै मानिसहरू भएको हुलमा भएको भन्ने मिसिलबाट देखिएकोले यसैको मर्नेसम्मको चोटको कारणले

मृतकको मृत्यु हुन गएको भन्ने प्रस्ट हुन सकेको नदेखिने । प्रतिवादी सञ्चराना चौधरी, खुशीराम चौधरी, साहेव राना र शंकर रानासमेत आरोपित कसुरमा अदालतसमक्ष इन्कारी बयान गरेका र सो बयानलाई समर्थन हुने गरी निजका साक्षीहरूले बकपत्र गरेको देखिन्छ। प्रतिवादीहरूमध्ये केही घटनास्थलको आसपास जम्मा भएको देखिए पनि मृतकलाई मार्नको लागि रणबहादुरको पूर्व नियोजित योजना बनी र मार्ने नै मनसायसमेतबाट जम्मा भएको र यी प्रतिवादीहरूले कुटपिट गरी मारेको भन्ने पनि देखिँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय गर्नको लागि मनसाय तत्त्व र कार्य तत्त्व एकैसाथ भएको हुनुपर्दछ । प्रस्तुत वारदातमा मृत्यु भएको देखिए पनि यी घटनास्थलमा उपस्थित प्रतिवादीबाटै मर्नेसम्मको कार्य भएको देखिएन, तर मृतकलाई बचाउने प्रयत्न पनि गरेको नपाइने।

प्रस्तुत मुद्दामा वारदातको समयमा प्रतिवादीहरूमध्ये केहीको उपस्थिति रहेकोमा विवाद नरहेको, मृतकको छोरीले लछु र कालुले पिटेको भनी बकपत्र गरेको, मृतकको श्रीमती तथा यसै घटनामा घाइते गुलावी चौधरीले समेत लछु राना र कालु रानासँग मृतकको झगडा भएकोले आफू छुट्टाउन गएको भनी बकपत्र गरेकोबाट सामूहिक रूपमा कुटपिट भएपनि र यी प्रतिवादीहरूको मध्ये यसैको कुटपिटबाट मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, पीडितहरूको भनाइ र मौकामा कागज गरिदिने व्यक्तिहरूको भनाइबाट प्रस्ट खुल्न नसकेको हुँदा मृतकलाई यिनै प्रतिवादीहरूले पूर्वयोजनाबमोजिम मार्ने नै मनसाय राखी मारेको भन्ने सकिने स्थिति नरहेको अवस्थामा प्रतिवादीहरूमध्ये मृतकलाई कुटपिट हुँदा बचाउन प्रयत्न नगरी आफूपनि कुटपिट गर्न अग्रसर भएको प्रतिवादीहरू रणबहादुर चौधरी र कमल रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम २ वर्ष कैद हुने, तथा आफूहरू छुट्टाउन गएको भन्ने प्रतिवादीहरू शंकर राना र आफू वारदात स्थलमा नरहेको भन्ने संचा राना, खुसिराम चौधरी र साहेव रानाले सफाइ पाउने र पुनरावेदन नगर्ने अन्य प्रतिवादीहरू हरिचन राना र सुखराम रानाको हकमा केही बोलिरहन परेन भन्ने पुनरावेदन अदालत महेन्द्रनगरका तेस्रो न्यायाधीशको इजलासबाट मिति २०६७।४।३१ मा भएको फैसला अन्यथा भन्नु पर्ने अवस्था नदेखिने।

तसर्थः उल्लिखित आधार, कारण र प्रमाणहरूसमेतबाट पुनरावेदन अदालत महेन्द्रनगरका तेस्रो न्यायाधीशको इजलासबाट सुरू जिल्ला अदालत कञ्चनपुरबाट मिति २०६६।८।२९ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादी कमल राना, रणबहादुर चौधरी, शंकर राना, संचा राना, खुसिराम चौधरी र साहेव रानालाई जन्मकैदको सजाय हुने र हरिचन राना र सुखराम रानालाई १७ (३) नं. बमोजिम दुई वर्ष सजाय हुने ठहऱ्याई भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू रणबहादुर चौधरी र कमल रानालाई ज्यानसम्बन्धी १७ (३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू शंकर राना, संचा राना, खुसिराम चौधरी र साहेव रानाले सफाइ पाउने ठहऱ्याई पुनरावेदन नगरी बसेका अन्य प्रतिवादीहरू हरिचन राना र सुखराम रानाको हकमा केही गर्न परेन भन्ने पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६७।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.
कम्प्युटर : चन्द्रशेर राना
इति संवत् २०७३ साल मङ्सिर ७ गते रोज ३ शुभम्।

**७**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-११६४, कर्तव्य ज्यान, *वीरबहादुर तामाङ वि. नेपाल सरकार*

मिसिल संलग्न रहेको घटनास्थल तथा

लास जाँच मुचुल्का हेर्दा जिल्ला नुवाकोट मनकामना गा.वि.स. वडा नं. ७ स्थित पूर्वमा रोकल्चो खोला, पश्चिममा रसुवा ठूलो गाउँ जाने बाटो, उत्तरमा पानी घट्ट जाने सानो बाटो र दक्षिणमा भीमबहादुर तामाङको पाखोबारी यति चारकिल्लाभित्रको स्थानमा रहेको रोकल्चो भन्ने स्थानको भिरकुनामा उत्तानो अवस्थामा बायाँ हात भित्र र दायाँ हात बाहिर नाडी दुवै हात जोडी कालो रङको पटुकाले घाँटीमा कसी एउटै पटुकाले हात र घाँटी दुवै बाँधिएको अवस्थामा रहेको देखिएको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Asphyxia due to strangulation भन्ने उल्लेख भएको देखिँदा काली तामाङको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद देखिएन । साथै प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान र पुनरावेदन जिकिरमा समेत मृतकले लगाएको पटुकाले हात र घाँटीमा कसी घाँटी थिची मारेको कुरा साबिती बयान तथा स्वीकारोक्ति पुनरावेदन जिकिरबाट देखिँदा यी पुनरावेदक वीरबहादुर तामाङकै कर्तव्यबाट काली तामाङको मृत्यु भएको कुरा निर्विवाद देखिने ।

मृतकको घाँटी तथा दुवै हात एउटै पटुकाले बाधिएको अवस्थामा रोकल्चो भन्ने स्थानमा फेला परेको घटना स्थल लास जाँच मुचुल्काबाट देखिएको र मृतकको शव परीक्षण प्रतिवेदनमा बायाँ कानमा घाउ चोट तथा नीलडामसमेत भएको र मृत्युको कारणमा Asphyxia due to strangulation भन्ने उल्लेख भएकोसमेतबाट किटानी जाहेरी एव प्रतिवादीको उक्त साबिती बयान समर्थित रहे भएको अवस्था देखिने ।

बुझिएका मानिसहरू काले तामाङ, पञ्चबहादुर तामाङ, घण्टाबहादुर तामाङ, दिलबहादुर तामाङ तथा जाहेरवाला मानबीर तामाङले समेत यी पुनरावेदक प्रतिवादी वीरबहादुर तामाङले काली तामाङलाई कर्तव्य गरी मारी सुनको रिङसमेत चोरी गरी लगेको भनी अदालतमा आई किटानी बकपत्र गरेकोसमेतका मिसिल संलग्न प्रमाण कागजबाट यी पुनरावेदन प्रतिवादी वीरबहादुर तामाङले काली तामाङलाई कर्तव्य गरी मारी सुनको रिङसमेत चोरी गरी लगेको पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी वीरबहादुर तामाङले मृतक काली तामाङले लगाएको पटुका फुकाली घाँटी तथा दुवै हात सोही पटुकाले बाँधी मुख थुनी घाँटी थिची मरेपछि मृतकले कानमा लगाएको रिङ लुटेर चोरी गरी सुनको रिङ बिक्री गरेकोसमेत तथ्य पुष्टि भएको अवस्था हुँदा तत्काल उठेको रिसको कारणबाट मृतकलाई हान्दा मृतक मर्न गएको अवस्था नभई सुन चोर्ने उद्देश्य परिपूर्ति गर्नको लागि मार्ने मनसाय र योजना बनाई खोल्सामा लगी निर्मम तरीकाले मृतकको घाँटी थिचेर मारेको भन्ने देखिने । मनसाय प्रेरित हत्याको वारदात रहे भएको पुष्टि भएकोले प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन । वारदात हुँदाको अवस्थामा प्रतिवादीको उमेर २० वर्ष पुगेको, वारदातको प्रकृतिबाट समेत अरू कतैबाट सृजित नभई प्रतिवादीले योजनाबद्ध ढङ्गले मृतकलाई मारेको देखिँदा प्रतिवादीलाई घटी सजाय हुनुपर्ने कुनै औचित्य देखिएन। अत: पुनरावेदन अदालत पाटनबाट प्रतिवादी वीरबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको महलको १४(३) नं. बमोजिम सजाय गर्ने गरेको इन्साफ मनासिब नै देखिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी वीरबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र मुलुकी ऐन, चोरीको महलको १४(३) नं. बमोजिम बिगो रू.५४,२४३।- को दोब्बर रू.१,०८,४८६।- जरिवाना भई जरिवानाबापत समेत कैद हुने ठहर गरेको सुरू नुवाकोट जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन

अदालत पाटनको मिति २०७०/३/४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७३ साल भाद्र १३ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७३-CR-०२८२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *बसन्तलाल यादव वि. नेपाल सरकार*

जिल्ला शिक्षा कार्यालय बाँकेअन्तर्गत श्री विश्वेश्वरप्रसाद प्रा.वि. सोनवर्षामा कार्यरत शिक्षक बसन्तलाल यादवले माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश LBS HS Rakhkhor, Gorkhpur, UP बाट सन् २००० मा हाइस्कुल पास गरेको भनिएको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमार्फत माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीमा पठाइएको र उक्त परिषद्बाट "यह अनुक्रमाङ्क हाइस्कुल परीक्षा वर्ष २००० मे जनपद सिद्धार्थनगर मे अनुदानित नही है" भनी मिति (दिनाङ्क) २७।१२।१३ मा लेखी आएको भन्ने देखिएको समेतका आधारमा विशेष अदालत काठमाडौंबाट प्रतिवादीको उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा भएको भनी ठहर निर्णय भएको देखिन्छ। यसरी मिसिल संलग्न तथ्य, प्रमाण, कागजात एवं सम्बन्धित परीक्षा बोर्डलाई समेत बुझी भएको फैसलालाई अन्यथा भन्न ठोस प्रमाण एवं आधार प्रतिवादीतर्फबाट प्रस्तुत हुन सकेको अवस्था नहुँदा विशेष अदालत काठमाडौंबाट प्रमाणको विवेचना गरी भएको फैसला मिलेको देखिने।

तसर्थ प्रतिवादी बसन्तलाल यादवले झुट्ठा एवं नक्कली बेहोराको हाइस्कुल (S.L.C.) पास गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहर गरी सोही दफाबमोजिम ६(छ) महिना कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।१।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-CR-०७००, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *शान्तिकुमारी गुप्ता वि. नेपाल सरकार*

पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम यस अदालतको आदेशबमोजिम पुनः प्रमाणीकरणको लागि पठाउँदा फेरि पनि Not verified भनी विवरण खुली आएको पाइन्छ। निजले आफूले परीक्षा दिई पास गरेको सर्टिफिकेट नक्कली होइन भनी जिकिर लिएको भए पनि आधिकारिक निकायबाट प्रमाणीकरण भई आएको कुरालाई खण्डन गर्ने प्रमाण पुऱ्याउने भार प्रमाण ऐन, २०३१ को दफा २७ एवं दफा २८ ले पुनरावेदकमा रहने देखिएको अवस्थामा सोबमोजिम प्रमाण पेस गर्न सकेको देखिएन। आफू करारमा काम गर्ने कर्मचारी भएकोले राष्ट्र सेवकभित्र नपर्ने र अवकाश पाइसकेपछि मुद्दा दायर गर्न मिल्ने होइन भनी लिएको पुनरावेदन जिकिर हेर्दा स्थायी वा अस्थायी प्रकृतिको सेवाबाहेक करार सेवामा रहेर काम गर्ने कर्मचारी राष्ट्रसेवकको परिभाषाभित्र नपर्ने भनी व्याख्या गर्न मिल्दैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा झुट्ठा विवरण दिनेलाई सजायको व्यवस्था गरेको पाइन्छ। उक्त दफाअनुसार यी पुनरावेदकले राष्ट्रसेवकको ओहोदा पाउने उद्देश्यले उक्त शैक्षिक प्रमाणपत्र पेस गरी रूपन्देही जिल्ला धकधई गा.वि.स.को कार्यालयमा २०६२ चैतदेखि २०६७ सम्म सहायक पदमा सेवारत रहेको भन्ने देखिएको हुँदा प्रतिवादीउपर अनुसन्धान गरी मुद्दा दायर गर्न कुनै

बाधा रहेको भन्ने नदेखिँदा विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ माथि विवेचित तथ्य, आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीले पेस गरेको हाइस्कुल परीक्षा उत्तीर्ण लब्धाङ्कपत्र नक्कली रहेको भन्ने पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरमा सोही दफा बमोजिम ६ (छ) महिना कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७०।३।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम् ।

**१०**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री सपना प्रधान मल्ल**, ०७०-CR-१४१६, बढुवा प्रयोजनको लागि नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *कोकिला ओली वि. नेपाल सरकार*

प्रतिवादीले हाइस्कुल परीक्षा उत्तीर्ण गरेको भनिएको विवादित प्रमाणपत्र १९९३ मा परीक्षा दिई पास गरेको भनी बयान गरेको र मिसिल संलग्न रहेका शैक्षिक योग्यताका प्रमाणपत्रमा समेत सोही कुरा उल्लेख भएको देखिए तापनि निज कार्यरत मेचीनगर नगरपालिकाले खरिदार पदमा बढुवा हुन पुनरावेदकले मिति २०६३।६।५ मा द.नं.१५११ मा दर्ता गरेको बढुवा फाराममा शैक्षिक योग्यताको महलमा हाइस्कुल परीक्षा १९९३ मा माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट दोस्रो श्रेणीमा उत्तीर्ण गरेको भनी उल्लेख गरेको देखिएको र मिति २०६३।७।१ मा बढुवा भएको देखिएकोबाट खरिदार पदमा बढुवा हुन पुनरावेदक प्रतिवादीले २०६३ सालमा उक्त शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी बढुवासमेत पाएको भन्ने देखिएकोले आफूले उक्त शैक्षिक योग्यताको प्रमाणपत्र पहिले नै पाएको, बढुवा प्रयोजनको लागि पेस गरेको होइन भन्ने पुनरावेदन जिकिर साँचो देखिन नआउने ।

पुनरावेदक प्रतिवादीले माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश भारतबाट सन् १९९३ मा हाइस्कुल परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरणको लागि माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमार्फत पठाइएकोमा उक्त शिक्षा परिषद् उत्तर प्रदेशबाट निज कोकिला ओली अनुक्रमाङ्क १७५२१०३ “हाइस्कुल परीक्षा १९९३ मे यह अनुक्रमाङ्क सिद्धार्थनगरमें अनुदानित नही है” भनी लेखी आएको पाइन्छ । सोपश्चात् पुनरावेदकले विशेष अदालतमा उक्त माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशको निज कोकिला ओलीले हाइस्कुल परीक्षा १९९३ मा दोस्रो श्रेणीमा पास गरेको भन्ने पत्रको प्रतिलिपि पेस गरेकोमा सो अदालतबाट पुनः सत्यतथ्य यकिन गरी प्रमाणीकरण गरी पठाउन आदेश भएको र सो आदेशानुसार पुनः माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतमा पठाइएमा उक्त बोर्डबाट पुनः यसपूर्व पठाइएको विवरण नै ठीक रहेको, बोर्ड अभिलेखमा कुनै फेरबदल नभएको भनी जवाफ प्राप्त भएको मिसिल संलग्न माध्यमिक शिक्षा परिषद् वाराणसीको पत्रको प्रतिलिपिबाट देखिन आउँछ । यसरी पटकपटक आधिकारिक निकायबाट पुनरावेदकको उक्त प्रमाणपत्र Not Verified भनी लेखी आइसकेपछि प्रमाण ऐन, २०३१ को दफा २७ एवं २८ मा उक्त कुरा सही होइन भनी दाबी लिने पक्षले नै सो कुराको प्रमाण पुऱ्याउनु पर्ने भन्ने भएको व्यवस्थाअनुसार पुनरावेदकले सो प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले नक्कली प्रमाणपत्र पेस गरी बढुवासमेत भएको भनी प्रमाणको विवेचना गरी आरोपित कसुर गरेको ठहऱ्याएको विशेष अदालत काठमाडौंको फैसला न्यायसङ्गत देखिन आउने ।

तसर्थ माथि विवेचित तथ्य, आधार र

कारणहरूबाट पुनरावेदक प्रतिवादी कोकिला ओलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहऱ्याई सोही दफाबमोजिम ६ (छ) महिना कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७०।९।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७०-CR-१०९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पीमा डाँगी*

प्रतिवादी पीमा डाँगीले गर्भ बोकेको कुरा देखेको हुँ भनी जाहेरी दरखास्तमा उल्लेख भएको र कागज गर्ने पटाउकी डाँगीसमेतले उक्त कुरा कुनै वस्तुनिष्ठ प्रमाणका आधारमा भनेको नभई शंका र अनुमानको आधारमा व्यक्त गरेको भन्ने देखिन्छ । निज पटाउकी डाँगीले कागज गर्दा पहिला म्याक्सी लगाउँथिन् उक्त दिन कुर्ता सुरुवाल लगाएकी थिइन् भनी उल्लेख गरेको कुराले निजले गर्भ बोकेको र जिउँदो जातक जन्माई मारी गाडेको भन्ने कुरा पुष्टि हुन सक्दैन । नवजात शिशुको लास जङ्गलमा गाडिएको अवस्थामा भेटिएको र शव परीक्षण प्रतिवेदनमा Cardiorespiratory arrest due to Hypotherming Asphyxia भनी उल्लेख भएको भएपनि उक्त नवजात शिशु यिनै प्रतिवादीको हो र उक्त शिशु निजले नै जिउँदो जन्माई मारेको हो भनी अनुसन्धान तहकिकातबाट पुष्टि हुन सकेको नदेखिँदा पुनरावेदक प्रतिवादीले नै उक्त बच्चाको हत्या गरेको हो भनी निजलाई कसुरदार कायम गर्न फौजदारी न्यायको सिद्धान्तविपरीत हुन आउने।

आफ्नो लोग्ने विदेश भएको अवस्थामा पुनरावेदक प्रतिवादीले अवैध गर्भ बोकी जिउँदो बच्चा जन्माई मारी गाडेको भनी अभियोग लाउने अभियोजन पक्षले पुनरावेदक प्रतिवादीले बोकेको भनिएको अवैध गर्भ को कसको हो ? निजले के कुन मितिमा बच्चा जन्माएको हो र के कस्तो तरिकाले मारेको हो भनी कसुर प्रमाणित हुने गरी प्रमाण प्रस्तुत गर्न सकेको पनि देखिँदैन। यस्तो अवस्थामा शंका र अनुमानको भरमा प्रतिवादीलाई कसुरदार कायम गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने हुँदैन । पुनरावेदन अदालतले फैसलामा प्रतिवादीले जिउँदो बच्चा जन्माई गाडी मारे नमारेको विषयमा निर्णय गर्नुपर्ने प्रश्न बनाई सोको विवेचनासमेत गरी फैसला गरेको देखिँदा सो सम्बन्धमा निर्क्यौल नै नगरी फैसला गरेको भन्ने पुनरावेदन जिकिर तर्कसङ्गत देखिँदैन। यसरी प्रमाणको मूल्याङ्कन गरी प्रतिवादीलाई सफाइ दिने ठहर गरी भएको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत देखिन आउने।

तसर्थ उल्लिखित तथ्य, आधार, कारण, प्रमाण एवं कानूनको विवेचनाका आधारमा प्रतिवादी पीमा डाँगीले नै जिउँदो बच्चा जन्माई मारी गाडेको भन्ने तथ्य अभियोजन पक्षद्वारा सिद्ध गर्न नसकेको हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहराएको सल्यान जिल्ला अदालतको मिति २०६८।९।१३ को फैसला उल्टी गरी प्रतिवादी पीमा डाँगीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।२।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्टार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

**१२**

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०८४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेशसिंह बोहोरासमेत*

प्रतिवादीहरू सुरेशसिंह र केशवसिंहकी

भतिजी मनिषा बोहोरासँग पानसिंहको विवाद भई प्रतिवादी मनिषाले पानसिंहसँग जान इन्कार गरेको कारणबाट सुरेशसिंह र केशवसिंहसमेतको संलग्नतामा पानसिंहको हत्या भएको भनी अनुमानसम्म गरेको देखिन्छ । प्रतिवादीहरूले पानसिंहको कर्तव्य गरी हत्या गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट खुल्न आएको अवस्था छैन। अनुमान र शंकाको भरमा कसैउपर फौजदारी मुद्दामा कसुर ठहर गर्न नहुने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त छ । फौजदारी मुद्दामा अभियुक्तहरूउपरको कसुर पुष्टि गर्न आवश्यक प्रमाण प्रस्तुत गर्ने भार वादीमा नीहित रहेको हुन्छ । प्रस्तुत मुद्दामा यसरी कसुर पुष्टि हुने कुनै पनि ठोस सबुद प्रमाण वादी पक्षबाट प्रस्तुत हुन आएको नपाइने।

फौजदारी मुद्दामा कसुर प्रमाणित हुन प्रत्येक प्रतिवादीहरूले त्यस्तो कसुर घटाउन के कस्तो भूमिका निर्वाह गरी के कुन स्रोत साधन प्रयोग गरी के कुन तरिकाले त्यस्तो वारदात घटित गराए भन्ने कुरा प्रत्येक व्यक्तिको हकमा छुट्टिने गरी प्रमाण पुऱ्याउन सक्नु पर्छ । गोश्वारा शैलीमा शंकाको भरमा अभियोग लगाउँदैमा त्यस्तो अभियोग दाबी खम्बीर हुन सक्दैन। प्रस्तुत मुद्दामा किटानी जाहेरीबाहेक अभियोग पुष्टि हुने कुनै सबुद प्रमाण प्रस्तुत हुन सकेको पाइँदैन। जाहेरी दरखास्तको भरमा मात्र कसैउपर कसुर कायम गर्न न्यायको रोहमा नमिल्ने हुँदा प्रमाणको विवेचना गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

तसर्थ माथि विवेचित तथ्य, आधार कारण एवं प्रमाणहरूबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई भएको दार्चुला जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीको कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६८।१०।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

## इजलास नं. ३

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-१०४४, उत्प्रेषण, *उमेशकुमार चौधरी वि. पुनरावेदन अदालत, बुटवलसमेत*

कानूनबमोजिम तोकिएको समयमा प्रतिवाद नगरी बसेका रिट निवेदकले आफू संलग्न मुद्दाको फैसला भइसकेपछि आफ्नो नाममा तामेल भएको म्याद के कसरी बेरीतको हुन गएको हो सो कुरा स्पष्ट गर्न नसकेको स्थितिमा सुरू अदालतबाट मुद्दाको फैसला भइसकेपछि फेरि सोही अदालतमा गई निवेदकको नामको म्याद बदर गरी प्रतिउत्तर दर्ता गरिपाउँ भन्ने निवेदनउपर कुनै कारबाही गर्नु नपर्ने भनी भएको आदेशलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको आदेशबाट निवेदकलाई प्रतिउत्तरको मौका नदिएको भन्ने मान्न मिल्ने पर्याप्त आधार नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत फैसला भएको भन्ने निवेदन जिकिर प्रतितलायक नदेखिने।

आधार, कारणको विश्लेषण गरी सुरू रूपन्देही जिल्ला अदालत र पुनरावेदन अदालत बुटवलबाट भएको आदेशमा समेत कुनै कानूनी त्रुटि विद्यमान नदेखिएको र प्रस्तुत विवादको अन्तरवस्तुका रूपमा रहेको निवेदकका नामको मिति २०७२।५।२४ को तामेली म्याद रीतपूर्वक नै रहेको देखिएको स्थितिमा विपक्षीहरूको नाममा परमादेशलगायतको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस

जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट निवेदक स्वयंले आफ्ना दाजु विरूद्ध दायर गरेको ६७-०६६-०१७९७ नं. को अंश नामसारी मुद्दामा रूपन्देही जिल्ला मक्रहर गा.वि.स वडा नं. १ र हाल तिलोत्तमा न.पा. वडा नं. १३ मा वतन रहेको कुरालाई स्वीकार गरेको देखिएको र निजको सोही वतनमा रहेको घरद्वारमा म्याद रीतपूर्वक नै तामेल भएको भन्ने देखिएको एवं विपक्षीहरूको काम कारबाहीबाट आफ्नो के कुन संवैधानिक एवं कानूनी हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन नसकेको स्थिति एवं रिट निवेदकले विपक्षीहरूको लिखित जवाफलाई अन्यथा हो भन्न नसकेको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको काम कारबाहीबाट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी
कम्प्युटर : अभिषेककुमार राय
इति संवत् २०७५ साल भाद्र २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-०९३६, उत्प्रेषण, *श्रवणकुमार राउतसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकहरूले मिति २०७३।११।२८ मा हुने भनिएको प्रवेश परीक्षामा सामेल हुन नपाउने अवस्था रहेको भनी रिट निवेदनमा उठाइएको विवादको विषय रहेको उक्त परीक्षाको लागि प्रकाशित गरिएको सूचना स्थगित भई मिति २०७३।१२।१२ मा रिट निवेदकहरूसहितका आवेदक परिक्षार्थीहरूले समेत सामेल हुन पाउने गरी पुनः सूचना प्रकाशित भई सोबमोजिमको परीक्षा लिइसकिएको भन्ने देखिन आएकोले अब प्रस्तुत रिट निवेदनबाट माग गरिएबमोजिमको आदेश जारी गर्नु पर्नेसम्मको अवस्था विद्यमान रहेको नदेखिने।

तसर्थ प्रस्तुत रिट निवेदनमा उठाइएको विषयमा रीट निवेदन नै निष्प्रयोजन भई जारी हुनु पर्ने अवस्था विद्यमान नरहेकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर : अभिषेककुमार राय
इति संवत् २०७४ साल कार्तिक २९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-०६७८, निषेधाज्ञा / परमादेश, *रमेशप्रसाद मैनाली वि. नारायण देव डाँगी*

निवेदकले आफ्नो "नेपाल पब्लिक एकेडेमी प्रा.लि. हेकुली-७ को नामबाट सञ्चालित विद्यालयको कक्षा १ को संस्थागत विद्यालय सञ्चालन गर्न अनुमतिका लागि निवेदन गरेकोमा निज निवेदकलाई के, कति कारणले उक्त विद्यालयको कक्षा-१ को अनुमति प्रदान नगरिएको हो भन्ने कुराको जानकारी विपक्षी शिक्षा कार्यालयबाट निज निवेदकलाई गराइएको देखिँदैन। विद्यालय सञ्चालन गर्नको लागि अनुमति पाउँ भनी कानूनबमोजिम निवेदन लिई निर्णय गर्ने आधिकारिक निकायको रूपमा रहेको विपक्षी जिल्ला शिक्षा कार्यालयले सोबमोजिम विद्यालय सञ्चालनको अनुमति प्रदान गर्नको लागि निर्णय दिने कार्य जिल्ला शिक्षा अधिकारीबाट हुने कानूनी व्यवस्थाअनुसार नै रिट निवेदकको विद्यालयको हकमा समेत अनुमतिका लागि टिप्पणी पेस भएको देखिन्छ। रिट निवेदकको उक्त विद्यालय सञ्चालनको अनुमति प्रदान गर्न नमिल्ने भनी कुनै कारण र आधारहरू निर्णय बेहोरामा उल्लेख गरिनु पर्नेमा "पेस भएको टिप्पणीमा **संस्थागत विद्यालयतर्फ सि.नं.७ को कक्षा १---** बाहेक अन्यको हकमा पेस भएबमोजिम हुने गरी आवश्यक कार्यार्थ

स्वीकृत" भन्ने बेहोरासम्म उल्लेख भएको देखिएकोले उक्त मिति २०७१।१२।२७ मा भएको निर्णयमा निर्णयाधार र कारणसमेत खुल्न सकेको नदेखिने।

निवेदकले विद्यालय कक्षा सञ्चालनका लागि चाहिने धरौटीबापत रकम रू.५०,०००।- (पचास हजार) को बैंक दाखिला भएको भौचरसमेत विपक्षी कार्यालयमा पेस गरेको भन्ने तथ्यलाई यी विपक्षीहरूले अन्यथा हो भनी पुष्टि प्रमाणित गराउन सकेकोसमेत देखिँदैन । मिति २०७२।११।०३ मा निवेदकबाट धरौटी रकम जम्मा गर्न लगाइसकेको अवस्थामा निवेदकले अनुमतिका लागि माग गरेको उक्त नेपाल पब्लिक एकेडेमी प्रा.लि. हेकुली दाङको कक्षा १ सञ्चालन गर्न स्वीकृत नदिने गरी जिल्ला शिक्षा कार्यालय, दाङका जिल्ला शिक्षा अधिकारीबाट मिति २०७१।१२।२७ मा भएको उक्त निर्णय कानूनसम्मत रहेको देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको निवेदन मागबमोजिम आवश्यक कानूनी प्रक्रिया पुऱ्याउनु पर्ने बाँकी भए सोसमेत पुऱ्याउन लगाई निवेदकलाई संस्थागत विद्यालय सञ्चालन गर्न गराउन स्वीकृति प्रदान गर्ने काम गर्नु, गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।०५।२१ मा भएको आदेश मिलेकै देखिन आएकोले यी पुनरावेदक विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट निवेदकले अनुमतिको लागि माग गरेको नेपाल पब्लिक एकेडेमी प्रा.लि. हेकुली दाङको कक्षा १ सञ्चालन गर्न स्वीकृत नदिने गरी विपक्षी जिल्ला शिक्षा कार्यालय, दाङका जिल्ला शिक्षा अधिकारीबाट मिति २०७१।१२।२७ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको निवेदन मागबमोजिम आवश्यक कानूनी प्रक्रिया पुऱ्याउनु पर्ने बाँकी भए सोसमेत पुऱ्याउन लगाई निवेदकलाई संस्थागत विद्यालय सञ्चालन गर्न गराउन स्वीकृति प्रदान गर्ने काम गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।०५।२१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः- मन्जिता ढुंगाना

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CI-०८६७, परमादेश, *रमिलादेवी यादव वि. जिल्ला प्रहरी कार्यालय, रौतहट गौरसमेत*

निवेदिकाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ र ४ को विपरीतको कार्य भएको भनी जिकिर लिएको देखिए तापनि जाहेरी दरखास्त दिने र दर्ता गर्ने विषयमा सविस्तार स्पष्ट व्यवस्था भएका उक्त प्रावधानहरूको पालना निवेदिका स्वयंले नै गरेको पाइँदैन । जिल्ला प्रहरी कार्यालय रौतहटले जाहेरी दरखास्त लिन इन्कार गरेमा उक्त प्रहरी कार्यालयको तालुक अड्डामा र तालुक अड्डाले पनि जाहेरी लिन अस्वीकार गरेमा प्रमुख जिल्ला अधिकारीसमक्ष उजुर गरी निकासा लिनु पर्नेमा निवेदिकाले जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुर गरेको भनी आफ्नो जिकिरमा उल्लेख गरे तापनि सो सम्बन्धमा कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। साथै, ती माथिल्ला निकाय र प्रमुख जिल्ला अधिकारीलाई प्रस्तुत मुद्दामा विपक्षीसम्म बनाइएको पाइएन। जाहेरी प्राप्त भएपछि मात्र जाहेरीलाई कानूनको रीत पुऱ्याई जाहेरवालालाई झिकाई जाहेरी सनाखत गराई जाहेरीमा उल्लिखित बेहोराबमोजिमको वारदात भएको हो वा होइन भन्ने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन सकिने हुन्छ। प्रस्तुत विवादमा जाहेरी परेको भन्ने नै पुनरावेदिकाले पुष्टि गर्न सकिरहेको अवस्था नदेखिने।

हुलाकबाट जाहेरी दिएको भन्ने नै पुष्टि भएको

अवस्था नभएकोले मुलुकी ऐन अ.बं. ९० नं. को अवस्था आकृष्ट हुन सक्ने नदेखिने।

तसर्थ, निवेदिकाले पुनरावेदन जिकिरमा आधार लिएका कानूनी व्यवस्थाहरूमध्ये सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ र ४ को निवेदिका स्वयंले अनुशरण नगरेको र मुलुकी ऐन, अ.बं. ९० नं. को व्यवस्था आकृष्ट नै नहुने देखिँदा पुनरावेदिका रमिलादेवीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अतः उपर्युक्त विवेचित आधार कारणबाट पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।१७ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १३ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०७४९, निषेधाज्ञा, *अविन्द्र श्रेष्ठ वि. अमर केशर सिंह*

निवेदक र विपक्षीबिच काठमाडौं जिल्ला अदालतमा विचाराधीन करारको यथोचित पालना गराइपाउँ भन्ने मुद्दाको हाल फैसला भइसके पनि प्रहरीले निज निवेदकलाई पक्राउ गर्दा उक्त मुद्दा विचाराधीन अवस्थामै रहेको थियो। त्यस अवस्थामा प्रहरी कार्यालयबाट पत्राचार गराई तहाँ हाजिर गराउने गरी भएको कार्य नागरिक स्वतन्त्रता तथा पेसा व्यवसाय र अधिकारमा आघात पर्ने प्रकृतिको देखियो। नेपाल सरकार वादी हुने फौजदारी दायित्व सृजना हुने मुद्दामा बाहेक देवानी दायित्वको विषयमा निवेदकलाई पक्राउ गर्ने, धरपकड गर्ने, थुन्ने र थुनाउने जस्ता कार्यलाई कानूनसम्मत मान्न मिल्ने हुँदैन। तसर्थ, देवानी दायित्वको विवादमा निवेदकलाई पक्राउ गर्ने, धरपकड गर्ने, थुन्ने र थुनाउने जस्ता कामकाज नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको निर्णयलाई अन्यथा मान्न मिल्ने नदेखिने।

अतः उपर्युक्त विवेचित आधार कारणबाट पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।१६ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भाद्र १३ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-११७०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गोलीमाया हायु मगर*

प्रतिवादीले अदालतमा बयानमा आफूले घर व्यवहार गर्नका लागि जाहेरवालासँग रकम लिएको भन्ने जिकिर लिएको भए पनि मिति २०७०/१/११ को लिखत हेर्दा प्रतिवादीले जाहेरवालीकी श्रीमतीलाई जापानमा लगी आकर्षक तलब सुविधा पाउने गरी लिखत भएको मितिले ६ महिनाभित्र वैदेशिक रोजगारीमा पठाउने र सोबमोजिमको कार्य गर्न नसकेको अवस्थामा घर घराना जायजेथाबाट असुलउपर गरी वैदेशिक रोजगार ऐनबमोजिम कारबाही र सजाय भएमा आफूलाई मन्जुर रहेको भनी प्रतिवादीले ल्याप्चेसहितको सहीछाप गरेको देखिन्छ। उक्त लिखतमा भएको सहीछाप प्रतिवादीको भएको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा उल्लेख भई लिखत परीक्षण गर्ने विशेषज्ञले गरेको बकपत्रमा समेत उक्त सहीछाप प्रतिवादीको भएको भन्ने उल्लेख भएको पाइन्छ। जाहेरवाला र पीडित निजकी श्रीमतीले मौकाको आफ्नो जाहेरी बेहोरा एवम् कागजलाई समर्थन गर्दै प्रतिवादीले वैदेशिक रोजगारीमा पठाइदिने भनी रकम लिएको भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ। प्रतिवादीले

वैदेशिक रोजगारीसम्बन्धी व्यवसाय गर्ने इजाजत नलिएको भन्ने कुरा निजकै बयानसमेतबाट देखिएको अवस्थामा जाहेरवालाबाट घरव्यवहार चलाउनको लागि रकम लिएको भन्ने प्रतिवादीको जिकिर मनासिब देखिएन। उल्लिखित अवस्थामा प्रतिवादीले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको देखिन आउने।

वैदेशिक रोजगार न्यायाधिकरणले लिखत भएको एक वर्षपछि पीडितले राहदानी लिएको भन्ने आधारमा अभियोग दाबी नपुग्ने भनी फैसला भएको सम्बन्धमा हेर्दा पीडितले कहिले राहदानी लिए वा लिएनन् भन्ने कुरा प्रस्तुत विवादको विषयवस्तु पनि नभएको र राहदानी अघि वा पछि लिएको भन्ने आधारमा त्यसको औचित्यमा केही फरक नपर्ने भएकाले पीडितले लिखतको मितिभन्दा एक वर्षपछि राहदानी लिएका भन्ने आधारमा अभियोग दाबी नपुग्ने भनी वैदेशिक रोजगार न्यायाधिकरणले लिएको निर्णयाधारसँग सहमत हुन नसकिने।

प्रतिवादीले ऐनद्वारा उल्लिखित वर्जित कार्य गरी जाहेरवालाकी श्रीमतीलाई वैदेशिक रोजगारमा लैजाने प्रलोभन देखाई रकम ठगी गरेको देखिएकाले निजलाई कसुरदार ठहर गर्नुपर्नेमा सफाइ दिएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट वैदेशिक रोजगारी गर्ने अनुमति प्राप्त नगरेकी प्रतिवादी गोलीमाया हायु मगरले जाहेरवालाकी पत्नी दुर्गामाया राईलाई वैदेशिक रोजगारीका लागि जापान पठाइदिने भनी रू.१३,७०,०००।– लिई वैदेशिक रोजगारमा नपठाएको र लिएको रकमसमेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको देखिँदा अभियोग दाबीबमोजिम निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम जाहेरवालाको बिगो रू.१३,७०,०००।– र सोको ५० प्रतिशतले हुने हर्जाना रू.६,८५,०००।- समेत जम्मा रू.२०,५५,०००।– प्रतिवादीबाट जाहेरवालाकी श्रीमती दुर्गामाया राईलाई भराई दिने ठहर्छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा विदेश पठाई नसकेको भए सो दफामा उल्लेख भएको सजायको आधा सजाय हुने व्यवस्था भएको सन्दर्भमा प्रतिवादीले पीडितलाई विदेश पठाइसकेको अवस्था नहुँदा सो दफामा उल्लेख भएको सजायको आधा अर्थात १½ वर्ष (एक वर्ष ६ महिना) कैद र रू. १,५०,०००।- (एक लाख पचास हजार) जरिवानासमेत हुने ठहर्छ। उपर्युक्तबमोजिम प्रतिवादीलाई कसुरदार ठहराई सजायसमेत गर्नुपर्नेमा अभियोग दाबीबाट सफाइ दिएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७२/२/१८ को फैसला त्रुटिपूर्ण देखिएकाले उल्टी हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल माघ १८ गते रोज ५ शुभम्।

## २

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-५६२, उत्प्रेषण / परमादेश, *बाबुकाजी प्रजापतीसमेत वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

आफ्नै कार्यालयमा रीतपूर्वक दर्ता भइरहेको निवेदन र निवेदक तारेखमा रहेको तथ्यलाई पूर्णरूपमा बेवास्ता गरी विपक्षीहरूको नाममा विवादको जग्गा दर्ता गर्ने निर्णय हुनुभन्दा अघि नै रिट निवेदकले दिएको निवेदनमा कुनै कारबाही नगरी निवेदक तारेखमा नै रहेको अवस्थामा लामो समयको अन्तरालपछि निवेदकको निवेदन मागदाबीका सम्बन्धमा कुनै कुरा उल्लेख नगरी निवेदन तामेलीमा राख्ने गरी भएको मालपोत कार्यालयको निर्णय मिसिल संलग्न प्रमाणबाट कानूनसम्मत देखिन नआउने।

विवादको कि.नं.१७० क्षेत्रफल १-३-०-

० जग्गाको रै.प.लाई नामसारी गरिपाउँ भनी मोहीको तर्फबाट हकवाला विपक्षीहरूले धर्मस्थली वा पापै ३२ नं. सर्मा/४ बाट भिड्ने भनी हकदाबी गरेको र यी रिट निवेदकहरूले मौजा टोखा हा.नं.६२८ बाट भिड्ने जग्गा हुँदा दर्ता नामसारी गरिपाउँ भनी विवादित जग्गाको सम्बन्धमा दोहोरो दाबी परेको अवस्था देखिन्छ । विवादको जग्गाको सम्बन्धमा किसानको बेहोरामा उल्लिखित व्यक्तिको हकवालाको तर्फबाट र मोहीको तर्फबाट दोहोरो मागदाबी भई हक बेहकको प्रश्न उठिसकेपछि विवादित जग्गामा हक स्थापित गरी ल्याउन दुवै पक्षलाई अदालत जान सुनाउनुपर्नेमा सो नगरी विपक्षीको निवेदन माग दाबीबमोजिम गर्ने गरेको निर्णयलाई समेत कानूनसङ्गत भन्न मिल्ने नदेखिने ।

तसर्थ माथि उल्लिखित तथ्य एवम् प्रमाण र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा विपक्षीहरूले रैकर परिणत दर्ता नामसारीको मागदाबी लिई मिति २०६६।१०।०८ मा दिएको निवेदन मागबमोजिम विपक्षीहरूको नाममा विवादित जग्गाको रैकर परिणत दर्ता नामसारी गरिदिने मालपोत कार्यालयको मिति २०६६।१२।०५ को निर्णय र उक्त जग्गा दर्ता हुनुपूर्व नै रै.प.दर्ता नामसारी गरिपाउँ भनी मिति २०६६।११।२० मा रिट निवेदकले दिएको निवेदनमा केही बेहोरा उल्लेख नगरी मिति २०७०।०७।१५ मा कारबाही मिसिल तामेलीमा राख्ने निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब, निवेदकले त्यस कार्यालयमा विपक्षीको नाममा विवादित जग्गा दर्ता गर्नुभन्दा पहिले नै दर्ता गरेको निवेदनउपर कानूनबमोजिम निर्णय गरी दुवैपक्षलाई हक कायमका लागि सम्बन्धित जिल्ला अदालतमा पठाउनु भनी विपक्षी मालपोत कार्यालयको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल भदौ २३ गते रोज ६ शुभम् ।

## ३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०३०३ र ०७२-CR-०९५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रत्नबहादुर रोकाया र मानबहादुर रोकाया वि. नेपाल सरकार*

प्रतिवादी मानबहादुर रोकायाले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत अमृता रोकायालाई आफूले छुरी प्रहार गरी मारेको अन्य प्रतिवादी कोही कसैको संलग्नता नरहेको भनी लेखाएको सो कुरा प्रतिवादी रत्नबहादुर रोकाया, सक्कली रोकाया र प्रकाश ऐडीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान र प्रतिवादी रत्नबहादुर रोकाया र सक्कली रोकायाको अदालतको बयान एक आपसमा मिल्न भिड्न आएको देखिन्छ । जाहेरवालाको जाहेरी दरखास्त एवं बकपत्र, घटना विवरण कागज गर्ने जसु रोकाया, हरि सिंह रावतको कागज एवं बकपत्रसमेतबाट यी प्रतिवादीको कसुर अपराधमा संलग्नता रहेको निर्विवाद पुष्टि भइरहेको देखिँदा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको फैसला अन्यथा गर्नुपर्ने देखिएन । आत्मरक्षाको लागि चक्कु चलाएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निजको पुनरावेदन जिकिर मिसिल संलग्न प्रमाणहरूबाट खम्बिर हुन नसकेकोले उक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी रत्नबहादुर रोकाया, सक्कली रोकाया मानबहादुर रोकाया र प्रकाश ऐडीको अनुसन्धानका क्रममा तथा अदालतसमक्षको बयानबाट अमृता रोकायाले आफ्नो दिदी जसु रोकाया र काका वरून्या रावत लिई प्रतिवादी रत्नबहादुर रोकायाको कोठामा आई गाली गलोज झै–झगडा गर्दा प्रतिवादी सक्कली रोकाया आफ्नो माइती लिई आउँछु भनी

बाहिर निस्केपछि प्रतिवादी रत्नबहादुर रोकायासमेत साथै गएपछि प्रतिवादी मानबहादुर रोकायाको अमृता रोकायासँगै झैझगडा हुँदा प्रतिवादी मानबहादुर रोकायाले अमृताको शरीरको विभिन्न भागमा चक्कु प्रहार गरी भागी गएको भन्ने यी प्रतिवादीसमेतको बयान हुनुका साथै प्रतिवादी मानबहादुर रोकायाले पनि आफूले चक्कु प्रहार गरी त्यहाँबाट भागी गएको, मृतक अमृतालाई मार्ने मराउनेमा अन्य कसैको हात नभएको, आफ्नै प्रहारबाट मृत्यु भएको हो भनी बयानमा लेखाएको पाइने।

प्रतिवादीहरूको मौका र अदालतको बयान एक अर्कासँगै विरोधाभास नभई मेल खाएबाट यी प्रतिवादीहरूसमेतले अमृतालाई कुटपिट गरी मारेको भन्ने देखिन आएन। साथै मृतकको लास जाँच मुचुल्का हेर्दा निजको शरीरको विभिन्न भागमा गहिरो काटिएको घाउ चोटहरू देखिएबाट उक्त घाउ चोटहरू यी प्रतिवादीहरूले कुटपिट गरेको नभई प्रतिवादी मानबहादुर रोकायाले चक्कु प्रहार गरेको घाउ चोट हो भन्ने कुरा समर्थित हुन आएको देखिने। मृतक अमृता रोकाया प्रतिवादी लोग्ने रत्नबहादुर रोकायासँग सम्बन्ध मिलाउन निजको डेरा कोठामा जाँदा यी प्रतिवादीहरूसँगै गाली गलोज झैझगडा भई प्रतिवादी मानबहादुर रोकायाले अमृता रोकायालाई कोठाबाट बाहिर निकाली झैझगडा गर्दा छुट्याउनु पर्नेमा प्रतिवादी सक्कली रोकाया बजारतर्फ गएकी र प्रतिवादी रत्नबहादुर रोकाया पनि पछि लागि गएबाट मृतकलाई मार्नमा निजहरूसमेत मतसल्लाहमा पसेको भन्ने पुष्टि भइरहेको अवस्थामा आकर्षित हुने मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं.को कसुर गरेको ठहराई ३ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रत्नबहादुर रोकायाले अनुसन्धानका क्रममा भएको बयानमा प्रकाश ऐडी आफ्नो साथमा वारदातस्थलमा भएको तर निजले घरको मामिला भनी चुप लागी बसेको भनी उल्लेख गरेबाट निज प्रकाश ऐडीको वारदातस्थलमा उपस्थिति रहेकोसम्म देखिन्छ। तर निजको उक्त वारदातमा कुनै संलग्नता नभई छुट्याउने प्रयास गरेको देखिँदा पुनरावेदन अदालतबाट निजलाई अभियोग दाबीबाट सफाइ दिने गरेको फैसला मिलेकै देखियो। प्रतिवादी प्रकाश ऐडीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट प्रतिवादी अरविन भन्ने मानबहादुर रोकायलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू रत्नबहादुर रोकाया र सक्कली रोकायालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद तथा प्रतिवादी प्रकाश ऐडीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू बाँके जिल्ला अदालतको मिति २०६९।६।८ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७०। । को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पौष २४ गते रोज २ शुभम्।

**४**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-११४१ र ०७२-CR-०२३८, राजस्व रकम अनियमितता गरी भ्रष्टाचार गरेको, *रामकरण महतो वि. नेपाल सरकार र नेपाल सरकार वि. वीरेन्द्र महासेठसमेत*

विशेष अदालतबाट सफाइ पाएका प्रतिवादीहरू रघुनाथ सुवेदी खगेश्वर ढकाल र वीरेन्द्र

महासेठउपरको अभियोग दाबी तथ्यमा आधारित नरहेको तथा दस्तुर उठाउने कार्यमा प्रत्यक्ष संलग्नता नरहेको भनी लिएको यी प्रतिवादीहरूको बयान जिकिरलाई खण्डन गर्ने गरी वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको अवस्था छैन। यी प्रतिवादीहरूले आफू निर्दोष रहेको कुरा मौकामा तथा अदालतसमक्षको बयानमा प्रस्ट लेखाएका छन्, त्यसैगरी सो कुरालाई आफ्नो साक्षीको बकपत्रबाट थप पुष्टि गरेको अवस्था छ । बरामदी मुचुल्काको समयमा प्रतिवादीहरू खगेश्वर ढकाल रघुनाथ सुवेदी डिभिजन सडक कार्यालय भरतपुरमा हाजिर रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको र उक्त मितिमा यी प्रतिवादीहरू अन्यत्र खटिएको भन्ने डिभिजन सडक कार्यालयको मिति २०७०।०२।१२ को पत्रबाट देखिन्छ। यिनीहरूको संलग्नतामा राजस्व रकम हिनामिना भएको तथ्ययुक्त प्रमाणको अभावमा अनुमानको आधारमा दोषी करार गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । तसर्थ यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिनेगरी भएको विशेष अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

बरामद भएको रकम राजस्व चुहावट गरेको र सो रकम दाखिल नगरी हिनामिना भएको भन्ने प्रमाणित भएको अवस्था पनि छैन। दाबी गरेको १२ लाखको रकमका अर्धकट्टीहरू भेटिएको तर त्यो रकम राजस्व दाखिल नगरेको भन्ने प्रमाणित छैन। यसरी भेटिएका अर्धकट्टी टिकटहरूको पुनः प्रयोग भई राजस्व हिनामिना भएको हो सो कुरासमेत मिसिल कागज प्रमाणबाट खुल्न सकेको अवस्था छैन । हिनामिना भएको रकम कति हो सो खुलेको छैन। कुन प्रतिवादीले कति रकम राजस्वबापत उठाई हिनामिना गरेको हो सोतर्फ कुनै प्रमाण पेस नभएको, कर्मचारी बस्ने कोठाबाट बरामद भएको रकम आफूले फाइदा लिई सरकारलाई नोक्सान पारेको वा पार्ने उद्देश्यसाथ राखेको भन्ने नदेखिएकोसमेत देखिँदा अनुमानको भरमा राजस्व हिनामिना गरी राखेको भन्ने अभियोग दाबी वस्तुनिष्ठ आधारबाट पुष्टि नभएको र अनुमानको भरमा अभियोग लागेको देखिन आई यो यति रकम भ्रष्टाचार गर्ने उद्देश्यले हिनामिना गरेको हो भनी मिसिल संलग्न कागजबाट प्रमाणित भएको नदेखिँदा रकम जम्मा नगरेको आधारलाई मात्र अनुमान गरी कसुर ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीहरू विष्णुप्रसाद पौडेल, राजकुमार कटुवाल र रामकरण महतोलाई सजाय हुने गरी भएको विशेष अदालतको फैसला मिलेको देखिन नआउने।

भ्रष्टाचारको कसुर ठहर भएकोले प्रतिवादी विष्णु पौडेलले श्रीधर आचार्यलाई पठाएको रू.१ लाख, प्रतिवादी राजकुमार कटुवालले श्रीमती दुर्गा कँडेललाई पठाएको रू.१२ लाख तथा प्रतिवादी रामकरण महतोले आमा सुलोचना देवीको नाममा पठाएको रू.८५,०००/- रकमसमेत जफत नगरेको फैसला नमिलेको भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा माथि उल्लिखित आधार कारणहरूबाट यी प्रतिवादीहरूउपरको अभियोग मागदाबी पुष्टि हुन नसकी सफाइ पाउने ठहरेकोले निजहरूले पठाएको रकम सम्बन्धमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने।

प्रतिवादी विष्णुप्रसाद पौडेलले आफूबाट बरामद भएको रकम बैंक दाखिला गर्न बाँकी रहेको राजस्व रकम भएको तथा खुद्रा पैसा चाहिने भएकाले बैंक दाखिला गर्न नसकिएको भनी बयान गरेका साथै केही रकम आफ्नो सर सापटीको रकम भएको भनी उल्लेख गरेको कुरा आफ्ना साक्षीको बकपत्रबाट पुष्टि गराएका छन् । आफूले अभियोगबमोजिमको कसुर नगरेको भनी मौकामा तथा अदालतमा पूर्णरूपले इन्कार रही बयान गरेका प्रतिवादी विष्णुप्रसाद पौडेलको इन्कारीलाई खण्डन हुने गरी वादी पक्षबाट

ठोस वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । वस्तुनिष्ठ प्रमाणको अभावमा अनुमानको भरमा दोषी करार गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुने हुन्छ। कर्मचारीको साथमा राजस्वको रसिदभन्दा बढी पैसा रहनु अर्थात् कर्मचारीको साथबाट पैसा बरामद हुनु आफैँमा भ्रष्टाचारजन्य कार्य हुन सक्दैन। भ्रष्टाचार जन्य कसुर हुन भ्रष्टाचार जन्यकार्य गरेको हुनुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूको के कुन कार्यबाट भ्रष्टाचारजन्य कसुर हुन गयो भन्ने कुरा निर्विवाद पुष्टि हुन सकेको छैन। अतः यी प्रतिवादीलाई कसुरदार ठहर गर्ने गरी भएको फैसलासँग सहमत हुन नसकिने।

प्रतिवादी राजकुमार कटुवालले रसिदअनुसारको रकम बैंक दाखिला गरिएको छ, कुनै हिनामिना गरिएको छैन भनी मौकामा बयान गरेका र सोही कुरा अदालतसमक्ष बयान गर्दा उल्लेख गरेका र आफ्नो अभियोग दाबीबमोजिमको कसुरमा गरेको इन्कारी बयानलाई आफ्ना साक्षीको बकपत्रबाट पुष्टि गराएको अवस्था छ । उनले हरेक दिन उठेको रकम राजस्वमा दाखिला भएको र आफूले चुहावट हिनामिना नगरेको भनी गरेको बयानलाई खण्डन गर्नेगरी वादी पक्षले ठोस प्रमाण पेस गर्न सकेको पाइँदैन। यी प्रतिवादीबाट बरामद भएको रकम सडक दस्तुर संकलन गरेको रकम नै हो भनी अनुमानको भरमा कसुरदार कायम गरी सजाय गर्दा न्यायको मर्ममाथि प्रहार हुन जान्छ। दश जना अपराधी छुटुन् एक जना निरपराध नपरोस् भन्ने न्यायको मान्य सिद्धान्तविपरीत अनुमानको भरमा कसुरदार कायम गर्ने कार्य उचित देखिन नआउने।

प्रतिवादी रामकरण महतोले मौकामा बयान गर्दा बरामद भएको रकम आफ्नै व्यक्तिगत भएको, आफूले राजस्व हिनामिना नगरेको भनी उल्लेख गरेका सोही बेहोरा अदालतमा समेत बयान गरी आफू कसुरमा इन्कार रही बयान गरेका र सो कुरालाई आफ्ना साक्षीको बकपत्रसमेतबाट पुष्टि गराएका छन्। आमाको खातामा पठाएको रकम सञ्चयकोष तथा विभिन्न व्यक्तिहरूबाट लिएको सापटीको रकम भएको भनी उल्लेख गरेकासमेतबाट उक्त रकम राजस्व हिनामिना गरेकै रकम हो भनी अनुमान लगाई सोही अनुमानको भरमा कसुरदार कायम गर्नु न्यायसम्मत हुने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारण तथा प्रमाणसमेतबाट यी प्रतिवादीहरूउपर दाबी गरिएको अभियोग वस्तुनिष्ठ प्रमाणको अभावमा प्रमाणित हुनसकेको देखिन आएन । प्रतिवादीहरूबाट रकम बरामद हुनु नै राजस्व रकम हिनामिना हुनु हो भनी अनुमानको भरमा कसुरदार कायम गर्न फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जान्छ, कसुर प्रमाणित हुन स्वतन्त्र वस्तुनिष्ठ प्रमाणको आवश्यकता हुन्छ। कसुर प्रमाणित हुने स्वतन्त्र वस्तुनिष्ठ प्रमाणको अभाव देखिन आएकोले प्रतिवादीहरू विष्णुप्रसाद पौडेल, राजकुमार कटुवाल र रामकरण महतोलाई जरिवाना तथा कैद सजाय हुनेगरी भएको विशेष अदालतको मिति २०७१।९।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख १९ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१३५२, दूषित लिखत, निर्णय बदर गरी अंशबन्डाबमोजिमको जग्गा हाम्रो नाउँमा दर्ता कायम गरिपाऊँ, *भूमिप्रसाद निरौला वि. गुनो राजवंशीसमेत*

बिना सहीछाप लिखतबाट कुनै व्यक्तिको नाउँमा जग्गा दा.खा. हुन सक्तैन । एकाको नाउँबाट अर्कोको नाउँमा जग्गा दा.खा. हुनका लागि अनिवार्यरूपमा हक छाडेको वैद्यानिक लिखत

हुनुपर्छ। अर्कोतर्फ २०२३ सालमा राजीनामाबाट गाउँ पञ्चायतले खरिद गरेको भने तापनि २०३५ सालमा विवादित जग्गा वादीका हाँगाका ४ जनामा नामसारी भएको र २०३७ सालमा बन्डापत्र भएको अवस्थामा २०२३ सालको गाउँ पञ्चायतको नाममा दा.खा. गर्ने मालपोत कार्यालयको निर्णय कानूनसङ्गत देखिन नआउने।

जहाँसम्म जग्गा दा.खा. नामसारीका समयमा यी वादीहरूलाई दिएको म्यादमा उपस्थित नभएकोले उक्त २०२३/३/१३ को लिखतको पुष्टि भएको भन्ने तर्क छ, दा.खा. नामसारीको समयमा उपस्थित नभएकै आधारमा आफ्नो सम्पत्तिको हकबाट वञ्चित हुने कुरा न्यायसङ्गत मान्न सकिँदैन । व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्ति स्वेच्छाचारी ढङ्गले हरण नगरिने मानव अधिकार विधिशास्त्रीय मान्यता रहेको पाइन्छ । नेपालको प्रचलित संविधानमा नागरिकको सम्पत्तिसम्बन्धी हकलाई मौलिक हकको रूपमा मान्यता दिई नागरिकको सम्पत्ति स्वेच्छाचारी ढङ्गले राज्यले लिन नपाउने प्रावधानसमेतले उपर्युक्त कुराको पुष्टि गर्दछ । कानूनको शासन (Rule of Law) को सिद्धान्तबमोजिम कानूनभन्दा माथि कोही पनि हुँदैन, व्यक्ति मात्र होइन राज्यले पनि कानूनको परिपालना गर्नुपर्छ। प्रतिवादी गा.वि.स.ले देखाएको हकको स्रोतको लिखतको प्रकृति हेर्दा हक छाडिदिएको भनिएको व्यक्तिको सहीछाप नै देखिँदैन । यसरी अनाधिकृत लिखतको आधारमा लिएको महादेवा गा.वि.स.को प्रतिउत्तर जिकिर वैध मान्न सकिने अवस्था नदेखिने।

तसर्थ, माथि विवेचित तथ्य र प्रमाणहरूबाट मिति २०३५/९/२ को नामसारी निर्णय र मिति २०३७/१२/२८ को पारित बन्डापत्रबाट यी वादीहरूको नाउँमा मालपोत कार्यालयमा दर्ता स्रेस्ता कायम रहिरहेको अवस्थामा प्रत्यर्थी प्रतिवादीको हकको स्रोतको सक्कल लिखत पेस हुन नसकिरहेको र मिसिल संलग्न मिति २०२३/३/१३ को लिखतको आधिकारिकतासमेत पुष्टि भई नरहेको परिप्रेक्ष्यमा प्रत्यर्थी प्रतिवादीको नाउँमा विवादित कि.नं. ९३ दर्ता कायम हुने ठहऱ्याएको सुरू फैसला उल्टी गरी महादेवा गा.वि.स. को नाउँमा दाखिल खारेज नामसारी गर्ने मालपोत कार्यालय झापाको मिति २०३५/१०/२५ को निर्णयसमेत बदर भई विवादित जग्गा फिराद दाबीबमोजिम पुनरावेदकहरूका नाउँमा दर्ता कायम हुने ठहर्छ भनी गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः संजय जैसवाल

इति संवत् २०७४ साल साउन १६ गते रोज ४ शुभम्।

## ६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१२-CI-११३०, उत्प्रेषण / परमादेश, *लक्ष्मण रिजाल वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

निवेदक लक्ष्मण रिजालले मिति २०६६।३।२ को द.नं. ३१३०३ मा मेरो बुबा हरिभक्त रिजालका नाउँमा साबिक मौजा साङला र.नं. २९६ कायम भई नापी हुँदा काभ्रेस्थली गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. ७०, ७२ र ऐ ९(ग) को कि.नं. ८८ को क्षेत्रफल क्रमशः ३-८-०-०, ६-१४-०-० र २-१२-०-० को जग्गा बुबा हरिभक्त रिजाल र आमा तेजकुमारी रिजालको मृत्यु भइसकेकोले निजहरूको हक खाने एक्लो हकदार म भएको र उक्त जग्गा दर्ता गर्न हालसम्म छुट भएकोले दर्ता नामसारी गरिपाउँ भनी निवेदन दिएकोमा उक्त जग्गाहरू दर्ता छुट भएकोले निवेदकका नाममा दर्ता नामसारी गरिदिनु भन्ने काभ्रेस्थली गाउँ विकास समितिको च.नं. ५६७ र ५६८ मिति २०६८।८।२१ को सिफारिस साथ रहेको सर्जमिन मुचुल्काबाट देखिन्छ । उक्त कि.नं.का जग्गाको मोठ भिडाउँदा नेपाल सरकारको नाउँमा दर्ता देखिएको र उक्त कित्ता दर्ता प्रमाणित स्रेस्ता कायम भएको

नदेखिएको र पछि मिति २०४४।९।८ को निर्णयले सरकारी दर्ता भनी साबिककै स्रेस्तामा कैफियत जनाई मिति २०४४।९।८ मा स्रेस्ता प्रमाणित भएको मिसिल संलग्न कागजातबाट देखिने।

नेपाल सरकारको नाउँमा दर्ता भइसकेको दर्ता सदर रहेसम्म साबिक प्रमाणको मूल्याङ्कन गरी नेपाल सरकारको दर्ता सच्याई व्यक्तिको नाममा दर्ता गर्ने अधिकार यस कार्यालयलाई नरहेको भनी जग्गा प्रशासन निर्देशिका, २०५८ को नियम ६०(क) बमोजिम निवेदन दाबी खारेज हुने ठहराई मालपोत कार्यालय डिल्लीबजारबाट निर्णय भएको देखिने।

मालपोत ऐनको प्रस्तावनालगायतका कानूनी प्रावधानहरूको समग्र अध्ययनबाट मालपोत कार्यालयलाई जग्गाको दर्तासम्बन्धी विवादमा आवश्यक प्रमाणहरू बुझी निर्णय गर्ने निकायका रूपमा राखेको देखिन्छ। कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग गर्दा विवादित विषयसँग सम्बन्धित विषयको आवश्यक प्रमाण बुझ्नेलगायतका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी दुवै पक्षबाट प्रस्तुत भएका प्रमाण कागजातहरूको विश्लेषण गरी जुन पक्षको प्रमाण बलियो देखिन्छ सोही पक्षको हकमा निर्णय गर्नुपर्ने कुरा प्रचलित न्याय निरूपणसम्बन्धी मान्यता पनि हो। मालपोत कार्यालय पनि यस्ता प्रकृतिको विवादको न्यायिक निरूपण गर्ने निकायका रूपमा कानूनले स्थापना गरेको हुँदा आफूसमक्ष पर्न आएको यस्तो प्रकृतिको विवादका सन्दर्भमा कानूनबमोजिम पुऱ्याउनु पर्ने आवश्यक प्रक्रिया पुऱ्याई निर्णयमा पुग्नुपर्ने।

निवेदक लक्ष्मण रिजालले आफ्ना बुबाआमाको मृत्युपश्चात् आफू एकलौटी हकवाला भनी मृत्यु दर्ता, नाता प्रमाणित, फिल्डबुक दर्ता र गाउँ विकास समितिको सिफारिस उल्लिखित जग्गा निजले नै जोत भोग गरी आएको भन्ने बेहोराको सर्जमिन मुचुल्का र साबिक लगतसमेतका कागज संलग्न गरी निवेदन दिइसकेपश्चात् निजले दिएको निवेदनबमोजिम लगत भिड्छ भिड्दैन, चारकिल्ला र अन्य प्रमाणहरूसमेतको अवस्था के कस्तो छ झिकाई, बुझी, हेरी मागबमोजिम निजको नाममा दर्ता हुने, नहुने के हो ? सो विषयमा निर्णयमा पुग्नुपर्नेमा नेपाल सरकारको नाममा दर्ता भएको एक मात्र कारण देखाई दर्ता सच्याई व्यक्तिका नाममा दर्ता गर्ने अधिकार नभएको भनी मालपोत कार्यालयबाट भएको मिति २०७०।६।११ को निर्णय यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्त एवं न्याय निरूपणसम्बन्धी प्रचलित कानूनी सिद्धान्तसमेतको प्रतिकूल देखिँदा कायम रहन सक्ने अवस्थाको नदेखिने।

तसर्थ उल्लिखित आधार कारण तथा नजिर सिद्धान्तसमेतबाट मालपोत कार्यालय डिल्लीबजारको मिति २०७०।९।११ को आदेश कानून प्रतिकूलको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याई निवेदकले पेस गरेका तथा अन्य कानूनबमोजिम जे जो प्रमाण बुझ्नु पर्ने हो बुझी निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालयका नाममा परमादेश जारी गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने।

अत: मिति २०७१।७।५ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल मङ्सिर २९ रोज ६ शुभम्।

## इजलास नं. ५

### १

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-०४१५, सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको

रकम हिनामिना तथा दुररूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. लालबाबु रायसमेत*

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयको मिति २०७०।१२।१० को विद्यालय सञ्चालनमा रहेको पत्र, प्रतिवादीको बयान तथा निजको साक्षीको बकपत्रसमेतबाट हंस जनता प्राथमिक विद्यालय सञ्चालनमा रही कक्षा ३ सम्म पठनपाठन भएको देखिन आयो । यसरी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सर्लाही, मलंगवाको पत्र, प्रतिवादीहरूको बयान, प्रतिवादीका साक्षीको अदालतसमक्षको बकपत्रसमेतबाट हंस जनता प्राथमिक विद्यालय, सिमरा सञ्चालनमा रहेको भनी देखिन आउने ।

अब आरोपपत्रमा उल्लेख भएअनुरूप प्रतिवादीहरूले सरकारी रकम रू.२,४९,०५२।- हिनामिना गरी भ्रष्टाचार गरेको हो वा सो रकम बेरूजु हो भन्नेतर्फ विचार गर्दा, मिति २०७१।५।२४ मा जिल्ला शिक्षा कार्यालय सर्लाही, मलंगवा च.नं. ७२५ को पत्रमा हंस जनता प्राथमिक विद्यालयलाई बेरूजु रकम दाखिला गर्न भनी पत्राचार भएको मिसिल संलग्न कागजातबाट देखियो । सोही अनुरूप जिल्ला शिक्षा कार्यालय सर्लाही, मलंगवाको मिति २०७१।९।१३ को पत्रमा रकम दाखिला भएको सम्बन्धमा भनी पत्राचार भएको देखियो । उक्त पत्रमा हंस जनता प्राथमिक विद्यालय, सिमराको चल्ती हिसाब नं. १९५८७ मा निकासा भएको रकम रू.४,४९,६९२.३८।- नेपाल बैंक लिमिटेड, मलंगवा शाखामा रहेको खाता क-१-१-००१ कार्यालयको कोड नम्बर १९-३५०-०१ को राजस्व शीर्षक नम्बर १५११२ मा रकम फिर्ता गरेको भौचर नं.२५१८१०७६, मिति २०७०।११।२८ मा रू.२,००,०००।- (दुई लाख) र भौचर नं.२५९२७७२६ मिति २०७१।९।९ गतेमा रू.२,४९,०५२।- (दुई लाख उनन्पचास हजार बाउन्न रूपैयाँ) जम्मा गरेको पेस हुन आएको बेहोरा प्रमाणित गरिन्छ भनी उल्लेख भएको देखियो । यसरी जिल्ला शिक्षा कार्यालयबाट नै बेरूजु रकम दाखिला गर्न भनी भएको पत्राचारअनुरूप प्रतिवादीबाट रकम दाखिला भएको जिल्ला शिक्षा कार्यालयको पत्र एवं मिसिल संलग्न कागजातबाट बेरूजु नै रहेको देखिन आउने ।

वादीले सञ्चालनमा नभएको विद्यालयको नाममा नेपाल सरकारबाट अनुदान रकम प्राप्त गरी सो रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनी जिकिर लिएको तर प्रतिवादी पक्षले विद्यालय सञ्चालनमा नै रहेको, नेपाल सरकारबाट प्राप्त अनुदानको रकम बेरूजुको रूपमा रहेकोले सो रकम नेपाल सरकारलाई नै फिर्ता गरेको भनी जिकिर लिएको देखिन्छ । उल्लिखित अवस्थालाई विचार गर्दा सर्वप्रथम भ्रष्टाचार र बेरूजुको बारेमा स्पष्ट हुनुपर्ने देखियो । सो सन्दर्भमा हेर्दा, बेरूजु रकम कुनैपनि संस्था वा व्यक्तिलाई कुनै उद्देश्य प्राप्तिको लागि दिइएको अग्रिम पेस्की स्वरूप पेस्की प्रदान गरिएको रकम बिल, भरपाई र खर्च आयव्यय भुक्तानी गर्दा नपुग रकमलाई जनाउँछ । त्यस्तै आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा "बेरूजु भन्नाले प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार" भनी बेरूजुको परिभाषा गरेको देखिन्छ । तर भ्रष्टाचार हुनको लागी सरकारी सम्पत्ति व्यक्तिगत हित वा फाइदा पुऱ्याउनको लागि प्रयोग गरिएको हुनुपर्दछ । त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ हेर्दा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुने छ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग

गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिनेछ ।" यसरी हेर्दा भ्रष्टाचार हुनको लागि आफ्नो व्यक्तिगत हितको लागि सरकारी सम्पत्ति लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको हुनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अनुदान स्वरूप निकासा भएको रकम लिएको रकम निजहरूले बदनियतपूर्वक रूपमा हिनामिना गरी गैरकानूनी रूपमा खर्च नगरेको र निकास भई खर्च हुन नसकेको रकम प्रतिवादीहरूले सम्बन्धित खातामा जम्मा गरिसकेको देखियो । यसरी उल्लिखित परिभाषासमेतबाट प्रतिवादीहरूले विद्यालयको नाममा प्राप्त गरेको अनुदानको रकम बेरूजु रहेको र सो रकम राजस्व खाता क-१-१-००१ मा दाखिला गरिसकेको अवस्थामा प्रतिवादीहरूले विद्यालयलाई प्राप्त अनुदान रकम बदनियत चिताई खर्च गरी भ्रष्टाचारजन्य कसुर गरेको भनी मान्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा पनि नेपाल सरकारद्वारा सञ्चालनमा रहेको विद्यालयले निर्माण कार्यबापत निकासा पाएको अनुदान रकम अनियमित रूपमा खर्च गरेको भनी अनुदान दिने सरकारी निकायले बेरूजु रकम दाखिला गर्न पत्राचार गरेको र बेरूजु भएको रकम विद्यालयले राजस्व खाता क-१-१-००१ मा जम्मा गरी असुल भइसकेको देखियो । यसर्थ उक्त तथ्यहरूबाट प्रत्यर्थीहरूले विद्यालय नै स्थापना नगरी भ्रष्टाचार निवारण ऐनको दफा १७ बमोजिमको कसुर गरेको भन्ने नदेखिँदा वादी नेपाल सरकारको प्रतिवादीउपरको भ्रष्टाचार आरोप मागदाबी पुग्न सक्ने नदेखिने ।

अतः उल्लिखित आधार, प्रमाण र नजिरसमेतबाट हंस जनता प्राथमिक विद्यालय, सिमरा सञ्चालनमा रहेको र प्रतिवादीहरूको कार्य भ्रष्टाचार नभई बेरूजुअन्तर्गत रहेको देखिँदा प्रतिवादीहरूले दाबीको कसुर गरेको भन्न मिल्ने अवस्था नभएकोले यी प्रतिवादीहरू लालबाबु राय यादव र विन्दुकुमारी यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०७२।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम् ।

## २

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-०५६६, वैदेशिक रोजगार, *नेपाल सरकार वि. संजिवकुमार साहसमेत*

प्रतिवादी संजयकुमार साहले जाहेरवालालाई रोजगारीको लागि बेलायत पठाइदिन्छु भनी रकम लिएको र बेलायत नपठाई लिएको रकम फिर्ता नगरेकोले वैदेशिक रोजगार कसुरमा कारबाही गरिपाउँ र लिएको रकम क्षतिपूर्ति दिलाई पाउँ भनी जाहेरी दिएकोमा अनुसन्धानको सिलसिलामा जाहेरवालाले प्रतिवादीबाट रकम फिर्ता पाइसकेको हुँदा जाहेरी फिर्ता पाउँ भनी निवेदनसमेत दिएको देखिन्छ । प्रतिवादीले आफूले वैदेशिक रोजगार व्यवसाय सञ्चालन पनि नगरेको, जाहेरवाला रामकृष्ण धिताल र राकेश क्षेत्रीसँगबाट घर व्यवहार चलाउनको लागि रकम लिएको हुँ । वैदेशिक रोजगारीको लागि लिएको होइन । मलाई जबरजस्ती वैदेशिक रोजगारीको कागज गराएका हुन् । जाहेरवालासँग लिएको रकम फिर्ता गरिसकेको छु भनी अनुसन्धान क्रममा तथा वैदेशिक रोजगार न्यायाधिकरणमा कसुरमा पूर्ण इन्कार गरी बयान गरेको देखिने ।

प्रतिवादीका साक्षी राजेन्द्र साहले वैदेशिक रोजगार न्यायाधिकरणमा प्रतिवादी संजिवकुमार साह वैदेशिक रोजगारी व्यवसायी होइनन् निजले घर व्यवहार चलाउनका लागि रकम लिएको हो भनी बकपत्र गरेको देखिन्छ । वादी नेपाल सरकारको अभियोगपत्रमा नै जाहेरवालाले प्रतिवादीबाट रकम फिर्ता पाइसकेकोले दफा ४३ बमोजिम सजाय हुन र बिगोको हकमा फिर्ता

पाएको भन्ने जाहेरवालाको निवेदन र सो निवेदन सनाखतसमेत गरेको हुँदा बिगोमा दाबी नलिएको भनी उल्लेख भई आएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी दाबी प्रमाणित गर्ने दायित्व यी वादी नेपाल सरकारको रहेको सन्दर्भमा नेपाल सरकारका साक्षीहरू उपस्थितिको लागि पटकपटक ताकेता गर्दा पनि उपस्थित गराएको र अभियोग खम्बिर गराएको देखिएन। यस्तो अवस्थालाई प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट पुष्टि गराउनु पर्ने सो गर्न सकेको देखिँदैन । जाहेरवाला स्वयंले आफ्नो रकम फिर्ता पाइसकेकोले जाहेरी फिर्ता पाउँ भनी निवदेन दिएको र प्रतिवादीले पनि जाहेरवालासँग लिएको रकम घर व्यवहार चलाउन लिएको र जाहेरवालालाई फिर्ता दिइसकेको हो भनी कसुरमा इन्कार गरी बयान गरेको देखिँदा प्रतिवादीले लिएको रकम असुलउपर भएको र वादी पक्षले पनि यी प्रतिवादीले जाहेरवालासँग वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम लिएको हो भन्ने कहीँकतैबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीलाई अभियोगबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः उल्लिखित आधार, प्रमाण र कारणबाट यी प्रतिवादीउपरको अभियोग माग दाबी नपुग्नी गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल भाद्र १४ गते रोज ४ शुभम्।

**३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०१२७, परमादेश, *प्राचार्य सुजन माक वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत*

मिति २०७४।४।४ गतेका दिन कान्तिपुर दैनिक पत्रिकामा पुर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि / संकायअन्तर्गत आङ्गिक एवं सम्बन्धन प्राप्त क्याम्पस कलेजहरूमा Bachelor in Civil Engineering, Bachelor in Computer Engineering लगायतका शैक्षिक कार्यक्रमहरूमा प्रवेश परीक्षाको आवेदन फारम भर्नेसम्बन्धी सूचना प्रकाशित गरियो । सो सूचनाअनुसार प्रवेश परीक्षाको सामान्य दस्तुरतर्फ आवेदन फारम भराउने अन्तिम मिति २०७४।५।२ र दोब्बर दस्तुरतर्फ २०७४।५।८ गतेसम्मको समय सीमा तोकिएकोमा अन्य कारणबाट उक्त समयावधिलाई मिति २०७४।५।९ गते सामान्य दस्तुर कायम गरी र त्यसपछि २०७४।५।१४ गतेसम्म थप दस्तुर लिई प्रवेश परीक्षा आवेदन फारम भर्न भराउनका लागि भनी मिति २०७४।५।२ गते पुनः कान्तिपुर पत्रिकामा नै पुरक सूचना प्रकाशित गरियो । सोही सूचनाअनुरूप निवेदक कलेजले जम्मा ९८४ जना परीक्षार्थीहरूबाट प्रवेश परीक्षा शुल्कसहितको आवेदन फारमहरू मिति २०७४।५।९ गते शुक्रबार साँझ ५ बजेसम्म बुझी लिएको र मिति २०७४।५।११ गते आइतबार दिनको २ बजेभित्रै निवेदक कलेजको च.नं.२६७/०७४/०७५, मिति २०७४।५।११ गतेको पत्रसहित विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, सिनामंगलमा बुझाउन पुगेकोमा दोब्बर दस्तुर लाग्ने भनी नबुझी मिति २०७४।५।१२ गते विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, सिनामंगल, काठमाडौंका कर्मचारीद्वारा ***"२०७४।५।११ को बैंक भौचर भएकाले फाराम फिर्ती"*** भन्ने बेहोरासहित निवेदक कलेजलाई फिर्ता गरेबाट विपक्षीले गैरकानूनी रूपमा दोब्बर दस्तुर लिन खोजेको साथै विपक्षीहरूका काम कारबाहीबाट आवेदक परीक्षार्थीहरू परीक्षा दिन पाउने हकबाट वञ्चित हुने हुँदा सो कार्य गर्न नपाउने गरी परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकको मागदाबी रहेको देखिने।

निवेदकले मिति २०७४।५।११ गते आइतबार

आवेदन फारामबापतको रकम बुझाएकोमा मिति २०७४।५।१२ गते विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, सिनामंगलका कर्मचारीद्वारा ***"२०७४।५।११ को बैंक भौचर भएकोले फारम फिर्ता"*** भन्ने बेहोरा उल्लेख गरी फारम फिर्ता गरेकोमा निवेदक कलेजले मिति २०७४।५।१४ मा नबिल बैंकमा दोब्बर दस्तुर बुझाइसकेको मिसिल संलग्न बैंकको भौचरबाट देखियो । यसरी यस अदालतबाट मिति २०७४।५।१५ मा अन्तरिम आदेश जारी हुनुअघि नै निवेदकले विद्यार्थीहरूको आवेदन फारामबापतको रकम बुझाई भर्नासमेत भइसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो होइन भन्ने विषयमा विचार गरिरहनु पर्ने ।

अतः रिट निवेदन खारेज हुने ठहर्छ । साथै यस अदालतबाट मिति २०७४।५।१५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत: सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल माघ २४ गते रोज ५ शुभम् ।

**४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CI-०८९३, टण्टा खिचोला चलन, *जोगी राय यादव वि. देवकी राय यादव*

वादी देवकी राय यादवले कि.नं.३४४ को ज.वि.०-७-३ जग्गाबाट प्रतिवादी जोगी राय यादवले ज.वि.०-१-२ जग्गा टण्टा खिचोला गरेको भनी आफ्नो फिरादपत्रमा दाबी लिएकोमा वादीले दाबी लिएभन्दा बढी प्रतिवादीले खिचोला गरेको भनी वादी दाबीभन्दा बाहिर गई भएको सुरू जिल्ला अदालतको फैसला र सोलाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने भन्ने यी पुनरावेदक प्रतिवादीको मुख्य पुनरावेदन जिकिर रहेको देखिने । प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा सुरू बारा जिल्ला अदालतको आदेशानुसार मिति २०६६।९।७ गते भई आएको नक्सा मुचुल्का अध्ययन गर्नुपर्ने हुन आउँछ । उक्त नक्सा मुचुल्का अध्ययन गर्दा न.नं.१ मा वादीको कि.नं.३४४ को क्षे.फ.०-५-१८-२ ३/४ जग्गा देखिन आउँछ । उक्त जग्गा उत्तरतर्फ १४१ फिट, दक्षिणतर्फ १२४.४ फिट, बिचमा १२९ फिट र त्रिभुजमा १६९ फिट, पश्चिमतर्फ ८५ फिट, बिचमा ६४ फिट तथा पूर्वतर्फ ६८ फिट रहेको देखिने । न.नं.२ को जग्गा झगडा जनिएको जग्गा भई क्षेत्रफल ०-१-३-६ ३/४ देखिन आएको छ । जसको क्षेत्रफलमा उत्तरतर्फ १४९ फिट, दक्षिणतर्फ १४८ फिट, पश्चिमतर्फ २९.६ फिट, पूर्वतर्फ २८ फिट देखिन्छ । उक्त जग्गा प्रतिवादी जोगी राय यादवको भोगमा रहेको भनी उल्लेख भएको पाइन्छ । यसैगरी न.नं.३ को क्षे.फ.०-०-९-१२ को जग्गा उत्तरतर्फ १४८ फिट, दक्षिणतर्फ ४२ फिट, पूर्वतर्फ ४२ फिट तथा पश्चिमतर्फ ५६ फिट रहेको देखिने । न.नं.४ को कि.नं.७८ मा ०-०-१६-० ३/४, न.नं.५ को कि.नं.७९ मा क्षे.फ.०-०-१३-१४ १/४, न.नं.६ को कि.नं.८१ मा क्षे.फ.०-०-९-१२ ३/४ र न.नं.७ को कि.नं.३४७ मा क्षे.फ.०-०-०-१३ ३/४ रहेको देखिन्छ । न.नं.३ को जग्गामा साबिकमा पैनी रहेको र हाल पुरिएको तथा उक्त पुरिएको जग्गा प्रतिवादीको भोगमा रहेको भन्ने देखिन्छ । न.नं.४ को जग्गा प्रतिवादी रामदेव रायसमेतको भोगमा रहेको भन्ने उल्लेख भई आएको पाइने । न.नं.५,६ र ७ को कि.नं.७९, कि.नं.८१ र कि.नं.३४७ को जग्गा प्रतिवादी जोगी राय यादवसमेतको भोगमा रहेको र न.नं.८ नहर भएको देखिन्छ । नहरको क्षेत्रफल ४२ फिट चौडाइ देखिन्छ । न.नं.९ को कि.नं.३४३ को जग्गा वादीको निर्विवाद जग्गा देखिने । मिसिल संलग्न भई आएको नक्सा तथा सर्भे नक्साको अध्ययन गर्दा वादीको साबिक कि.नं.८० को जग्गा कित्ता काट भई कि.नं.३४२, ३४३ र ३४४ कायम भएको, कि.नं.३४४ र ३४३ को बिचबाट कि.नं.३४२ कायम भई पूर्व पश्चिममा नहर गएको नक्सा ट्रेसबाट र सर्भे नापीको

नक्साबाट देखिएको छ । कि.नं.३४४ को दक्षिणतिर सार्वजनिक कुलो र कुलोसँग टाँसिएर दक्षिणतिर प्रतिवादीहरूको कि.नं.७८, ७९, ८१ र ३४७ को जग्गा रहेको सर्भे नक्साबाट देखिएको छ । यसरी वादी तथा प्रतिवादीको दर्ता स्रेस्ताअनुसारको जग्गा र भोगचलन गरी आएको जग्गाको क्षेत्रफल अध्ययन गरी विश्लेषण गर्दा वादीको जग्गा साबिक स्रेस्ताअनुसार अपुग भएको पाइन्छ भने प्रतिवादीले आफ्नो साबिक स्रेस्ताभन्दा बढी भोग गरेको देखिन आउँछ । यसरी वादी दाबीभन्दा बढी जग्गा पुनरावेदक प्रतिवादीले खिचोला गरेको भन्ने तथ्य भई आएको नक्सा मुचुल्काबाट पुष्टि हुन आएकोले वादीको कि.नं.३४४ बाट ज.वि.०-१-२ धुर मात्र जग्गा खिचोला गरेको भन्ने दाबी हुँदा दाबीको कि.नं.३४४ को न.नं.१ को जग्गामा न.नं.२ को झगडिया जनिएकोमध्ये ज.वि.०-१-२ मात्र जग्गाको दक्षिणतर्फबाट प्रतिवादीले दाबीबमोजिम मात्र खिचोला गरेको ठहर्ने । प्रतिवादीले क्षे.फ.०-१-३-६$^{३}/_{४}$ जग्गा पूरै खिचोला गरेको ठहराएको सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१२।१५ को फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुने ।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेष्ठ १८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-CR-०४०३, जबरजस्ती करणी / हाडनाता करणी, *नेपाल सरकार वि. मोतीराम लामिछाने*

प्रतिवादी मोतीप्रसाद लामिछानेले अपाङ्गता भएकी पीडित परिवर्तित नाम ६४ वीरेन्द्रनगर "क४" लाई जबरजस्ती करणी गरेको कसुरमा निज प्रतिवादीलाई १० वर्ष कैद र पीडितलाई रू.२५,०००।– क्षतिपूर्ति भराई दिने तथा प्रतिवादीको उमेर ७५ वर्षभन्दा बढी भएकोले १० वर्ष कैद सजायको पचहत्तर प्रतिशत अर्थात् ७ वर्ष ६ महिना कैद छुट हुने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।३।१ मा भएको फैसलाउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन नगरी चित्त बुझाई बसेबाट पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको कुरामा विवाद रहेन । साथै उच्च अदालत सुर्खेतको फैसलाउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन नपरेबाट कसुरदार ठहऱ्याई सजाय गरेको फैसला मिले नमिलेतर्फ पनि विचार गर्नु नपर्ने ।

जाहेरवालाले प्रतिवादी र पीडितबीच ३ पुस्ते नाता हो भनी जाहेरीमा उल्लेख गरेपनि आधिकारिक निकायबाट जारी भएको नाता प्रमाणितलगायतका अन्य नाता खुल्ने प्रमाण कागजात पेस गर्न सकेको पाइँदैन । पीडितले प्रतिवादी सहोदर बाजे नाताको भनी मौकामा कागज गरे पनि यो यसरी नाताभित्रको हो भनी स्पष्ट रूपमा पुस्तावली खुल्ने गरी कागज बेहोरा लेखाउन सकेको पाइएन । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडित आठ पुस्ताभित्रका सन्तान हुन् भनी र अदालतसमक्ष नाताभित्रको पर्दैन भनी अभियोग दाबीलाई खण्डित गरी नातामा इन्कारी रही बयान गरेको पाइने ।

पीडित र प्रतिवादी एकै सन्तानको काका भतिजी देखिने प्रमाण तथा जाहेरवालाले जाहेरीमा उल्लेख गरेको ३ पुस्ताभित्रको नाता खुल्ने प्रमाण पेस गर्न सकेको पाइँदैन । प्रतिवादीले पीडित हाडनाताभित्रको पर्दैन भनी वादीको दाबी इन्कार गरेको अवस्थामा केवल वादी पक्षले पीडित र प्रतिवादीबिच हाडनाता पर्दछ भन्ने भनाइको आधारमा मात्र पीडित र प्रतिवादीबिच काका भतिजीलगायत ३ पुस्ताभित्रको नाता रहेको मान्नु न्यायको रोहमा उचित देखिँदैन । वादी पक्षले वस्तुनिष्ठ प्रमाणको आधारमा आफ्नो पुनरावेदन जिकिर वा दाबी प्रमाणित गर्न नसकेको अवस्थामा केवल अनुमानकै आधारमा पीडित र प्रतिवादीबिच हाडनाता पर्दछ भनी अनुमान गरी प्रतिवादीलाई

कसुरदार ठहर गर्न मिल्ने अवस्था नदेखिने ।

पीडितकी बुबा जाहेरवाला स्वयं आफूलाई प्रतिवादी के कति पुस्ताका नाताका व्यक्ति हुन् भनी यकिन थाहा नभएको अवस्थामा वादी नेपाल सरकारको उच्च अदालत सुर्खेतले हाडनातातर्फ सजाय नगर्ने गरेको फैसला मिलेन । प्रतिवादीलाई हाडनातातर्फ पनि सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: हाडनातातर्फ प्रतिवादीलाई सजाय नगर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।३।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल पौष १८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-WO-०९७४, उत्प्रेषण, *मानबहादुर जि.सी. वि. दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीसमेत*

निवेदक मानबहादुर जी.सी.लाई भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीबाट भएको मिति २०६९।४।१ को निर्णयउपर निवेदकले पुनरावेदन गरेकोमा हदम्यादभित्र नआएको भनी विपक्षी दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीबाट भएको मिति २०६९।१०।१७ को दरपिठ निर्णयले निवदकको संविधान तथा कानूनद्वारा प्रदत्त मौलिक तथा कानूनी हकमाथि आघात पर्न गएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदनपत्र दर्ता गर्नु गराउनु र निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिने ।

विपक्षीहरूले पेस गरेको लिखित जवाफ हेर्दा रिट निवेदकलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नहुने गरी नोकरीबाट हटाउने गरी भएको निर्णयउपर रिट निवेदकले पुनरावेदनपत्र हुलाकद्वारा दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीमा पठाएकोमा उक्त पुनरावेदन रीतपूर्वक नभएकोले सम्बन्धितलाई नै फिर्ता पठाएको, पुन: रिट निवेदकले पठाएको पुनरावेदनपत्र कानूनबमोजिमको म्यादभित्र नभई म्याद नाघी प्राप्त हुन आएकोले दरपिठ गरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोरा रहेको देखिने ।

भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी मिति २०६९।४।१ मा निर्णय भएको र सोही दिन निवेदकले उक्त निर्णयको जानकारी पाएको देखियो । उक्त निर्णयउपर निवेदकको चित्त नबुझी दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीमार्फत पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखरामा मिति २०६९।४।३२ मा हुलाकबाट रजिस्टरी गरी पुनरावेदनपत्र पठाएकोमा सो पुनरावेदनपत्र रीतपूर्वकको नभएको भनी दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीले च.नं.९१ मिति २०६९।५।७ को पत्रसाथ रिट निवेदकलाई फिर्ता पठाएको र उक्त पत्रसहितको पुनरावेदनपत्र निवेदकले मिति २०६९।७।१६ मा प्राप्त गरेको तथ्यमा समेत विवाद नदेखिने ।

रिट निवेदकले सुरूमा गरेको पुनरावेदनपत्र फिर्ता भएको जानकारी प्राप्त गरेपछि पुन: दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीमार्फत पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखरामा हुलाकमार्फत रजिस्टरी गरी पुनरावेदन गरेको पाइने ।

दोस्रो पटक पठाएको उक्त पुनरावेदनपत्रमा मिति २०६९।०८।१९ गतेको मिति राखी जिल्ला हुलाक कार्यालय गुल्मीबाट मिति २०६९।०९।०४ (Date 19.12.2012) मा रजिस्टर गरी पठाएको भन्ने मिसिल संलग्न दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीको च.नं. ४६८ (८९), मिति २०६९।०९।२० मा यी रिट निवेदकलाई पत्र प्राप्त भएको मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र सनाखतको लागि उपस्थित हुन आउनु भनी पठाएको पत्रबाट देखिन आउँछ ।

यसबाट यी रिट निवेदकले पहिला दिएको पुनरावेदनपत्र फिर्ता बुझिलिएको मिति २०६९।०७।१६ बाट ४९ औं दिनमा मात्र दोस्रो पटक पुनरावेदनपत्र पठाएको देखिने।

रिट निवेदकले विभागीय सजायको सूचना मिति २०६९।४।१ मा नै प्राप्त गरी म्यादभित्रै हुलाकमार्फत पुनरावेदन गरेकोमा रीतपूर्वकको नभएको भनी दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीबाट च.नं.९१ मिति २०६९।५।७ को जानकारी पत्रसाथ पुनरावेदनपत्र फिर्ता गरेको देखिन्छ । उक्त जानकारी पत्रमा रित पुर्‍याई दर्ता गर्न ल्याउने म्यादसमेत उल्लेख नगरेको अवस्थामा रीतपूर्वकको नभएको भन्ने जानकारी पत्रसहित पुनरावेदनपत्र निवेदकले बुझिलिएको मिति २०६९।७।१६ बाट नै कानूनबमोजिमको पुनरावेदन म्याद सुरू भएको मान्नु पर्ने हुने । निवेदकले मिति २०६९।७।१६ देखि ३५ दिनभित्र पुनः रीतपूर्वकको पुनरावेदनपत्र दर्ता गरिसक्नुपर्नेमा निजले पुनरावेदनपत्रमा मिति २०६९।८।१९ उल्लेख गरे पनि मिति २०६९।९।४ मा मात्र हुलाकबाट रजिस्टरी गरी पुनरावेदनपत्र दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीमार्फत पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखरामा पठाएको देखिँदा उक्त पुनरावेदनपत्र प्रहरी नियमावली, २०४९ को नियम ९२(४) बमोजिमको म्यादभित्रै भएको भन्न मिल्ने अवस्था देखिएन। तसर्थ कानूनबमोजिमको म्यादभित्र पुनरावेदन नपरेको भन्ने आधार लिई दङ्गा नियन्त्रण प्रहरी गण, रूपन्देहीबाट भएको मिति २०६९।१०।१७ को दरपीठ निर्णय कानूनसम्मत नै देखिन आउने।

रिट निवेदकलाई नोकरीबाट हटाउने गरी मिति २०६९।४।१ मा भएको विभागीय सजायको निर्णयउपर कानूनले तोकेको म्यादभित्रै निर्धारित प्रकिया तथा कार्यविधि पूरा गरी पुनरावेदन गर्नुपर्नेमा निवेदकले सो कानूनले निर्धारित म्याद पैंतीस दिन नघाई हुलाकबाट पुनरावेदनपत्र पठाएको अवस्थामा दङ्गा नियन्त्रण प्रहरी गण रूपन्देहीबाट भएको मिति २०६९।१०।१७ को दरपीठ निर्णय कानूनसम्मत देखिन आयो। यसर्थ उक्त निर्णयबाट यी रिट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको भन्न मिल्ने अवस्था नहुँदा कानूनबमोजिम भएको उक्त दरपीठ निर्णय निवेदकको मागअनुसार बदर गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः विवेचित तथ्य, आधार र कारणबाट रिट निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल भाद्र ६ गते रोज ४ शुभम्।

## ७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-CI-०४१६, जोत नामसारी गरिपाउँ, *जानुका देउजा वि. गौरीप्रसाद कुँवर*

विवादित कि.नं. १२१ र ७८३ नं. को जग्गाको जग्गाधनी प्रतिवादी गौरीप्रसाद कुँवर र मोहीमा यी पुनरावेदिका वादीकी आमा शुभद्रा कुँवरनी भएकोमा विवाद देखिँदैन । आमाको मृत्युपछि उक्त मोहियानी जग्गाको म एकमात्र हक खाने छोरी भएकोले यी पुनरावेदिका जानुका देउजाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम आमाका नामको मोही हक मेरो नाममा नामसारी गरिपाउँ भनी दाबी लिएको पाइन्छ । भूमिसम्बन्धी ऐनमा निजको हक निजपछि निजको एकासगोलका आमा, बाबु, पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री छोरा, बुहारी, नाति नातिनी, बुहारी, दाजुभाइ वा दिदी बहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भनी मोहीको हक र दायित्वसम्बन्धी व्यवस्था रहेको पाइन्छ । ऐनको मनसाय भनेको एकासगोलका परिवारका सदस्यका रूपमा रहेका व्यक्तिहरूका

नाममा मात्र मोहियानी हक नामसारी हुने भन्ने देखिन आउँछ । सोअनुसार यी पुनरावेदिका वादी मोही शुभद्रा कुँवरनीका नाउँमा रहेको मोहियानी हक निजको मृत्युपश्चात् आफू एक मात्र हक खाने छोरी हुँ भनी दाबी लिए तापनि निजको विवाह भई अन्यत्र अर्कै परिवारको सदस्यको रूपमा गइसकेको भन्ने कुरा निजको फिराद लेखबाट देखिने ।

वादी लक्ष्मण श्रेष्ठ प्रतिवादी माइली बलामी भएको मोही लगत कट्टा मुद्दामा (ने.का.प. २०७० अंक ७ नि.नं. ९०३३) भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा रहेको एकासगोलको परिभाषालाई व्याख्या गरी सिद्धान्त प्रतिपादन भएबाट यी वादी पुनरावेदिका जानुका देउजा विवाह भई अन्यत्र गई अर्कै परिवारकी सदस्य भएको अवस्थामा आमा शुभद्रा कुँवरनीसँग एकासगोलमा रहे भएको भन्न मिल्ने देखिन आएन । साथै उक्त विवादित जग्गा मोहीको मृत्युपश्चात् हालसम्म जग्गा धनी प्रतिवादीले नै जोत कमोद गरी आएको भन्ने कुरा मिसिल संलग्न स्थलगत सर्जमिन मुचुल्काबाट समेत देखिन आएको हुँदा मोही नामसारी गरिपाउँ भनी वादीले लिएको दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू भूमिसुधार कार्यालय भक्तपुरले गरेको निर्णय सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) ले निवेदिका छोरीलाई पनि आमाको मोही हक प्राप्त गर्न सक्ने कानूनी हैसियत प्रदान गरेको अवस्थामा जग्गा धनीलाई मोही रोज्ने अवसर पनि प्रदान नगरी निजको विवाह भई अन्यत्र गइसकेको आधारमा निजलाई मोही हकबाट वञ्चित गरी गरेको भूमिसुधार कार्यालय, भक्तपुरको मिति २०६५/१०/६।२ को निर्णय फरक पर्न सक्ने देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरेको भनी यस अदालतको मिति २०६७/६/१ को आदेशसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट वादी जानुका देउजाको विवाह भई अन्यत्र गइसकेको र मोही शुभद्रा कुँवरनीको मृत्युपश्चात् हालसम्म विवादित कि.नं. १२१ र ७८३ को जग्गा जग्गाधनी प्रतिवादीले नै जोत कमोद गरी आएको भन्ने मिसिल संलग्न स्थलगत सर्जमिनबाट देखिन आएको हुँदा वादी दाबी पुग्न नसक्ने ठहराई सुरू भूमिसुधार कार्यालय भक्तपुरको मिति २०६५/१०/६/२ को निर्णय सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०६६।७।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : उदवीर नेपाली

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६७-CI-०४१७, जोत नामसारी गरिपाऊँ, जानुका देउजा वि. गौरीप्रसाद कुँवर
- ०६७-CI-०४१८, जोत नामसारी गरिपाऊँ, जानुका देउजा वि. गौरीप्रसाद कुँवर

८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०१९६, अंश, *हजरतअलि बागवान धोबी वि. मस्तान धोबीसमेत*

मालपोत कार्यालय, बर्दियाबाट पारित भएको बकसपत्रको लिखतबाट २०५९ सालको दे.नं. ३९०/२३ को अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसला नै दण्ड सजायको ४६ नं. बमोजिमको प्रक्रियाबाट कार्यान्वयन भई अंश छुट्याउने कार्य भएको नभए तापनि पुनरावेदक / वादीका पिता इस्माइल धोबीले आफ्ना दाजु मस्तान धोबीबाट अंशबापत जग्गा छुट्याई लिएको देखियो । उक्त लिखतमा ***"अदालतबाट समेत आधाआधा हिस्सा लागेको हुँदा सर्वोच्च अदालतमा दिएको अनुमति मुद्दामा असर नपर्ने गरी"***

भन्ने बेहोरा उल्लेख भएको र मिति २०६१।१२।२९ को फैसलाले बन्डा हुनुपर्ने भनी उल्लेख गरेको जग्गा र हा.ब. लिखतमार्फत इस्माइलले मस्तानबाट प्राप्त गरेको जग्गा एकै अर्थात् जिल्ला बर्दिया, मथुराहरिद्वार गा.वि.स. वडा नं. ६ को कि.नं. ६३७ को ०,०३९५ वर्गमिटर रहेको उक्त फैसलासमेतबाट देखिएबाट सो हालैको बकसपत्रमार्फत प्राप्त जग्गा अदालतको फैसला कार्यान्वयनकै क्रममा हस्तान्तरण भएको भन्ने कुरामा विवाद देखिएन। प्रस्तुत मुद्दाका पुनरावेदक हजरतअलि बागवान धोबीका पिता इस्माइल धोबी र पुनरावेदक वादीका बडाबाबु मस्तान धोबीबिच लिनुदिनु भएको र.नं. ५६९९(क) बाट मिति २०७०।३।१० मा पारित हालैको बकसपत्र लिखतको आधारमा यी पुनरावेदकले निजको बडाबाबु मस्तान धोबीको हाँगाबाट समेत अंश भाग छुट्याई लिनपाउँ भनी लिएको पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने अवस्था रहेभएको नदेखिई सो जिकिरसँग सहमत हुन नसकिने।

यसरी दे.नं.३९०/२३ को अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसलालाई आधार मानी विपक्षी प्रतिवादी मस्तान धोबीले वादीका पिता इस्माइल धोबीलाई अंशबापत हालैको बकसपत्रबाट जग्गा दिइसकेको र यी वादीले पिता इस्माइल धोबीको हाँगाबाट मात्र अंश पाउने ठहरी दुई तह फैसला भइसकेको अवस्था विद्यमान देखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधार ***"इस्माइल धोबी वादी भएको २०५९ सालको अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसलाबमोजिम अंश पाएको प्रमाण गुज्रन नआएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत नेपालगन्जको फैसलामा मुलुकी ऐन, अंशबन्डाको महलको १, २ र ३० नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको त्रुटि देखिन आएको"*** भन्ने अवस्था इजलाससमक्ष पेस हुन आएको उपर्युक्त र.नं. ५६९९(क) बाट मिति २०७०।३।१० मा पारित हा.ब. लिखतबाट अन्यथा प्रमाणित भई सो त्रुटि रहेको भन्ने अवस्था हाल विद्यमान रहेभएको पाइएन। तसर्थ पुनरावेदक / वादी हजरतअलि बागवान धोबीका पिता इस्माइल धोबीले आफ्ना दाजुबाट अंश लिइसकेको देखिई पुनरावेदक वादी हजरतसमेतले आफ्ना पिता इस्माइलको हाँगाबाट मात्र अंश पाउने देखिन आएकाले सोअनुसार हुने ठहर्‍याएको सुरू फैसला सदर गरी भएको पुनरावेदन अदालत नेपालगन्जको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार कारणसमेतबाट पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९।६।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः फणेश्वरी घिमिरे

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल कात्तिक ३ गते रोज १ शुभम्।

- यसै लगाउको ०७३-CI-०१९७, अंश, *फतिया धोबी वि. मस्तान धोबीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

**१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-WO-०४४१, उत्प्रेषण / परमादेश, *रामनरेश पासी वि. जोगडा माध्यमिक विद्यालय, जोगडा रूपन्देहीसमेत*

प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागजातहरू अवलोकन गर्दा, निवेदक रामनरेश पासीलाई जोगडा मा.वि. मा निजी स्रोतबाट प्रा.वि. स्तर शिक्षक पदमा मासिक तलब रू.१२,००।– पाउने गरी २०६२/०५/१९ गतेदेखि लागू हुने गरी बढीमा ६ महिनाको लागि अस्थायी नियुक्ति गर्ने भनी साबिक विद्यालय व्यवस्थापन समितिको मिति २०६२/०५/१९

को निर्णयबमोजिम ६ महिनाको लागि अस्थायी नियुक्ति दिएको देखिन्छ । सो अवधि समाप्त भएपछि मिति २०६४/०७/१८ मा राहत अनुदान कोटामा पुनः ६ महिनाको लागि अस्थायी नियुक्ति दिएको देखियो । यसरी जोगडा मा.वि. मा रिक्त रहेको राहत कोटाको शिक्षक पदपूर्ति गर्न विद्यालय व्यवस्थापन समितिको बैठक बसी जिल्ला शिक्षा कार्यालय, रूपन्देहीबाट शिक्षक पदपूर्तिका लागि अनुमति लिई शिक्षक छनौट समिति गठन गरी जिल्ला शिक्षा कार्यालयले तोकेको प्रक्रियाबमोजिम मिति २०६७/०७/१५ मा शिक्षक आवश्यकताको सार्वजनिक सूचना प्रकाशन भएको देखिन्छ । सूचना प्रकाशन भएपश्चात् सनतोषजनक रूपमा निवेदन नपरेको कारण पदपूर्ति गर्न पुनः म्याद थपको निर्णय गरी मिति २०६७/०८/०९ को नयाँ भावना राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको देखिन आउने ।

शिक्षा नियमावली, २०५९ को नियम २२ज(१) को कानूनी व्यवस्थाअनुसार, सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा नियमावली, २०५९ को परिच्छेद-५क मा उल्लेख भएबमोजिमका कानूनी व्यवस्थाहरूको पूर्णरूपमा पालना गरी विद्यालय व्यवस्थापन समितिले कार्य गर्नुपर्ने हुन्छ । कानूनबमोजिम विद्यालय व्यवस्थापन समितिले सामुदायिक शिक्षकको नियुक्ति तथा पदपूर्ति गर्दा यस परिच्छेदको प्रक्रिया पुर्‍याई सामुदायिक शिक्षक नियुक्ति गर्नुपर्ने हुन्छ यदि प्रक्रिया नपुर्‍याई सामुदायिक शिक्षक नियुक्ति गरेमा जिल्ला शिक्षा कार्यालयमा त्रुटि भएको कुरा जनाई चित्त नबुझ्ने पक्षले उजुरी गरेमा जाँचबुझ गर्दा वा कुनै बेहोराबाट त्रुटि भएको कुरा थाहा हुन आएमा सम्बन्धित जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गरी पुनः शिक्षकको नियुक्तिसम्बन्धी कारबाही गर्न सम्बन्धित व्यवस्थापन समितिमा लेखी पठाउन सक्ने छ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा सामुदायिक शिक्षकको नियुक्ति गर्दा शिक्षा नियमावली, २०५९ को परिच्छेद-५ को प्रक्रिया नपुर्‍याई सामुदायिक शिक्षकको नियुक्ति गरेमा सोही नियमावलीको नियम २२(ज)(१) अनुसार सम्बन्धित जिल्ला शिक्षा अधिकारीसमक्ष उजुरी गरी न्याय पाउने वैकल्पिक उपचारको व्यवस्था विद्यमान हुँदाहुँदै रिट निवेदकले सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा उजुरी नगरी रिट क्षेत्राधिकार प्रयोग गरेको, राहत शिक्षकको पदपूर्तिको लागि विज्ञापन प्रकाशित भएकोमा निवेदकसमेत सामेल हुन सक्ने अवस्था देखिँदा रिट निवेदकको कानूनी र संवैधानिक हक हनन् भएको नदेखिएकोले निवेदन मागबमोजिम आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष २६ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :-

- ०६७-WO-०४७१, उत्प्रेषण / परमादेश, राजेन्द्र कहाँर वि. जोगडा माध्यमिक विद्यालय, जोगडा रूपन्देहीसमेत
- ०६७-WO-०४४२, उत्प्रेषण / परमादेश, प्रदिपकुमार पाण्डेय वि. जोगडा माध्यमिक विद्यालय, जोगडा रूपन्देहीसमेत

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-१३९८, उत्प्रेषण / परमादेश, *गोपाल रसायली वि. सहरी विकास मन्त्रालय, सिहदरबारसमेत*

म निवेदक महेन्द्रनगर विकास समितिको अध्यक्ष पदमा (सम्माननीय प्रधानमन्त्री स्तर) को मिति २०६९/०८/१४ को निर्णयले दुई वर्षको लागि मनोनित भई आफ्नो पदीय दायित्व इमान्दारितापूर्वक निर्वाह गरी आएकोमा नगर विकास समितिद्वारा सञ्चालित विभिन्न विकास निर्माणका आयोजनाहरू सञ्चालनमा

आएको र कार्य प्रगतिसमेत सन्तोषजनक रहेको अवस्थामा सहरी विकास मन्त्रालयको च.नं. ३२६६ मिति २०७०/०२/२७ को पत्रबाट नेपाल सरकारको मिति २०७०/०२/२६ (मा. मन्त्रीस्तरको) निर्णयबाट महेन्द्रनगर नगर विकास समितिको कामकारबाही (दैनिक प्रशासनिक कार्यबाहेक) रोक्का गर्ने निर्णय भएकोले सोहीअनुसार गर्न निर्देशानुसार अनुरोध भनी पत्र प्राप्त भएकोले विपक्षीको उक्त कार्यबाट महेन्द्रनगर विकास समितिले जनसहभागितामा सञ्चालित चार करोड बराबरको स्वास्थ्य, खेलकुद, सडक बाटोसमेतको आयोजनाहरू अलपत्र पर्ने र निर्माणाधीन योजनाको ठेकदारलाई बिल भुक्तानी गर्नसमेत नसकी ठेकदार पक्षबाट क्षतिपूर्तिको दाबीसमेत गर्ने गरेकोले सञ्चालित आयोजना नै अवरूद्ध हुने अवस्था सिर्जना भएकोले नगर विकास समिति ऐन, २०४५ बमोजिम विना कारण र आधार विना कामकारबाही रोक्का गर्ने अधिकार विपक्षीहरूलाई नभएको हुँदा उक्त गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई नियमित रूपमा समितिको सम्पूर्ण काम कारबाही सञ्चालन गर्न दिनू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकको मुख्य मागदाबी रहेको देखिने।

यस सम्बन्धमा प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अवलोकन गर्दा, रिट निवेदक नेपाल सरकार(स.प्रधानमन्त्रीस्तर)को मिति २०६९/०८/१४ को निर्णयानुसार कञ्चनपुर (महेन्द्रनगर) नगर विकास समितिमा बढीमा २(दुई) वर्षका लागि मनोनित गरी कार्य गर्दै आएकोमा उक्त नगर विकास समितिमा अध्यक्ष पदमा मनोनित भएको पदावधि २(दुई) वर्ष रहने भन्ने व्यवस्था रहेको सन्दर्भमा उक्त २(दुई) वर्षको पदावधि २०७१।८।१४ मा नै व्यतित भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको देखिँदा रिट निवेदकको मागदाबी सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन मागदाबीबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष २६ गते रोज ४ शुभम्।

## ३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-०५१२, उत्प्रेषण / परमादेश, *मदन लामा वि. भूमिसुधार कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकले भूमिसुधार कार्यालय काठमाडौंमा हदबन्दीभन्दा बढी भएको जग्गा बिक्री वितरणका लागि दिएको निवेदन प्रचलित कानूनबमोजिम नै रहेभएको देखियो। रिट निवेदकलाई यसप्रकारको दरखास्त दर्ता गर्न पाउने अधिकार उक्त कानूनी व्यवस्थाबाट देखिएको अवस्थामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको रायको आधारमा सो निवेदनउपर कारबाही अघि बढाउन मिल्ने देखिएन भनी गरिएको मिति २०६६।९।२४ को उक्त निर्णय प्रचलित कानूनबमोजिम भएको भन्ने देखिएन । रिट निवेदकले सो जग्गा बिक्री वितरणको लागि भूमि सुधार कार्यालय काठमाडौंमा निवेदन दर्ता गराएको अवस्थामा तत्काल प्रचलनमा रहेको प्रचलित कानूनबमोजिम कारबाही नगरी कानूनको अतितप्रभावी असर हुने गरी (Retrospective effect of law) पछि संशोधन भई प्रारम्भ भएको कानूनको आधारमा निवेदकलाई तत्काल प्रचलनमा रहेको कानूनबमोजिम प्राप्त हकमा असर पर्ने गरी भएको सो निर्णय प्रचलित कानून र कानूनको मान्य सिद्धान्तसमेतको विपरीत देखिँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।९।२४ को निर्णय गैरकानूनी भएकोले कायम रहिरहन नसकी उत्प्रेषणको आदेशले बदर हुने।

हदबन्दीभन्दा बढी भई प्राप्त भएको जग्गा मोहीको सट्टा स्थानीय भूमिहीन व्यक्तिलाई बिक्री वितरण

गर्ने व्यवस्था गरी अर्को अभिप्राय देखाई अघिल्लो कानूनलाई खारेज गरी विस्थापित गरिसकेको र त्यस्तो संशोधन व्यवस्थाले अघि निवेदन दिने व्यक्तिको सन्दर्भमा कुनै व्यवस्था (बचाउ) नगरेको कारण निवेदकलाई असर नपरेको हुँदा निवेदन दिएको कारणले मात्र त्यस्तो निवेदनउपर कारबाही अघि बढाउन मिल्ने अवस्था नभएको भन्ने लिखित जवाफकर्ताहरूको जिकिर कानूनका मान्य सिद्धान्तअनुरूप देखिँदैन । पश्चात्दर्शी कानूनको सैद्धान्तिक अवधारणाअनुसार पश्चात्दर्शी असर पर्ने गरी कुनै कानूनको निर्माण गर्ने हो भने विधायिकाबाट कानूनमा नै कानून लागू हुने मिति उल्लेख गर्नुपर्ने हुन्छ । कानूनमा पश्चात्दर्शी असर हुने गरी उल्लेख नभएको अवस्थामा कानून निर्माण भई जारी भएको मितिबाट कानून लागू हुन्छ भन्ने सर्वमान्य सिद्धान्त रहेको पाइन्छ । प्रस्तुत सन्दर्भमा भूमिसम्बन्धी ऐन, २०२१ को उक्त पाँचौं संशोधन मिति २०५८।०४।३२ गतेको मितिबाट प्रारम्भ भएको मानी मिति २०५८।१०।२५ मा लालमोहर लागी प्रकाशन भएको देखियो । उक्त संशोधित ऐन प्रारम्भ हुनुभन्दा अघि नै मिति २०५७।४।१६ मा द.नं. ४५५ मा दर्ता भएको निवेदनउपर सो संशोधित प्रावधान आकर्षित हुने देखिएन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट "तत्काल प्रचलित गुठी संस्थान ऐन, २०३३ को दफा २६(४) अनुसार जग्गावालाको प्राप्त भइसकेको हकलाई पछि २०४१ सालमा भएको संशोधनबाट असर पार्न नसक्ने" भनी न्हुच्छेबहादुर नायक विरूद्ध गुठी संस्थान केन्द्रीय कार्यालय, रामशाहपथ काठमाडौं (ने.का.प.२०४३, अंक ७, नि.नं.२७९१) भएको उत्प्रेषणको रिट निवेदनमा सिद्धान्त प्रतिपादन भइसकेको समेत देखिएकोले प्रस्तुत रिट निवेदनमा रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी भई परमादेशसमेत जारी हुने ।

अतः साबिक भूमिसम्बन्धी ऐनको दफा २१ बमोजिम तोकिएको अधिकारीले तोकिएबमोजिम जग्गा बिक्री गर्ने व्यवस्था भएको र नियमावलीको नियम २३ मा भूमिसुधार अधिकारीले पहिलो प्राथमिकतामा मोहीलाई राखी बिक्री गर्नुपर्ने व्यवस्था गरेको देखिएकोमा भूमिसम्बन्धी ऐन, २०२१ को मिति २०५८।०४।३२ मा पाँचौ संशोधन प्रारम्भ हुनुभन्दा अगाडि मिति २०५७।४।१६ मा नै यी निवेदकले निवेदन दर्ता गरी कारबाहीयुक्त अवस्थामा रहेको देखिँदा संशोधन प्रारम्भ हुनुभन्दा अघिको कानूनले प्रदान गरेको अधिकार समाप्त हुने गरी गरेको संशोधित व्यवस्था आकर्षित हुनसक्ने नदेखिँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।९।२४ को निर्णय उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ । अब जे जो बुझ्नुपर्ने बुझी कानूनबमोजिम निवेदकको निवेदनमा आवश्यक कारबाही गर्नु भनी भूमिसुधार कार्यालय काठमाडौंका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल जेठ १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CR-०९५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हुमबहादुर भुजेलसमेत*

वादी पक्षको गवाहले शङ्का र अनुमानको भरमा व्यक्त गरेको कुरालाई मिसिल संलग्न कुनै प्रत्यक्ष प्रमाणबाट समर्थित भएको पाइएन । अभियोजन पक्षले यिनै प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने निर्विवादरूपमा तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न सकेको पाइएन । अनुमान र शङ्काकै भरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने हुन्छ । द्विविधात्मक अवस्था एवं शङ्का र अनुमानको भरमा ज्यान जस्तो फौजदारी कसुरमा कसुरदार ठहर गरी सजाय गर्न न्यायसङ्गत नहुने ।

यसप्रकार उपर्युक्तानुसार प्रतिवादीहरूउपरको

अभियोग दाबी वादी पक्षले निर्विवाद एवं शंकारहित तथ्य प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएकाले अभियोग दाबीअनुसार यी प्रतिवादीहरू बुद्धिमाया दर्जी र हुमबहादुर भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम को कसुर गरेको ठहर गरी निज प्रतिवादीहरूलाई जनही २०(बीस) वर्ष जन्मकैदको सजाय हुने तथा उक्त सजाय चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम निज प्रतिवादीहरूलाई जनही १५ वर्ष कैद सजाय गर्ने रायसमेत व्यक्त गरी मिति २०६६/०२/३१ मा गरेको सुरू पर्वत जिल्ला अदालतको फैसला माथि उल्लिखित विश्लेषण एवं यस अदालतबाट विभिन्न मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरूसमेतको प्रतिकूल भई मिलेको नदेखिँदा सो फैसला उल्टी गरी निज प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको मिति २०६७/२/१९ को फैसला मनासिब देखिएकाले सो फैसला बदर गरी सुरू फैसलाअनुसार गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीहरू हुमबहादुर भुजेल र बुद्धिमाया दर्जीले अभियोग दाबीअनुसारको कसुर गरेको पुष्टि भएको नदेखिएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुर गरेको ठहर गरी निज प्रतिवादीहरूलाई जनही २० (बीस) वर्ष जन्मकैदको सजाय हुने तथा उक्त सजाय चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही १५ वर्ष कैद सजाय गर्ने रायसमेत व्यक्त गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०६६/२/३१ मा भएको फैसला उल्टी गरी निज प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट मिति २०६७/२/१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल चैत्र २६ गते रोज २ शुभम्।

**५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-WH-०१६०, बन्दीप्रत्यक्षीकरण, *पवित्रा कार्की के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

अधिकारप्राप्त अनुसन्धान अधिकारीले अनुसन्धान गरी अधिकारप्राप्त अभियोजन गर्ने निकायबाट मुद्दाको अभियोजनसमेत भई साधिकार एवम् सक्षम अदालतबाट मुद्दाको सुनुवाइ गरी भएको कामकारबाही गैरकानूनी हो भनी भन्न मिल्ने देखिन आएन। अनुसन्धानको कार्यको प्रगतिसहित म्यादथप माग गरेको र सोही आधारमा जिल्ला अदालतले म्याद थप दिएको देखिँदा कानूनबमोजिम म्याद थप गरी भएको अनुसन्धानको प्रक्रियालाई अवरूद्ध गर्ने गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न उपयुक्त नहुने देखिँदा रिट खारेज हुने ठहर्छ भनी यिनै निवेदकका पति राजु कार्कीले दिएको ०७५-WH-०१२० को बन्दीप्रत्यक्षीकरणको रिट निवेदन मिति २०७५।१२।१९ गते यसै अदालतबाट रिट खारेज गरी आदेश भइसकेको समेत देखिएको र विष्फोटक पदार्थसमेत सम्बन्धी मुद्दा प्रहरी दर्ता किताबमा दर्ता भई मुद्दा अनुसन्धानको क्रममा रहेकोले अभद्र व्यवहार मुद्दाबाट छुटी जाने भएमा उक्त मुद्दाको अनुसन्धानको लागि उपस्थित गराई दिन महानगरीय प्रहरी वृत्त कमलपोखरीले महानगरीय प्रहरी परिसर टेकुलाई पत्र लेखी सोहीबमोजिम प्रहरी वृत्त कमलपोखरीमा निज राजु कार्की दाखिला भएको देखिएकोले पहिला नै सम्बन्धित पीडितको निवेदन परी प्रहरी प्रतिवेदनसमेतका आधारमा प्रहरी अपराध किताबमा दर्ता भएको मुद्दाको अनुसन्धान गर्न पाउने नै देखिएको हुँदा निज राजु कार्कीको पक्राउ तथा थुनामा राख्ने कार्य निवेदन दाबीबमोजिम प्रवृत्त भावनाबाट

प्रेरित भई गरेको र थुना गैरकानूनी रहेको भन्ने नदेखिने।

यसप्रकार मुद्दा पुर्पक्षका लागि धरौट माग गरी थुनछेक आदेशसमेत भएको देखिएको हुँदा अधिकारप्राप्त अदालतबाट भएको आदेशानुसार धरौट बुझाउनै पर्ने हुन्छ र निजले धरौट बुझाए थुनाबाट छुटी मुद्दाको सुनुवाइ हुनसक्ने देखिएको प्रस्तुत रिट निवेदनमा असाधारण क्षेत्राधिकारको प्रयोग गर्न औचित्यपूर्ण देखिएन । "बन्दीप्रत्यक्षीकरणको रिट निवेदनका सन्दर्भमा थुनाको कानूनी वैधता (Legality) सम्म परीक्षण गरिने हो। मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी इन्साफ गरेको परिणाम आउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको मान्यता, प्रणाली वा अवधारणा प्रतिकूल हुन जाने ।" भन्ने निवेदक काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ छाउनी म्युजियम मार्ग घर भई कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको भरतराज तुलाधरको छोरा विजयराज तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत विपक्षी भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन (२०७५ सालको ने.का.प.२०७५, अंक १०, भाग ६०, नि.नं.१०१०८) मा सिद्धान्त प्रतिपादन भएकोसमेत देखिएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन नआउने।

अतः झिकाएको प्रमाणको मिसिलबाट बन्दी राजु कार्कीलाई धरौट माग गर्ने आदेश भइसकेको देखिँदा अदालतबाट माग भएको धरौट बुझाएमा निज थुनाबाट मुक्त हुनसक्ने नै देखिएकोले बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिरहन परेन। रिट खारेज हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर
कम्प्युटर : विपिनकुमार महासेठ
इति संवत् २०७६ साल जेष्ठ २ गते रोज ५ शुभम्।

## इजलास नं. ७

### १

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०९३७, जबरजस्ती करणी, *बिक्की भन्ने बालकृष्ण रानामगर वि. नेपाल सरकार*

जाहेरवाली र पीडिताले अदालतमा अभियोग दाबीविपरीत हुने गरी बकपत्र गरेको देखिन्छ। विभिन्न प्रलोभन तथा डर त्रासमा परी वा अन्य कारणको प्रभावले गर्दा हाम्रो समाजमा यस प्रकारको बकपत्र नहुने होइन। तर सो प्रकारको बकपत्र हुँदैमा कसुरबाट प्रतिवादीले स्वतः सफाइ पाउने होइन। बकपत्र एउटा प्रमाणसम्म हो । मिसिल संलग्न स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञले सो परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन्छ । सो वस्तुगतः प्रमाण तत्काल जाँच भई आएको हुँदा सो प्रमाणले जाहेरवालीको बकपत्रलाई विश्वास गर्न मिल्ने आधार देखिँदैन। जबरजस्ती करणी जस्तो कसुरमा स्वास्थ्य परीक्षण प्रतिवेदन उच्च कोटीको प्रमाण हुने।

झङ्केलो छोरीउपर प्रतिवादीको माया ममताभन्दा कुदृष्टि व्यभिचार गर्ने उद्देश्य रहेको देखियो । आफू जैविक बाबु नभएको र झङ्केलो छोरीलाई कोठामा एक्लै भएको अवस्थामा अपराधजन्य कार्य हुन सक्ने वारदात तथा घटना स्वाभाविक रहेको देखिन्छ । डेराकोठामा श्रीमती नभएको अवस्थामा नाबालिका दुईजना छोरीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । योनिद्वार स्वाभाविक नभई ठुलो भएको हुँदा प्रतिवादीले पीडिताको यौनाङ्गमा जबरजस्ती करणी गरेको भन्ने तथ्य समर्थित भएको छ। आफ्नो यौन चाहाना पूरा गर्न पीडिता नाबालिकाहरूको यौनाङ्गसम्म लिङ्ग दली यौन सन्तुष्टि लिने कार्य भएको अवस्थामा त्यस्तो

कार्य जबरजस्ती करणीको कसुरअन्तर्गत नै रहेको मान्नुपर्ने।

उल्लिखित तथ्यको तथा न्यायिक सिद्धान्त (ने.का.प. २०६२, अंक १०, नि.नं. ७६११) को रोहमा प्रतिवादी विक्की भन्ने बालकृष्ण रानामगरले पीडिता परिवर्तित नाम बालाजु-१२ र बालाजु-१३ लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आयो। प्रतिवादीले आफ्नै छोरी वर्ष ५ की पीडिता परिवर्तित नाम बालाजु-१३ र झट्केलो छोरी वर्ष १० की पीडिता परिवर्तित नाम बालाजु-१२ लाई जबरजस्ती करणी गरेको देखिँदा निज प्रतिवादीको कसुरको मात्राअनुसार सजाय निर्धारण गर्नुपर्ने देखिने।

विद्यालयको अभिलेखबमोजिम परिवर्तित नाम बालाजु-१३ को जन्ममिति २०६६।०७।१९ रहेको देखिन्छ। निजको उमेर वारदातको समयमा ४ वर्ष १ महिना २ दिन रहेको देखिन्छ। पीडिता परिवर्ति नाम बालाजु-१३ प्रतिवादी विक्कि भन्ने बालकृष्ण राना मगरको आफ्नो छोरी भएको तथ्यमा विवाद छैन । तसर्थ, प्रतिवादीलाई जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(१) नं. बमोजिम १२ वर्ष कैद र सोही महलको २ नं.बमोजिम हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम १० वर्ष कैद हुने र निज पीडिताले प्रतिवादीबाट रू.२,००,०००।- क्षतिपूर्ति भराई पाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा भन्न नमिल्ने।

यसैगरी विद्यालयको अभिलेखबमोजिम परिवर्तित नाम बालाजु-१२ को जन्ममिति २०५९।१०।२१ रहेको देखिन्छ। निज पीडिताको उमेर वारदातको बखत १० वर्ष १० महिना रहेको देखिन्छ। पीडिता परिवर्तित नाम बालाजु-१२ प्रतिवादी विक्की भन्ने बालकृष्ण राना मगरको झट्केलो छोरी भएको तथ्यमा कुनै विवाद देखिँदैन। तसर्थ, प्रतिवादी विक्कि भन्ने बालकृष्ण राना मगरलाई जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(२) नं. बमोजिम १० वर्ष कैद र सोही महलको २ नं. बमोजजिम हाडनाता करणी गर्नेको महलको ३(१) नं. बमोजिम २ वर्ष कैद सजाय हुने र निज पीडिताले प्रतिवादीबाट रू.२,००,०००।- क्षतिपूर्ति भराई पाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा भन्न मिलेन । प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीलाई घटी सजाय हुने गरी भएको फैसला केही उल्टी हुने ठहर गरी पीडिता बालाजु-१३ लाई निज प्रतिवादीले जबरजस्ती करणी गरेतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको महलको १३(१) नं. बमोजिम १२ (बाह्र) वर्ष कैद र हाडनातामा करणी गरेतर्फ हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम १० (दश) वर्ष कैद सजायसमेत हुने र पीडिता परिवर्तित नाम बालाजु-१२ लाई जबरजस्ती करणी गरेतर्फ जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद सजाय र हाडनातामा करणी गर्नेको महलको ३(१) नं. बमोजिम २ (दुई) वर्ष कैद सजायसमेत हुने तथा जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडिताहरूले जनही रू.२,००,०००।- (दुई लाख रूपैयाँ) प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल चैत्र ११ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१२०५, कर्तव्य ज्यान, तेजबहादुर रोकायासमेत वि. नेपाल सरकार

जाहेरी दरखास्त तथा अनुसन्धान तहकिकातको क्रममा तयार भएको मौकाको कागजको

बेहोरामा प्रतिवादीहरूले कर्तव्य गरी मारेको शंका लाग्छ भन्ने रहेको छ । जाहेरी दरखास्त तथा अनुसन्धान तहकिकातको क्रममा तयार भएको कागजहरू शव परीक्षण प्रतिवेदन तथा भिसेरा प्रतिवेदनबाट corroborate हुन सकेको देखिँदैन । यसै सम्बन्धमा यस अदालतबाट ने.का.प.२०६८, अंक ११, नि.नं.८७१७ मा *शंका, अनुमान र मनोगत विश्वासको आधारमा वारदातको स्थापना गरिँदैन । फौजदारी कानूनअनुसार कसुर गरेको भन्ने स्वतन्त्र प्रमाणबाट स्थापित भएमा मात्र सम्बन्धित कसुरदारलाई सजाय गर्न सकिने भएकोले प्रमाणबाट कसुर गरेको भन्ने स्थापित हुन नसकेको अवस्थामा कसैलाई पनि कसुरदार ठहराउन वा सजाय गर्न नमिल्ने* भनी (उमेश गुरूङ वि. नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, ने.का.प. २०६८, अंक ११, नि.नं.८७१७ मा) न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिने ।

वस्तुतः प्रत्यक्ष तथा ठोस प्रमाणबाट मृतकको मृत्यु प्रतिवादीहरूको कार्यबाट भएको तथ्य पुष्टि हुन आएको छैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीउपरको अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको पाइन्छ। सोबमोजिम अभियोग दाबीबमोजिमको ठोस एवं निश्चयात्मक प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शंकाको भरमा प्रतिवादीहरूलाई कसुरदार करार गर्न मिल्ने पनि देखिँदैन । जाहेरी दरखास्त तथा अनुसन्धान तहकिकातको क्रममा तयार भएको कागजहरू अन्य प्रत्यक्ष तथा ठोस प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई कसुरदार करार गरेको सुरू फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आएन । प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणबाट शंका र अनुमानको आधारमा मात्र प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने नदेखिँदा पुनरावेदक प्रतिवादीहरू तेजबहादुर रोकाया, नरबहादुर रोकाया, लालबहादुर रोकाया र देवेन्द्र भन्ने दिवसबहादुर रोकायालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी सुरू अछाम जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।५।१५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू
कम्प्युटर : देविना खतिवडा
इति संवत् २०७५ साल चैत्र ११ गते रोज २ शुभम् ।

## ३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१०१३, लागु औषध (खैरो हिरोइन), *नेपाल सरकार वि. योगेन्द्र हमालसमेत*

प्रतिवादीहरूबाट बरामद लागु औषधको परिमाण २ ग्राम मात्र देखिन्छ। बाँकी ३ ग्राम धर्मशालाको छज्जाबाट बरामद भएको पाइन्छ। लागु औषध बरामद भएको स्थल एउटा धर्मशाला हो । धर्मशाला जस्तो सार्वजनिक ठाउँमा धेरै मानिसको आवतजावत हुने गर्छ । धर्मशालाको कोठाको छज्जामा जसले जे पनि राख्न सक्ने अवस्था रहन्छ । त्यसैले धर्मशालाको छज्जाबाट बरामद ३ ग्राम लागु औषध यिनै प्रतिवादीहरूको हो भन्ने वस्तुनिष्ठ प्रमाणबाट देखिँदैन । तीनैजना प्रतिवादीहरूले प्रतिवादी योगेन्द्र हमालको साथबाट २ ग्राम लागु औषध बरामद भएको र आफूहरू सेवन गर्नसम्म भेला भएको र बाँकी ३ ग्राम को-कसको हो थाहा नभएको कुरा अनुसन्धान अधिकारीसमक्षको र अदालतसमक्ष

गरेको बयानसमेतमा स्वीकारेकोले निज प्रतिवादीहरू सेवनसम्म गर्न भेला भएको भन्ने देखिने।

यसरी हेर्दा लागु औषध बरामद भएको स्थलमा किन्ने ग्राहक र लागु औषध बेचबिखन गर्न चाहिने उपकरण फेला परेको देखिँदैन र सोअनुसारको बरामदी मुचुल्का पनि छैन। प्रतिवादीहरूको मनसाय लागु औषध ओसार पसार गरी बेचबिखन गर्ने भए लागु औषध किन्ने ग्राहक र उपकरण बरामद भएको हुने थियो। त्यस्तै मौकामा बुझिएका व्यक्तिहरूले समेत निज प्रतिवादीहरूले लागु औषध बेचबिखन गरेको कुरा सत्य होइन, कहिलेकाहीँ साथी भाइसँग हिँड्दा सेवन गरे होलान् तर बिक्री वितरण गर्ने मान्छे होइनन् भनी बयान गरेबाट पनि निज प्रतिवादीहरू सेवनकर्तासम्म भएको देखिन्छ। यसरी वारदातको प्रकृति हेर्दा र मौकामा बुझिएका व्यक्तिहरूले गरेको बकपत्र अध्ययन गर्दा निज प्रतिवादीहरूबाट बरामद भएको लागु औषध सेवनसम्म गर्ने प्रयोजनको लागि राखेको भन्ने देखिन आउने।

प्रतिवादी योगेन्द्र हमालको सँगसाथबाट मात्र लागु औषध फेला परेको र अन्य प्रतिवादीहरूको साथबाट फेला नपरेको तथा आफूहरू सेवनकर्तासम्म भएको तथ्यमा स्वीकार गरेको र बरामद भएको लागु औषधको परिमाण हेर्दा प्रतिवादीहरू लागु औषध खरिद गरी बिक्री गर्ने उद्देश्यले नभई सेवन गर्ने उद्देश्यले मात्र आफ्नो साथमा राखेको तथ्य स्थापित हुन आएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) बमोजिमको कसुर गरेको नभई ऐ. ऐनको दफा ४ को खण्ड (छ) बमोजिमको कसुर गरेको देखिई ऐ. १४(१)(ङ) अनुसार सजाय हुने ठहर गरेको पुनरावेदन अदालत दिपायलको फैसला परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १४(१)(छ) (१) बमोजिम जनही ५ (पाँच) वर्ष कैद र रू.१०,०००।– (दश हजार) रूपैयाँ जरिवाना हुने ठहर गरेको कैलाली जिल्ला अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिमको कसुरमा ऐ. दफा १४(१)(ङ) बमोजिम जनही १(एक) वर्ष कैद र रू.१०,०००।– (दश हजार रूपैयाँ) जरिवाना हुने ठहराएको पुनरावेदन अदालत दिपायलको मिति २०७१/७/१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

फैसला तयार गर्ने इ.अ. : भोजराज रेग्मी

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल कार्तिक २० गते रोज २ शुभम्।

**४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-१४५६, घर, पर्खाल, गेट हटाई, जग्गा खाली गराई, जग्गाको कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ, *निता भगत वि. दिनेशकुमार साहसमेत*

सुरू अदालतबाट भई आएको मिति २०६३।८।१९ को नक्सा मुचुल्कामा न.नं. ७, ८ र ९ लाई विवादित जग्गा देखाइएको छ। साथै उक्त न.नं. का जग्गाहरू वादीको कि.नं. ७२४ को जग्गाभित्र परी प्रतिवादी दिनेश साहको भोगमा रहेको भन्नेसमेत सोही नक्सा मुचुल्कामा जनाइएको छ। सर्भे नक्सामा वादीको कि.नं. ७२४ को आकृति प्रकृतिलाई हेर्दा, विवादित न.नं. ७, ८, ९ समेतको जग्गा वादीको कि.नं. ७२४ को जग्गाको स्वरूपसँग मिल्न भिड्न आउँछ। प्रतिवादीले आफूले भोगचलन गरेको उक्त विवादित जग्गा प्राप्त गरेको स्रोत खुलाउन र सो कुरालाई कुनै लिखत प्रमाणबाट पुष्टि गराउन सकेको पनि देखिँदैन। सर्भे नक्साबाट उक्त विवादित जग्गाहरू प्रतिवादीको नाउँको कि.नं. २३५१ को जग्गाभित्र पर्ने नदेखिँदा वादीको कि.नं. ७२४ भित्रको जग्गा

प्रतिवादीले खिचोला गरेको मान्नुपर्ने।

नक्सा मुचुल्कामा वादीको दर्ता स्रेस्ता मुताबिकको जग्गाको क्षेत्रफल पुगेको देखिँदैन । सर्भे नक्सा र अदातलबाट भई आएको मिति २०६३।८।१९ को नक्सा भिडाउँदा यी विवादित न.नं. ७, ८ र ९ का जग्गाहरू वादी निता भगतको कि.नं. ७२४ भित्र पर्ने देखिन्छ। उक्त विवादित जग्गामध्ये न.नं. ७ को ०-०-०-२$^{३}/_{४}$ जग्गामा समेत पर्ने गरी प्रतिवादी दिनेश साहले घर निर्माण गरेको, न.नं. ९ को ०-०-२$^{१}/_{२}$ खाली जग्गामा ट्युबेल गाडेको र न.नं. ८ को ०-०-१-० खाली जग्गालाई आँगन बनाएको पाइयो। त्यस्तै वादी नाउँ दर्ताको कि.नं. ७२४ को जग्गामध्येकै न.नं. १० को ०-०-४$^{३}/_{४}$ जग्गाको पश्चिमपट्टि प्रतिवादीले टाटी बेरा लगाएको पनि नक्सा मुचुल्काबाट देखियो। यसरी विवादित न.नं. ७, ८, ९ समेतको जग्गाहरू वादीको कि.नं. ७२४ को जग्गा रहेको पुष्टि हुन आएकोमा न.नं. ७ मा समेतमा पर्ने गरी घर, न.नं. ९ मा ट्युबेल र न.नं. ८ मा आँगन बनाई खिचोला गरी प्रतिवादी दिनेश साहले आफ्नो कि.नं. २३५१ को जग्गामा मिसाई भोगचलन गरेको तथा न.नं. १० को पश्चिमतर्फ टाटी बेरा लगाएकोसमेत देखियो । यस्तो अवस्थामा वादी दाबीको जग्गा प्रतिवादीले खिचोला गरेको ठहऱ्याउनु पर्नेमा वादी दाबी नपुग्ने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको देखिन नआउने।

अतः विवेचित तथ्य एवं प्रमाणको आधारमा मिति २०६३।८।१९ को नक्सा मुचुल्कामा उल्लिखित न.नं. ७, ८, ९ र १० को जग्गा वादी निता भगतको नाउँ दर्ताको कि.नं. ७२४ को जग्गाभित्रको रहेको देखिँदा न.नं. ७ मा रहेको प्रतिवादी दिनेश साहको घरको भाग जति भत्काई, न.नं. ९ को ट्युबेल भत्काई हटाई, न.नं. ८ को आँगन मेटाई, न.नं. १० को पश्चिमतर्फको टाटी बेरासमेत हटाई उक्त जग्गाहरूमा प्रतिवादी दिनेश साहको कब्जा खिचोला मेटाई वादी निता भगतले चलनसमेत चलाई पाउने ठहर्छ । वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।५।७ को फैसला उल्टी हुने।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०८३७, उत्प्रेषण / परमादेश, *सुशिल श्रेष्ठ वि. नेपाल बैंक लिमिटेड, कर्जा असुली विभाग प्र.का. काठमाडौंसमेत*

निवेदक सुशिल श्रेष्ठ र विपक्षी खेमराज गौतमबिच सेयर हस्तान्तरणको विषय सम्बन्धमा सम्झौता भएको र विपक्षी बैंक सो सम्झौतामा सहभागी नभएको साथै करारको विषयमा कानूनबमोजिमको उपचार खोज्ने वैकल्पिक मार्ग हुँदाहुँदै सो अवलम्बन नगरी अदालतको असाधारण अधिकार क्षेत्र ग्रहण गरी पर्न आएको प्रस्तुत करार विवादको तथ्यभित्र प्रवेश गरी विवेचना गर्न रिट क्षेत्राधिकारको मान्य सिद्धान्तविपरीत हुने भएबाट सो सम्बन्धमा निर्णय बोलिरहन नपर्ने।

तसर्थ कानूनबमोजिम धितो जमानत दिई कागज गरी कर्जा प्रवाह गरेको बैंकको कर्जा असुल नभएको अवस्थामा सो कर्जा चुक्ता नगरी आफ्नो दायित्व पूरा नगरी मिति २०६६/७/११ को करार सम्झौताको पक्ष नभएको बैंकबाट जेथा फुकुवा गरिदिनु भन्ने आदेश गरिपाउँ भन्ने निवेदक दाबी कानूनसम्मत मान्न नमिल्ने।

अतः उल्लिखित विवेचित आधार कारण तथा बैंकको उक्त लिलामी प्रक्रिया हाललाई स्थगित गरिसकेको भन्ने लिखित जवाफसमेतका आधारमा निवेदकको लिलामी प्रक्रिया रोकिपाउँ भन्ने माग दाबीको औचित्य समाप्त भइसकेको देखिँदा रिट जारी हुन सक्ने अवस्था रहेन। प्रस्तुत रिट निवेदन खारेज

हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेष्ठ ७ गते रोज २ शुभम्।

## ६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CR-०१९० र ०६९-CR-०२३१, सवारी अंगभंग, *निरज सिखाकार वि. नेपाल सरकार र नेपाल सरकार वि. निरज सिखाकार*

अनुसन्धानको क्रममा यी प्रतिवादीको बयान हुन नसकेको र अदालतमा बयान गर्दा आफूले चलाएको मोटरसाइकलले ठक्कर नदिएको भनी आरोपित कसुरमा पूरै इन्कारी रही बयान गरेको पाइन्छ। उक्त इन्कारी बयानलाई यी प्रतिवादीका साक्षी राजलक्ष्मी शाक्यले मिति २०६९/५/६ गते मंगलबार पसलमा प्रतिवादी र म सँगै थियौं भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । उक्त बयान र बकपत्रलाई खण्डन हुने गरी भरपर्दो रूपमा वादीले कुनै वस्तुनिष्ठ ठोस प्रमाण पेस गराई अभियोग दाबीलाई पुष्टि गराउन सकेको पाइँदैन । पीडित भनिएका रोशन बजगाईले बा.९ प. ८६९२ को मोटरसाइकलले आफूलाई ठक्कर दिएको बेहोरा उल्लेख गरी अदालतमा बकपत्र गरी सो मोटरसाइकल चालक यी आरोपित प्रतिवादी निरज सिख्राकार नै थिए भनी भन्न सकेको पाइँदैन । जो घटनाको प्रत्यक्षदर्शी हुन् उनले प्रत्यक्ष रूपमा घटनाको बारेमा थाहा पाउने अवस्था रहेको अवस्थामा थाहा नपाई घटनाको प्रत्यक्षदर्शी नभएको जाहेरवालाले अरूले भनेको सुनेको भरमा दिएको जाहेरी र सोही आधारमा अदालतमा आई बकपत्र गरे पनि सो बकपत्रलाई अन्य मौकामा कागज गर्ने व्यक्ति र अन्य परिस्थितिजन्य प्रमाणले पुष्टि गरेको पाइएन। यसबाट बा.९ प. ८६९२ नं. को मोटरसाइकल धनी निरज सिख्राकार भएकै आधारमा सो घटना पनि यिनै प्रतिवादीले चलाएको मोटर साइकलबाट ठक्कर दिई भएको हो भन्ने मिल्ने यथेष्ट भरपर्दो ठोस प्रमाण पेस हुन आएको देखिन नआउने।

फौजदारी मुद्दामा कानूनमा अन्यथा उल्लेख भएको बाहेक आरोप प्रमाणित गर्ने भार वादी पक्षमा नै रहने देखिन्छ। प्रस्तुत मुद्दामा बा.९ प. ८६९२ नं. प्रयोग गरी चलाएको मोटरसाइकल चालक यी प्रतिवादी नै हुन् भन्ने तथ्य निर्विवाद रूपमा स्थापित नभएसम्म पीडितलाई लागेको घा र सोको उपचार खर्च यी प्रतिवादीबाट भराउने अवस्था नरहने। मोटरसाइल यी प्रतिवादी आफैँले चलाएको वा सो चलाउनमा निजको कुनै तवरले संलग्नता रहेको छ भन्ने दाबी वादी पक्षले लिन सकेको नदेखिनुका साथै सो कुरालाई समर्थन गर्ने कुनै प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । यसबाट वादी पक्षले प्रतिवादीको कसुर प्रमाणित गर्ने दायित्व पूरा गर्न सकेको देखिन नआउने।

सुरू अदालतबाट कुटपिटको २ नं. ले परिभाषित गरेबमोजिमको कसुर नठहरेकोले अंगभंगमा सजाय गर्न मिलेन भनी सफाइ दिएकोमा पुनरावेदन अदालतले सुरू फैसला सदर गरी उपचार खर्चसम्म प्रतिवादीलाई दफा १६३(२) बमोजिम बेहोर्न लगाएको पाइन्छ। अभियोग दाबीबमोजिम प्रतिवादीले कसुर गरेको नठहर्ने तर निजैबाट घा खर्च भराइदिने गरी भएको फैसला परस्पर विरोधाभाष देखिन्छ । अदालतले आफ्नो अधिकार क्षेत्रलाई सदैव ख्याल राख्नुपर्छ । यस अर्थमा न्यायकर्ताको स्वइच्छा तथा स्वविवेकबाट अधिकार क्षेत्र ग्रहण गर्ने पद्धति तथा परिपाटीलाई कानूनसङ्गत मान्न नसकिने। पीडितको औषधी उपचार खर्च जाहेरवालालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) बमोजिम प्रतिवादीबाट भराई दिने अधिकारक्षेत्र पुनरावेदन अदालतलाई तोकेको देखिन नआउने।

तसर्थ, उल्लिखित तथ्य, सम्बद्ध कानूनी व्यवस्था, घा खर्च भराउनेसम्बन्धी यस अदालतबाट

प्रतिपादित सिद्धान्तको रोहमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ दफा १६३(२) बमोजिम प्रतिवादीबाट पीडितलाई रू.३६,०६९।- घा खर्च, क्षतिपूर्ति भराइदिने गरी प्रमुख जिल्ला अधिकारीमा रहेको क्षेत्राधिकार ग्रहण गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८/१०/८ मा भएको फैसला अधिकार क्षेत्रको अभावमा सो हदसम्म केही उल्टी हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-००५२, घर बहाल भराई घर खाली गराई पाऊँ, *रामकाजी कायस्थ वि. लक्ष्मी कायस्थसमेत*

पुनरावेदक वादीले दाबीअनुसारकै घर बहाल प्रतिवादीहरूले तिर्नु बुझाउनु पर्ने हो भनी दाबीअनुसारको प्रमाण कागजात पेस गरी पुष्ट्याइँ गर्ने भार पनि निजकै हो । वादीले दाबीअनुसार घर बहाल पाउँ भन्नाका लागि त्यससँग सम्बन्धित प्रत्यक्ष लिखत प्रमाणको आवश्यकता पर्दछ । पुनरावेदन जिकिरअनुसार अलग-अलग कोठा तथा सटरको अलग-अलग दरले भाडा कायम गरिपाउँ भन्ने कुराको पनि आधिकारिक प्रमाण कागजात छैन । साथै सो कुराको पुष्टि हुने लिखत प्रमाण पनि वादी पक्षले पेस गरी प्रमाणित गराउन सकेको पाइएन। अतः दाबीअनुसारकै भाडा दर कायम गरी प्रतिवादीहरूबाट वादीलाई भराउनु मनासिब हुन आएन । फिराद दाबीअनुसारकै छुट्टाछुट्टै कोठा तथा सटरको छुट्टाछुट्टै बहाल पाउनु पर्ने भन्ने पुनरावेदन जिकिर स-प्रमाण पुष्टि हुन नआउने।

पुनरावेदक प्रतिवादीहरू लक्ष्मी कायस्थ, राजाराम धग्वोरा, बाबुराम नेपाली, रतन लामा, बोलबम चौरासियाले प्रतिउत्तर जिकिरविपरीत भाडादर कायम गरेको फैसला नमिलेको भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूको प्रतिउत्तरबाट दाबीको घरमा बहाल लिई बसेको भन्ने कुराको तथ्यसमेत प्रतिवादीहरूले स्वीकार गरेकै देखिन्छ । प्रतिवादीहरूले प्रतिउत्तरमा उल्लेख गरेको घरबहाल दर पुष्टि तथा समर्थित हुने लिखत, आधिकारिक प्रमाण, बहाल सम्झौता तथा अन्य बहाल रेटसम्बन्धी प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रतिउत्तर जिकिरविपरीत भाडा दर कायम गरेको फैसला नमिलेको भन्ने पुनरावेदन जिकिर पनि मनासिब देखिएन नआउने।

यसैगरी पुनरावेदक प्रतिवादीमध्येकै निरन्जन कायस्थले आफू घर सम्भार र मर्मत रेखदेख गर्न बसेको हो भनी तथा प्रतिवादी दुर्गा काफ्लेले आफू घरमा नित्य पूजाआजा गर्न, रामदेवी कायस्थलाई धार्मिक कार्यमा सहयोग गर्न बसेको भनी पुनरावेदन जिकिर लिएको देखियो। सो सम्बन्धमा हेर्दा घरधनी रामदेवी कायस्थसँग यी पुनरावेदक प्रतिवादीहरूले घरबहाल नलिने गरी कुनै सम्झौता भएको वा लिखत भएको भनी सोको प्रमाण पेस गर्न सकेको छैन । काठमाडौं महानगरपालिकाको मिति २०६४।१।२६ को पत्रमा म्युजिक म्याक्स सि. डि. पसल सञ्चालन गर्ने निरन्जन कायस्थको कोठा भाडा मासिक रू.२०,०००।- र दुर्गा काफ्ले (टहरा) को मासिक भाडा रू.३,०००।- भनी उल्लेख भएको छ। यस्तो अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूसमेत दाबीको घरमा बहालमा बसेको देखिन्छ । रामदेवीले आफूहरूलाई बहाल बुझाउनु नपर्ने सर्तमा राखेको भन्ने त्यसतर्फको पुनरावेदन जिकिरसमेत वस्तुपरक देखिन नआउने।

अर्का पुनरावेदक प्रतिवादी सुरज डंगोलले रामदेवी कायस्थकै जीवनकालमा अग्रिम भाडा बुझाइसकेको हुँदा आफूबाट लिनुदिनु नै नगरेको, नभएको भाडा रकम वादीले पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला नमिलेको भन्ने

पुनरावेदन जिकिर लिए तापनि दाबीको घरमा बहाल बसेको कुरामा यी प्रतिवादीले स्वीकार नै गरेको देखिन्छ । जहाँसम्म अग्रिम भाडा बुझाइसकेको भन्ने तथ्यको आधिकारिक तथा विश्वसनीय प्रमाण पेस भएको छैन । त्यसकारण अग्रिम भाडा बुझाइसकेको भन्ने पुनरावेदन जिकिर सान्दर्भिक नदेखिने ।

साथै मिति २०६० साल फागुनदेखिकै घरभाडा भराएको फैसलासमेत नमिलेको भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसमेत रहेको देखिन्छ । प्रतिवादी गणेशबहादुर कायस्थका साक्षी कृष्ण लामाले मिति २०६० साल माघ महिनामा रामदेवी कायस्थको मृत्यु भएपछि वादी रामकाजी र प्रतिवादी गणेशबहादुर कायस्थबिचमा विवाद भइरहेकाले बहालमा बस्नेहरू घर छाडी गएका थिए। पछि फेरि २०६२ साल वैशाखदेखि गणेशबहादुर कायस्थको अनुरोधमा पहिला बसेका सम्पूर्ण बहालवाला बसेका हुन भनी र वादीका साक्षी जगदीश मास्केले प्रतिवादीहरू पहिलैदेखि त्यही घरमा बसेका थिए भनी बकपत्र गरेको देखिँदा प्रतिवादीहरू दाबीको घरमा २०६२ साल अघिदेखि नै बसेको तथ्य प्रस्ट भएको देखिने ।

प्रस्तुत मुद्दामा गणेशबहादुर कायस्थ मरी मु.स. गर्ने निजको श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.६ बौद्ध टुसाल बस्ने लक्ष्मी कायस्थ उल्लेख गरी निजले यस अदालतमा पुनरावेदन दायर गरेबाट श्रीमान् गणेशबहादुर कायस्थको मृत्युपछि आफैँले मुद्दा सकार गरेको देखिन्छ। प्रस्तुत मुद्दा फैसला नहुँदै गणेशबहादुर कायस्थको मिति २०६५।१।२ मा मृत्यु भएको भन्ने कुरा लक्ष्मी कायस्थले सुरू काठमाडौं जिल्ला अदालतमा आफू नजिकको हकदार भएकाले मुद्दा सकारको लागि दिएको मिति २०६५।२।२ को निवेदनबाट देखिएको छ । प्रस्तुत मुद्दामा सगोलमा रहेको पति गणेशबहादुर कायस्थलाई प्रतिवादीहरूले घरबहाल बुझाएको पुष्टि भएको अवस्थामा म लक्ष्मी कायस्थमार्फत वादीलाई प्रतिवादीहरूबाट बहाल भराउने ठहर गरेको फैसला नमिलेको भन्ने पुनरावेदन जिकिरसमेत मनासिब मान्न नसकिने ।

अब पुनरावेदन अदालत पाटनबाट वादीलाई पुनरावेदक प्रतिवादीहरूबाट घर बहालबापत बहाल दर कायम गरी वादीलाई भराई दिने ठहर गरेको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा काठमाडौं महानगरपालिकाको कार्यालयको मिति २०६४।१।२६ च.नं. २६२७ को पत्रबाट वादी दाबीको घर टहराको स्थलगत निरीक्षण गरी सो घर आसपासका स्थानीय, अन्य छरछिमेकीसमेत राखी सर्जमिन गरी प्रतिवादीहरू बसेको घर, टहरा, कोठा तथा सटरको भाडादर कायम गरी पढाएको देखियो । सो पत्रबाट प्रतिवादीहरूउपर वादीले दाबी लिएको भाडा दरभन्दा बढी दरमा भाडा दर कायम भई आएको पाइयो । यस्तो अवस्थामा दाबीभन्दा बढी भाडा दर प्रतिवादीहरूबाट वादीलाई भराउनु न्यायोचित हुन नआउने ।

पुनरावेदक वादी तथा प्रतिवादीहरूको घरबहाल सम्बन्धमा आ-आफ्नो जिकिर रहेको देखियो । तर घर बहालमा बस्ने तथा घर बहालमा दिनेबिचमा घर भाडा दर वा बहालको बारेमा कुनै प्रकारको करार तथा सम्झौता वा निश्चित रकम तोकेको देखिने कुनै विश्वसनीय तथा आधिकारिक प्रमाणित कागजात, लिखत, सर्तनामा तथा कबुलियतनामाका कागजातहरू वादी तथा प्रतिवादीहरू दुवै पक्षबाट पेस गर्न सकेको देखिएन। कुनै लिखत र मिति किटान नगरी बहालमा बस्दै आएका हौं भनी बोलबम चौरासिया तथा शिव शंखर पोदारको प्रतिउत्तर जिकिरबाट पनि घर भाडाका सम्बन्धमा कुनै लिखित कागजात भएको भन्ने देखिएन । यस्तो अवस्थामा ६ नं. वडा कार्यालयको पत्र, काठमाडौं महानगरपालिकाको कार्यालयको मिति २०६४।१।२६ च.नं. २६२७ को पत्रबाट स्थलगत निरीक्षण गरी सो घर आसपासका स्थानीय, अन्य छर छिमेकीसमेत राखी सर्जमिनअनुसार तय गरेको

बहाल दर तथा वादीले लिएको दाबी र प्रतिवादीहरूका जिकिरसमेतलाई विचार गरी मूलरूपमा भरपर्दो, मान्य र विश्वसनीय तथा विवेकसम्मत र न्यायोचितरूपमा भाडादर कायम गर्नुपर्ने देखिँदा प्रतिवादीहरूमध्ये सुरज डंगोलले लिएको पसलबाट मासिक रू.१०,०००।- (दश हजार), राजाराम धग्वोराको पसलबाट रू. ८,०००।- (आठ हजार), डा.प्रमिता सुवाल, निरञ्जन कायस्थ, रेणुका राई (ब्युटी पार्लर), बाबुराम नेपाली र बोलबम चौरासियाबाट रू. ३,०००/३,००० हजार, लक्ष्मीनारायण सुवालबाट रू. २,०००।- (दुई हजार) र अन्य असिम लामा, नन्दकुमार राई, रतन लामा, दुर्गा काफ्ले, शिवशंकर पोदारबाट रू.१,५००/१,५००।- का दरले निजहरूको वादी दाबीको मिति २०६० फाल्गुणदेखि २०६२ श्रावणसम्मको हुने जम्मा भाडाको आधा भाडाको रकम प्रतिवादीहरूबाट प्रतिवादी गणेशबहादुर कायस्थको मु.स. गर्ने लक्ष्मी कायस्थमार्फत वादीले दिलाइ भराइ पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।०५ गतेको फैसला अन्यथा देखिन नआउने।

अतः विवेचित तथ्यगत आधार, कानूनी व्यवस्थासमेतबाट तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१२।०५ भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दहाल

इति संवत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-WO-११०४, उत्प्रेषण / परमादेश, *सीताराम चौधरी वि. दाङ देउखुरी जिल्ला अदालत, घोराही दाङ*

जुन फैसला बदर मुद्दा अदालतमा विचाराधीन रहेको कारण घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ मुद्दामा भएको फैसला कार्यान्वयन मुलतबी राख्ने गरी जिल्ला अदालतका स्रेस्तेदार र पुनरावेदन अदालतबाट आदेश भएको थियो सो फैसला बदर मुद्दाको निर्णय अन्तिम भइसकेको सन्दर्भमा अब यी आदेशहरूको कुनै औचित्य देखिन आएन । अब निवेदक सीताराम चौधरीको तर्फबाट फैसला कार्यान्वयनको लागि परेको उक्त निवेदनको सम्बन्धमा कानूनबमोजिम प्रक्रिया स्वतः अगाडि बढ्ने नै हुन्छ। रिट निवेदन दाबीको सम्बन्धमा कानूनद्वारा अख्तियारी पाएका निकाय वा अधिकारीले आफ्नो क्षेत्राधिकारभित्र रही निर्णय गर्ने नै हुँदा सो अधिकारक्षेत्रलाई हस्तक्षेप वा सङ्कुचन हुने गरी असाधारण अधिकारक्षेत्रको प्रयोग गरी कुनै आदेश जारी गर्न मिल्ने देखिँदैन। प्रस्तुत रिट निवेदन दाबीको विषयमा जिल्ला अदालतबाट फैसला कार्यान्वयनको कारबाहीको प्रक्रिया स्वतः प्रारम्भ हुने भएकोले निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने औचित्य नदेखिने।

अतः उल्लिखित आधार कारणबाट फैसला बदर मुद्दामा पुनरावेदन तहबाट समेत फैसला भइसकेकोले यसअघि भएको फैसलाअनुसार निवेदकले कार्यान्वयनतर्फ दिएको निवेदन मुलतबी राख्ने गरी भएको पुनरावेदन अदालतको मिति २०७२।१०।१४ को आदेशको अब औचित्य देखिन नआई निवेदकको तर्फबाट फैसला कार्यान्वयनको लागि परेको निवेदनको प्रक्रिया स्वतः प्रारम्भ हुने हुँदा निवेदकको मागबमोजिम आदेश जारी गरिरहनुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल साउन २७ गते रोज १ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०५९०, उत्प्रेषण, *ध्रुवप्रसाद*

*मैनाली वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

निवेदकको का.स.मू. फाराम शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२(घ)(७) बमोजिम नबुझाई मिति २०७१।०७।१५ मा मात्र दर्ता गरेको पाइयो । यसरी तोकिएको अवधि समाप्त भएपछि पेस भएको का.स.मू. फारामअनुसारको अंक गणना गर्न नमिल्ने भएकोले निवेदकको २०७० सालको का.स.मू. बापत अंक प्रदान नगरेकोलाई बेमुनासिब मान्न मिलेन । यसका अतिरिक्त प्रस्तुत रिट निवेदन दायर भएपश्चात् शिक्षक सेवा आयोगको बढुवा पुनरावलोकनसम्बन्धी सूचनाअनुसार वि.नं. ०३/०७२/७३ को नि.मा.शि. तह द्वितीय श्रेणीमा निवेदक ध्रुवप्रसाद मैनालीसमेत सिफारिस भई जिल्ला शिक्षा कार्यालय रामेछापको च.नं.१८२५ मिति २०७३।१२।१६ को पत्रबाट २०७३।१२।७ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति भएको कुरा पेस हुन आएको कागजपत्रबाट देखिन आयो । यी निवेदकले बढुवा हुनको लागि माग गरेको पदमा नै निजको बढुवा भई हाल कार्यरत रहेको भन्ने देखिँदा निजको बढुवासम्बन्धी प्रयोजन पूरा भइसकेको पाइयो । तसर्थ, भगवान् कार्कीसमेतलाई बढुवा गर्ने गरी भएको विवादित निर्णय तथा पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिरअनुसार आदेश जारी गर्नुपर्ने प्रयोजन देखिएन । ज्येष्ठता कायम गर्ने सम्बन्धमा निवेदकको मागदाबी रहेको नदेखिएको र ज्येष्ठता अन्यथा कायम हुन सक्ने तथ्ययुक्त अवस्थासमेत देखिन नआएकोले त्यसतर्फ समेत विचार गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७४ साल जेष्ठ ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-१४१८, फैसला बदर, *देवकी देवीसमेत वि. मुगालाल साह हलुवाईसमेत*

वादी देवकी देवीका नाममा दर्ता रहेको कि.नं.२५६, २५८, २६० र २६२ का जग्गाहरू अंश मुद्दा पर्नुभन्दा अगावै अर्थात् फिराद परेको मिति २०५१।०४।३१ भन्दा अगावै निजका नाममा दर्ता हुन आएको देखिन्छ । निज पुनरावेदकले माइतीतर्फको दान दक्षिणाको रकम जम्मा गरी राजीनामाबाट खरिद गरेको भनी जिकिर लिएको भए तापनि सोसम्बन्धी वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको देखिएन । यस अवस्थामा पुनरावेदक वादी देवकी देवीका नाममा दर्ता रहेको उल्लिखित जग्गा निजी आर्जनको सम्पत्ति रहेछ भन्ने नदेखिएबाट मुलुकी ऐन, अंशबन्डाको १८ नं. बमोजिम बन्डा नलाग्ने भन्न मिल्ने नदेखिने ।

कि.नं.४७४ र १७७ समेतका दुवै कित्ता जग्गा यी पुनरावेदक वादीकी आमा देवकीदेवीले मिति २०५६।०३।२८ मा हालैको बकसपत्र पारित गरी छोरा अर्थात् पुनरावेदक वादी कन्हैयालाललाई दिएको देखिन्छ । यसरी एकासगोलको छोराले आमाबाट प्राप्त गरेको सम्पत्ति सगोलमा रहेका अंशियारको भाग नलाग्ने भन्न मिलेन । पुनरावेदक वादी कन्हैयालालका नाममा दर्ता रहेको कि.नं.४७४ र १७७ का जग्गा एकासगोलका अंशियारमा बन्डा लाग्ने नै देखिने ।

पुनरावेदक वादी कन्हैयालाल साहको नाममा दर्ता रहेको कि.नं.२७९ र देवकी देवीको नाममा दर्ता रहेको कि.नं. १४०६ का जग्गाहरू मानो छुट्टिएको मिति २०५१।४।३० कायम भइसकेपछि मिति २०५३।९।७ मा भोलानाथ दाहालबाट राजीनामा गरी कन्हैयालालको नाममा र कि.नं.१४०६ को मिति २०५३।१२।१९ मा देवकी देवी साहको नाममा प्राप्त गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । यसरी पुनरावेदक वादीहरूले मानो छुट्टिसकेपछि मात्र खरिद गरेको उक्त कि.नं.का जग्गाहरूमा प्रतिवादी बुधन साहको अंश हक लाग्न सक्ने अवस्था नदेखिने ।

अतः उल्लिखित आधार र प्रमाणबाट कि.नं.२७९ र कि.नं.१४०६ को जग्गाको हकमा सम्म

मिति २०६७।०३।२८ को अंश मुद्दाको फैसला सो हदसम्म बदर हुने ठहर गर्नुपर्नेमा सो नगरी वादी दाबी नपुग्ने भनी भएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।१२।२० को फैसला सो हदसम्म केही उल्टी गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६८।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- गीता श्रेष्ठ

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम्।

**३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-CR-००८९, कर्तव्य ज्यान, *देधनसिंह लिम्बु वि. नेपाल सरकार*

मिति २०७२।३।१२ गते प्रतिवादीका दिदी र भिनाजु मृतक सोमबहादुर फागोबिच वादविवाद भई झगडा गरिरहेको अवस्थामा निज प्रतिवादीले छुट्टाउने क्रममा मृतकले प्रतिवादीलाई बक्सिङ हानी घाँटी न्याकेकोले प्रतिवादी सम्बाम्फे कान्छा भन्ने धनसिंह लिम्बुले आफ्नो नङ्ग काट्नको लागि प्रयोग गर्ने गरेको सानो छुरीले मृतक सोमबहादुर फागोलाई कोखालगायतमा प्रहार गरी घाइते बनाई सोही चोटको कारण मृतकको मृत्यु भएको कुरामा साबित भई अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत प्रतिवादीले बयान गरेको देखियो । मृतकको शरीरको छाती, कोखालगायतका विभिन्न भागमा धारिलो हतियारले घोची रोपी गम्भीर घाइते बनाइएको अवस्थामा मृत शरीर रहेको भन्ने घटनास्थल / लासजाँच मुचुल्का रहेको छ । मृतकको छातीमा रोपिएको घाउको कारण मृतकको मृत्यु भएको भनी मृत्युको कारणमा “Haemothorax due to penetrating injury chest with intra abdominal bleeding” भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। प्रतिवादीउपरको किटानी जाहेरीलाई समर्थन हुने गरी मौकामा बुझिएका मानिसहरू सुकमाया फागो, जनुप्रसाद लिम्बूले मौकामा गरिदिएको कागज, वस्तुस्थिति मुचल्काका मानिसहरू सुकबहादुर फागो, सन्तराम योङहाङ, जाहेरवाला अमृता फागोसमेतका मानिसहरूले अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले गरेको साबिती बयान समर्थित भएको पाइने।

उल्लिखित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी सम्वाम्फे कान्छा भन्ने धनसिंह लिम्बूले मृतक सोमबहादुर फागोलाई धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको तथ्य शंकारहित तवरबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू इलाम जिल्ला अदालतको मिति २०७२।७।११ गतेको फैसला सदर गरेको उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७३।८।३० गतेको फैसला मनासिब देखिँदा सदर हुने।

दिदी भिनाजुबिचको झगडा छुट्याउने क्रममा मृतक सोमबहादुर फागोले प्रतिवादी धनसिंह लिम्बूलाई न्याकेकोसमेत कारणबाट आवेशमा आई प्रहार गर्न पुगेको कारणबाट ज्यान मर्न गएको देखिन्छ। प्रतिवादीले कसुरमा साबित भई अनुसन्धान र अदालतमा बयान गरी न्यायिक प्रक्रियामा समेत सहयोग पुऱ्याएको देखिएको छ । समग्र घटना परिस्थितितर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम प्रतिवादीलाई सजाय हुने ठहरेको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखियो। अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी सम्वाम्फे कान्छा भन्ने धनसिंह लिम्बूलाई ऐनबमोजिम ठहरेको सजायमा केही कमी हुने गरी सजाय गर्नु मनासिब देखिएकाले निजलाई १५(पन्ध्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत:- गीता श्रेष्ठ

इति संवत् २०७५ साल जेष्ठ १० गते रोज ५ शुभम्।

## इजलास नं. ९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-०२०० र ०७१-CI-०२९७, क्षतिपूर्ति, *सुपर लेमिकोट्स प्रा.लि. वि. शिव शंकर बिस्कुट ई.प्रा.लि. र विजयराम प्रधान वि. सुपर लेमिकोट्स प्रा.लि.*

वादी प्रतिवादीबिचमा २०५४ सालदेखि बिस्कुटको Wrapper छापी लिने दिने गरी व्यापारिक कारोबार भएको देखिन्छ । यस्ता करार सम्बन्धमा भइरहेको कानूनी व्यवस्था हेर्दा करार ऐन, २०५६ को दफा ४०(१) ले कुनै बिक्रेताले मूल्य लिई कुनै वस्तु क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न मन्जुर गरेकोमा वस्तु बिक्रीसम्बन्धी करार भएको मानिने उल्लेख भइरहेको देखिन्छ । Jungle fun animal बिस्कुटको Wrapper मा लागेको केमिकल मिश्रणले बिस्कुटलाई गन्ध आउने बनाई बिस्कुटहरू बिक्री नभई विभिन्न जिल्लाहरूबाट फिर्ता आएको भन्ने फिरादीले पेस गरेको मिसिल संलग्न फिर्ता लेखिएको पत्र एवं बिल भरपाईहरूबाट देखिन्छ । प्रतिवादी कम्पनीले पठाएका Wrapper गुणस्तर कम भएकोले बिस्कुट गन्ध आउने भएको भनी समयमा नै सो कम्पनीलाई जानकारी गराइएको तथा सो गन्ध आउने बाँकी रहेको Wrapper प्रतिवादी कम्पनीलाई फिर्ता पठाई दिने गरी पत्राचारसमेत भएको मिसिल प्रमाणबाट देखिने । व्यापारिक कारोबारको सिलसिलामा प्रतिवादीले वादीलाई गुणस्तरयुक्त Wrapper दिनुपर्नेमा गुणस्तरहीन सामान बुझाएकोलाई व्यापारिक कारोबारको सन्दर्भमा सामान बुझाएको दायित्व निर्वाह गरेको भनी भन्न मिल्ने देखिँदैन । गुणस्तरयुक्त सामान नदिएको कारण सोबाट हुन गएको क्षति वादी शिवशंकर बिस्कुट ई.प्रा.लि.ले प्रतिवादी सुपर लेमिकोट्स प्रा.लि.बाट भराई लिन पाउने नै देखिन्छ । वादीलाई भएको हानि नोक्सानीतर्फ विचार गर्दा फिर्ता आएको बिस्कुटको बिलबमोजिमको रकम र Wrapper बनाउन लाग्ने सिलिन्डर खर्च तथा वादीको कम्पनीको प्रतिष्ठासमेतलाई विचार गरी रू. ९,५२,८०२।८० प्रतिवादी सुपर लेमिकोट्स प्रा. लि.बाट वादी शिवशंकर बिस्कुट ई.प्रा.लि.ले क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याएको सुरूको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७/१/७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल श्रावण २९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७१-RB-००३२, करारबमोजिम गरिपाउँ, *हेमबहादुर प्रधान वि. सुपर लेमिकोट्स प्रा.लि.* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०४१६ र ०६९-CR-०९६४, भ्रष्टाचार, *नेपाल सरकार वि. विन्देश्वरप्रसाद गुप्ता र विन्देश्वरप्रसाद गुप्ता वि. नेपाल सरकार*

जनकपुर चुरोट कारखानाको बिजक सम्बन्धमा कारखाना आफूले कैफियत नजनाई उधारो बिक्रीको रकमसम्म नउठेको भन्ने स्वीकार गरेको, निशीभुजी जनता स्टोर्सका प्रो. बाट समेत आफ्नो नाममा कुनै फर्जी बिल जारी भएको भनी कतै उजुरी गरेको नदेखिएको र बिजक नं. १३३६७ मा भएको हस्ताक्षरलाई किटानी रूपमा इन्कार गरेको अवस्था नहुँदा चुरोटहरू उधारोमा बिक्री भएको रकम असुलउपर नभएकै आधारमा भ्रष्टाचार जस्तो गम्भीर विषयमा बिगो कायम गर्नु न्यायोचित देखिएन । तसर्थ, मिति २०६६/०३/२५ मा निशीभुजी

जनता स्टोर्सलाई बिजक नं. १३३६७ बाट बिक्री गरेको बिजकअनुसारको रू.१८,०२,९३०।३९ कारखाना आफैँले असुलउपर गर्नेतर्फ कारबाही नगरेको र रकम यी प्रतिवादी विन्देश्वर गुप्ताले उठाई आफैँले मासेको भन्ने आरोप नहुँदा सो रकम बिगोमा समावेश गर्न मिल्ने नदेखिने।

डिलरहरूलाई चुरोट बिक्री गरी प्राप्त रकम बुटवलसम्म पुगी दाखिला गर्न जानु पर्ने भएको र कहिलेकाहीँ बुटवल पुग्दा बैंक बन्द भइसक्ने भएकोले रकम स्थानीय व्यक्तिलाई छाडी जाने गरेको थिएँ, एक्कासी अवकाश पाएकोले कारखानाकै निमित्त क्षेत्रीय प्रबन्धक जीवनलाल श्रेष्ठ र अन्य स्थानीय व्यक्तिलाई बुझाउन छाडी गएको रकम सम्बन्धमा सम्बन्धित व्यक्तिसित ताकेता गरिरहेको छु भनी प्रतिवादीले सुरू विशेष अदालतमा बयान गरेको देखिए पनि सोही कथनबाट यी प्रतिवादीले उत्मुक्ति पाउन सक्ने अवस्था देखिँदैन। डिलरहरूलाई चुरोट बिक्री गरी प्राप्त रकम कारखानाको खातामा दाखिल नभएको तथ्यलाई इन्कार गर्न सकेको देखिँदैन। चुरोट बिक्रीबापत प्राप्त रकम कारखानाको खातामा जम्मा गर्नु पर्ने दायित्व यी प्रतिवादीको भएको तर निजले आफ्नो दायित्व पूरा नगरी रकम आफैँले मासेको देखियो। तसर्थ, उपर्युक्त तथ्य र प्रमाणहरूबाट यी प्रतिवादी विन्देश्वर गुप्ताले रू.१७,८०,५००।३० बदनियतपूर्ण तरिकाबाट हिनामिना गरी कारखानालाई हानि नोक्सानी पुऱ्याएको तथ्य प्रमाणित हुन आएको देखिँदा निज पुनरावेदक / प्रतिवादी विन्देश्वरप्रसाद गुप्ताले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको होइन भन्न सकिने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूबाट पुनरावेदक / प्रतिवादी विन्देश्वरप्रसाद गुप्ताले जनकपुर चुरोट कारखानाको रू.३५,८३,४३१।०९ लापरवाहीपूर्वक हिनामिना गरी सो कारखानालाई हानि नोक्सानी पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर गरेको ठहऱ्याई सोही ऐनको दफा १७ र ३(१)(छ) अनुसार प्रतिवादीलाई ४(चार) वर्ष कैद र बिगोबमोजिम रू.३५,८३,४३१।०९ जरिवाना गरी जनकपुर चुरोट कारखाना लिमिटेडले प्रतिवादीबाट हानि नोक्सानी भएको बिगो रू.३५,८३,४३१।०९ भराई पाउनेसमेत ठहऱ्याई सुरू विशेष अदालत काठमाडौंबाट मिति २०६९/०४/३२ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई जनकपुर चुरोट कारखानाको रकम हिनामिना गरेको प्रमाणित भई कायम हुन आएको बिगो रू.१७,८०,५००।३० लापरवाही गरी, बदनियतपूर्ण तवरबाट हिनामिना गरी सो कारखानालाई हानि नोक्सानी पुऱ्याएको देखिँदा पुनरावेदक / प्रतिवादी विन्देश्वरप्रसाद गुप्ताले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको ठहर्छ। सो ठहर्नाले सोही ऐनको दफा १७ र ३(१)(च) अनुसार प्रतिवादीलाई वर्ष २(दुई) ६(छ) महिना कैद र बिगोबमोजिम रू.१७,८०,५००।३० जरिवाना भई जनकपुर चुरोट कारखाना लिमिटेडले प्रतिवादीबाट हानि नोक्सानी भएको उक्त बिगो रू.१७,८०,५००।३० भराई पाउनेसमेत ठहर्ने।

इजलास अधिकृत:- लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल कार्तिक २ गते रोज ३ शुभम्।

## इजलास नं. १२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-००४२, बन्दीप्रत्क्षीकरण, *विनोदकुमार वली वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

रिट निवेदकको निवेदनमा विप्लब नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको जिल्ला समितिको सदस्य भई फरक विचार र आस्था राखेको कारणबाट नै

प्रत्यर्थी गृह मन्त्रालयको ठाडो आदेश र प्रत्यर्थी प्रहरी प्रधान कार्यालयसमेतको निर्देशनमा अन्य प्रत्यर्थीहरूसमेतले मिलेमतो गरी प्रवृत्त भावना लिई बदनियतपूर्वक पटकपटक पक्राउ गरी झुट्ठा मुद्दा लगाई गैरकानूनी थुनामा राख्ने गरिएको भन्ने जिकिर लिएको देखिन्छ भने निज निवेदकलाई सार्वजनिक हित तथा नैतिकता विरूद्ध अभद्र व्यवहार गरेको कसुरमा मुद्दा चलाई जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीबाट मिति २०७६।०४।२७ गतेदेखि लागू हुने गरी पहिलो पटक दिन १० को म्याद थप लिई अनुसन्धान कार्य भइरहेको हुँदा निज प्रतिवादी लालबहादुर वलीलाई गैरकानूनी तवरले पक्राउ गरिएको र थुनामा राखिएको अवस्था नभई सार्वजनिक हित तथा नैतिकता विरूद्ध कसुरमा अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको भन्नेसमेत विपक्षीहरूले जिकिर लिएको देखिन्छ । यसपूर्व निज लालबहादुर वली निवेदक भई ०७६-WH-०००९ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा "यसमा निवेदक लालबहादुर वलीलाई सार्वजनिक हित र नैतिकता विरूद्धको कसुरमा अनुसन्धानको लागि पक्राउ गरिएकोमा जिल्ला प्रशासन कार्यालय प्युठानमा म्यादथपको माग गर्दा त्यसमा के कति अनुसन्धान कार्य सम्पन्न भइसकेको र के कति अनुसन्धान कार्य हुन बाँकी भन्ने कुरा स्पष्टरूपमा लेखिएको देखिँदैन । त्यसैगरी जिल्ला प्रशासन कार्यालय प्युठानबाट पनि यो यति आधार कारणबाट अनुसन्धान सन्तोषजनक रहेकोले अब यो यो अनुसन्धान कार्यका लागि म्याद थप गरिएको हो भन्ने आधार कारण उल्लेख गरी म्यादथप गरिएको भन्ने कुरा विपक्षी जिल्ला प्रशासन कार्यालय प्युठान, जिल्ला प्रहरी कार्यालय रोल्पा र जिल्ला प्रहरी कार्यालय प्युठानसमेतको लिखित जवाफ तथा सो संलग्न कागजातहरूबाट नदेखिने। अतः वस्तुनिष्ठ आधार र कारण विना निवेदक लालबहादुर वलीलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने काम कानूनसम्मत नभई गैरकानूनीरूपमा थुनामा राखेको देखिन आएकोले निवेदकको माग अनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।" भनी आदेश भएको र रिट निवेदक लालबहादुर वलीलाई अन्तिम पटक मिति २०७६।४।२६ गते रिट नं. ०७६-WH-०००९ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा समेत बन्दिप्रत्यक्षीकरणको आदेश जारी भएपश्चात् सोही साँझ पक्राउ गरी राताराात जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा राखिएको छ । मिसिल संलग्न कागजात हेर्दा सार्वजनिक हकहित, स्वास्थ्य सुरक्षा र नैतिकताको विरूद्धको अनुसन्धानको लागि पक्राउ गरी थुनामा राखिएको भनिए तापनि निवेदक वारदातमा संलग्न रहेको कुनै तथ्य र प्रमाणबाट खुल्न आएको देखिँदैन। राजनीतिक समूहसँग आबद्ध भएको मानी आशंकाको आधारमा पटक-पटक थुनामा राखेको मिति २०७६।२।२४ मा (०७५-WH-०१६९) मा, मिति २०७६।४।१० मा (०७५-WH-०२१६) मा समेत बन्दीप्रत्यक्षीकरण आदेश जारी भएकोमा पुनः रिट निवेदकलाई बन्दी बनाइएको मनासिब नदेखिने।

निवेदकलाई अभद्र व्यवहारको आरोपमा पक्राउ गर्दा जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्ने अवस्था र आधार देखिँदैन। निवेदकलाई हिरासतमा राख्नु पर्ने पर्याप्त र मनासिब तथ्यगत आधार देखिँदैन । अभद्र व्यवहार गरेकोमा तारेखमा राखेर पनि अनुसन्धान गर्न सकिने अवस्था भए तापनि केवल राजनीतिक आबद्धताका आधारमा प्रवृत्त भावना राखी पक्राउ गरेको देखिएकोले निवेदकलाई सर्वोच्च अदालत रजिस्ट्रारको रोहमा थुनामुक्त गरिदिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल भाद्र ६ गते रोज ६ शुभम्।

## इजलास नं. १३

**१**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०८५८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. मनमाया दाहाल चौधरीसमेत*

पुनरावेदक / प्रतिवादी मनमाया दहाल चौधरीले हिमशिखर ओभरसिजको का.मु. निर्देशकको हैसियतले जाहेरवालाहरूलाई विभिन्न मुलुकमा वैदेशिक रोजगारमा पठाइदिने झुट्टा आश्वासन तथा प्रलोभन दिई निजहरूबाट रकम लिएको तर निजहरूलाई रोजगारमा नपठाई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिन आएकोले निजलाई अभियोग दाबीअनुसारको सजाय गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिन आउने।

प्रत्यर्थी / प्रतिवादी हरि दियाली हिम शिखर ओभरसिजको मेनेजिङ डाइरेक्टर रहेको र प्रत्यर्थी / प्रतिवादी सन्तोष भण्डारी सो ओभरसिजको एजेन्ट तथा कर्मचारी भनी अभियोग लगाएको देखिन्छ। निजहरू सो ओभरसिजको मेनेजिङ डाइरेक्टर, कर्मचारी तथा एजेन्ट रहे भएको पुष्टि हुने कागज प्रमाणको मिसिलमा अभाव रहेको छ। जाहेरी दरखास्तमा पनि यी पुनरावेदक / प्रतिवादीहरू २ जनाले यो यति पैसा यसरी लिएको भनी भन्न सकेको र निजहरूउपर किटानी जाहेरी दिएको पनि पाइँदैन । त्यस्तै यी पुनरावेदक / प्रतिवादीहरूले जाहेरवालाहरूलाई विदेश पठाइदिन्छु भन्ने आश्वासन दिएको र निजहरूबाट पैसा बुझी लिएको देखिने कुनै प्रमाण वादी पक्षबाट पेस हुन आएको पनि देखिएको छैन । प्रतिवादीहरूउपरको कसुर प्रमाणित हुने गरी वादी पक्षले प्रमाण पेस गरेको अवस्थामा मात्र प्रतिवादीलाई कसुरदार ठहऱ्याउन मिल्छ । कसुर प्रमाणित हुने कुरामा वादीले पेस गरेका प्रमाणहरूमा थोरै मात्र शंका देखिन आएमा शंकाको भरमा कुनै पनि व्यक्तिलाई कसुरदार ठहर गर्न मिल्दैन । शंकाको सुविधा अभियुक्तको पक्षमा रहन्छ। यो यति कारणले यी प्रत्यर्थी / प्रतिवादीहरू हरि दियाली र सन्तोष भण्डारी कसुरदार हुन् भन्न सक्ने गरी वादी पक्षबाट प्रमाण पेस हुन नसकेको अवस्थामा केवल शंकाको भरमा अभियोग लगाएकै आधारमा यी प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याई सजाय गर्न मिल्ने देखिन आएन। त्यसैले निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिन आउने।

कारोबार गरेको वा रकम लिए दिएको भन्ने तथ्य मौखिक भनाइका आधारमा मात्र पुष्टि भएको मान्न मिल्दैन। यसको लागि लिखित प्रमाणको अपरिहार्यता हुन जान्छ। त्यसकारण जाहेरवाला दिपक घिसिङले रकम बुझाएको कुनै प्रमाण मिसिलमा रहेभएको नदेखिएको अवस्थामा निजबाट समेत प्रतिवादीहरूले रकम लिएको भन्ने तथ्य पुष्टि हुन आएन । यसरी रकम लिएको पुष्टि हुन नसकेको अवस्थामा केबल जाहेरी दिएको र अभियोग पत्रमा निजबाट समेत रकम लिएको भनी उल्लेख भएकै आधारमा निज दिपक घिसिङलाई बिगो र सोको हर्जाना भरिभराउ गर्न मिल्ने देखिएन । तसर्थ निज दिपककुमारको हकमा वादी दाबीअनुसारको बिगोसमेतको रकम प्रतिवादीहरूबाट भरिभराउ गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला पनि मनासिब नै देखिन आउने।

अतः माथि विवेचित आधार र प्रमाणहरूबाट यी पुनरावेदक / प्रतिवादी मनमाया दहाल चौधरीले अभियोग दाबीअनुसारको कसुर गरेकोले निजलाई २ (दुई) वर्ष कैद र रू.२,००,०००।- जरिवाना हुने र दिपक घिसिङबाहेकका जाहेरवालाहरूले अभियोग दाबीबमोजिमको बिगो र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत यी पुनरावेदक / प्रतिवादी मनमाया

दाहाल चौधरी र प्रतिवादी शेरबहादुर बस्नेतबाट दामासाहीका दरले भराई लिन पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१/०१/१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

**२**

**मा.न्या.श्री तेजबहादुर केसी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-१४०६, लागु औषध डाइजेपामसमेत, *नेपाल सरकार वि. अमोल कोइराला*

प्रत्यर्थी / प्रतिवादी लागु औषध सेवनकर्ता भएको र निजले सेवन गर्नलाई लागु औषध बोकी हिँडेको भन्ने तथ्य मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि भइरहेको भए पनि निजले उक्त लागु औषध बिक्री वितरण गर्नलाई नै ओसार पसार गर्न लागेको भन्ने तथ्य कहीँकतैबाट समर्थित भएको देखिन आएन। बरामद भएको लागु औषधको किसिम र मात्रा हेर्दा विभिन्न प्रकारको लागु औषध भिन्न भिन्न परिणाममा रहेभएको देखिन आउँछ। सबैलाई एकमुष्ट गर्दा ६४ एम्पुल बरामद भएको देखिए पनि छुट्टाछुट्टै किसिमको लागु औषधको परिणामलाई हेर्दा भने सामान्य नै देखिन आउँछ। बिक्री गर्नलाई नै ओसार पसार गरेको भए एउटै किसिमको लागु औषध नै धेरै मात्रामा हुनुपर्ने थियो। दुर्व्यसनीले सेवन गर्ने प्रयोजनका लागि केही मात्रामा लागु औषध साथमा राख्नुलाई नै बिक्री वितरणसमेतका लागि राखेको र ओसार पसार गरेको भनी मान्न नमिल्ने। प्रत्यर्थी / प्रतिवादी सेवनकर्ता रहेको र निजले सेवन गर्ने प्रयोजनका लागि उक्त लागु औषध बोकेको भन्ने तथ्य स्वयं प्रतिवादीको भनाइ, बरामदी मुचुल्का र निज सुधार केन्द्रमा समेत बसेको भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट खुल्न आएको देखिन्छ। निजले ब्रिकी वितरण गर्नसमेत ओसार पसार गर्न लागेको भन्ने तथ्य कहीँकतैबाट पुष्टि भइरहेको देखिँदैन। त्यसैले निज प्रत्यर्थी / प्रतिवादीलाई सेवनका साथसाथै बिक्री वितरणका लागि ओसार पसार गरेकोसमेतको कसुरमा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ सेवनतर्फ मात्र सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने।

अत: माथि विवेचित आधार र कारणहरूबाट यी प्रत्यर्थी / प्रतिवादी अमोल कोइरालाले सेवनका लागि मात्र लागु औषध बोकी ल्याएको भन्ने प्रमाणबाट पुष्टि भएको देखिई बिक्री वितरण गर्ने उद्देश्यले लागु पदार्थ ओसार पसार गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेकोले निज प्रतिवादीलाई अभियोग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम सेवनतर्फ रू.१,०००।- जरिवाना १ महिना कैद र बिक्री वितरणका लागि ओसार पसार गरेतर्फ ऐ.१४(१)(झ) बमोजिम दुई वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७१/०२/१३ मा भएको फैसलालाई लागु औषध ओसार पसारतर्फ सजाय गरेको र सेवनतर्फको सजाय निर्धारण गर्दा कसुरको मात्रा र प्रकृतिसमेतलाई विचार नगरी १ महिना कैद र रू.१,०००।- मात्र सजाय गर्ने गरेको हदसम्म मिलेको नदेखिएकोले सो फैसला केही उल्टी गरी निज प्रत्यर्थी / प्रतिवादी अमोल कोइरालालाई लागु औषधको ओसार पसार तथा बिक्री वितरणतर्फ सजाय नहुने र लागु औषधको सेवनतर्फ मात्र ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम हुन सक्ने अधिकतम कैद सजाय कैद महिना २ तथा जरिवाना रू.२,०००।- हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/११/०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल मार्ग १० गते रोज १ शुभम्।